
# बाइबललाई कसरी अध्ययन गर्ने



How to Study the Bible
CL 2220
Nepali

# बाइबललाई
# कसरी
# अध्ययन गर्ने

**(How to Study the Bible)**

लेखकः थोमस माफोरी

अनुवादकः बाल कृष्ण शर्मा

---

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल।

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९७ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति २०००

**How to Study the Bible**
First Edition, 1997

**Published by**
**ICI University**
**P.O. Box 4245**
**Kathmandu, Nepal**

# विषय सूची


| पाठ | | पृष्ठ |
|---|---|---|
| | आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं | ५ |
| १. | बाइबल अध्ययन गर्नुपर्ने कारणहरू | १० |
| २. | बाइबलको बारेमा आधारभूत सूचना | २६ |
| ३. | साहित्यको रूपमा बाइबल | ४४ |
| ४. | बाइबल अध्ययनको निम्ति तयारी | ६४ |
| ५. | हरेक पुस्तकको अध्ययन | ८४ |
| ६. | विषयगत अध्ययन | ९८ |
| ७. | चारित्रिक अध्ययन | ११६ |
| ८. | भक्तिगत अध्ययन | १३२ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

### तपाईंको अध्ययन सहायक लेखकबाट

बाइबल, जुनचाहिँ परमेश्वरको वचन हो यसले प्रत्येक व्यक्तिको निम्ति परमेश्वरको योजना प्रकट गरिदिन्छ। यो योजनाचाहिँ हाम्रो उद्धार वा मुक्तिको लागि हो र येशू ख्रीष्टलाई हाम्रा व्यक्तिगत मुक्तिदाताका रूपमा ग्रहण गरेपछि यो हुन्छ। हामीले यसो गर्ने बित्तिकै मुक्ति पाएका हुन्छौं।

हाम्रो जीवनको निम्ति परमेश्वरको योजना पछ्याउनका लागि हामीले एकपल्ट छानिसकेपछि, ख्रीष्टको स्वरूपमा हाम्रा जीवन र चरित्रहरूलाई निर्माण गर्नका लागि मात्र हामी जिम्मेवारी छैनौं तर हामीले अरूहरूसँग पनि ख्रीष्टको प्रेमलाई बाँड्नुपर्छ र यसरी तिनीहरूका जीवन पनि परिवर्तन हुनसक्नेछन्। हामीले बाइबल अध्ययन गर्दा हामीलाई परमेश्वर प्रकट गराउनुहुने पवित्र आत्मालाई हामीले प्रतिउत्तर दिंदा हामीले हाम्रा जिम्मेवारी पूरा गर्नसक्छौं।

परमेश्वरको वचनको अध्ययनले हाम्रो पूर्ण ध्यानको माग गर्छ। पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ, तर हामीले आफैलाई पनि प्रयोग गर्नैपर्छ। बाइबलका गहिरा अर्थहरू बुझ्नका लागि हामीले ध्यानपूर्वक यसको अध्ययन गर्नुपर्छ।

यस पाठ्यपुस्तकले बाइबलको बारेमा आधारभूत वास्तविकतालाई प्रस्तुत गरी तपाईंको अध्ययन संगठन गर्नका लागि केही तरीकाहरू तपाईंलाई दिनेछ। कार्य योजना नबनाइकन नै घर निर्माण गर्न, लुगा सिउन, वा स्कूल, कलेजबाट सफल हुन धेरै कठिन पर्छ। तर कार्य योजनाले कामलाई आनन्दित र

फलदायक बनाउँछ। तपाईं आफैलाई सिकाउने आधुनिक तरीकाले सिद्धान्तहरूलाई सजिलैसँग सिक्न र तुरुन्तै तिनीहरूलाई व्यवहारमा लगाउनको निम्ति तपाईंलाई सहायता पुऱ्याउँछ।

**तपाईंको अध्ययन सहायक**

बाइबललाई कसरी अध्ययन गर्ने भनिने यो पुस्तक पकेट साइजको भएको हुनाले तपाईं जहाँ जानुहुँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्याउनुहोस्।

प्रत्येक पाठको शुरूमा नै मुख्य उद्देश्यहरू दिइएका छन्। उद्देश्य शब्दले पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक उद्देश्य कुनै लक्ष्य हो र तपाईंले यी उद्देश्यहरूलाई आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मन-लाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र तपाईंको अभ्यासको निम्ति भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोऱ्याउँदा तपाईं यसलाई फेरि हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न

उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

**ठीक उत्तर** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलमा कतिओटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा पुस्तकहरू हो।* यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख** को वरिपरि घेरा लगाउनुहोस्।

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्)।

**ठीक-बेठीक** प्रश्नले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन **ठीक** हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

**२** तल दिइएका कुन-कुन बयानहरू ठीक छन्?

**क.** बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।
**ख.** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।
**ग.** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।
**घ.** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख** र **घ** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

**जोड़ा मिलाउने** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

**जोड़ा मिलाउने प्रश्नको उदाहरण**

**३** प्रत्येक बयानको अगाडि अगुवाले गरेको कामको वर्णन उसको संख्या लेख्नुहोस्।

| | |
|---|---|
| ....**क.** सिनै पर्वतमा व्यवस्था पाएको | १) मोशा |
| ....**ख.** इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २) यहोशू |
| ....**ग.** यरियो शहरको वरिपरि घुमेको | |
| ....**घ.** फारो राजाको दरबारमा बसेको। | |

**क.** र **घ.** मा दिइएको बयान *मोशाको* जीवनीसँग र **ख** र **ग.**-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै

तपाईंले १. संख्या **क** र **घ**-को पछाड़ि र २. संख्या **ख** र **ग**-को पछाड़ि लेख्न सक्नुहुन्छ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई. सी. आई. कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पाठाइनेछ।

## लेखकको बारेमा

थोमस माफोरी एक अफ्रिकी पास्टर हुन् जसले आफ्नै क्षेत्रमा अध्ययन गर्न र काम गर्न रोज्नुभएको थियो। उहाँले दक्षिण अफ्रिकाको रस्टेनवर्गमा भएको अफ्रिकी बाइबल कलेजमा तीन वर्ष अध्ययन गर्नुभयो र अझै पनि आई. सी.आई.कार्यक्रम अन्तरगत अध्ययन गर्दैहुनुहुन्छ।

शिक्षा दिनु र पास्टरको काम गर्नुका साथसाथै आफ्नो समुदायमा पनि उहाँले ठूलो चाख देखाउनुभएको छ र दुइ वर्षसम्म उहाँले स्कूल समितिको सचिवको रूपमा काम गर्नुभयो। उहाँ र उहाँकी पत्नी मत्सेडिसोका दुइ सन्तानहरू छन्।

अब तपाईं पहिलो पाठ शुरु गर्न तयार हुनुभएको छ। तपाईंले अध्ययन गर्नुहुँदा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।

# पाठ १

# बाइबल अध्ययन गर्नुपर्ने कारणहरू

बाइबलले हामीलाई बताउँछः

> बुद्धिका कुराहरू सुन्ने गरिस् र तेरो हृदयलाई समझशक्तितिर लगाइस् भने, अन्तर्दृष्टिको लागि पुकारा गरिस् र समझशक्ति पाउनलाई चर्को सोरले पुकारिस् भने, यदि तैंले चाँदीझैं त्यसलाई खोजिस् र गाड़धनझैं त्यो खनिस् भने, तैंले परमप्रभुको भए बुझ्नेछस् र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस् (हितोपदेश २:२-५)।

तपाईंको अन्नवालीको निम्ति वर्षा वा तपाईंका पशुहरू र तपाईं आफ्नै निम्ति पानी नभएको समयलाई तपाईंले अनुभव गर्नुभएको होला। तपाईंले जमीनमा गहिरो गरी खनी भित्रको मूललाई भेट्टाउनुभयो होला। पानीजस्तो महत्त्वपूर्ण कुरा भेट्टाउनको निम्ति तपाईंले धेरै मेहनत गर्नुहुन्छ।

परमेश्वरको बुद्धि र ज्ञान प्राप्त गर्नको निम्ति जब तपाईं परमेश्वरको वचन अध्ययन गर्नुहुन्छ, तपाईंले कड़ा मेहनत गर्नुपर्छ, पानीलाई खोजेझैं वचनमा गहिरिनुपर्छ। बाइबल अध्ययनमा तपाईंले काम गर्नुहुँदा तपाईंले जीवन दिने पानी भेट्टाउनुहुनेछ। हाम्रा जीवनमा ख्रीष्टको आवश्यकता छ भनी



नमूनित गर्नुहुँदा हाम्रो शारीरिक जीवनको निम्ति चाहिने पानीलाई येशूले प्रयोग गर्नुभयो। येशूले भन्नुभयोः

तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ (यूहन्ना ४:१४)।

जीवित पानी पिउने यो अनुभव प्राप्त गर्नका लागि एक व्यक्तिले दिन दिनै बाइबल अध्ययन गरिरहनुपर्छ। हामीले किन बाइबल अध्ययन गर्नुपर्छ भन्ने बारे यस पाठले हामीलाई बताउँछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

परमेश्वरको इच्छा
हाम्रा आवश्यकताहरू
हाम्रो प्रवृत्ति

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- बाइबल अध्ययन किन आवश्यक छ सो व्याख्या गर्न
- बाइबल अध्ययनले हाम्रा आवश्यकताहरूलाई कसरी पूरा गर्छ सो बताउन

- तपाईंको बाइबल अध्ययनलाई ठीक प्रवृत्तिसाथ प्रयोग गर्न

---

**परमेश्वरको इच्छा**

---

उद्देश्य १ : *ख्रीष्टियानको निम्ति बाइबल अध्ययन किन महत्त्वपूर्ण छ सो जान्नु।*

यदि तपाईं कसैलाई प्रेम गर्नुहुन्छ भने, तपाईं उनीसँग हुन चाहनुहुन्छ। उनको बारेमा तपाईं सबै कुरा जान्न चाहनुहुन्छ। तपाईं उनका विचारहरू बुझ्न र उनका भावनाहरू बाँड्न चाहनुहुन्छ। तपाईं उनलाई खुशी पार्न चाहनुहुन्छ। नजीकको सम्बन्धद्वारा त्यस व्यक्तिप्रतिको तपाईंको प्रेम वृद्धि हुँदा, तपाईं अझै पूर्ण, अझै तृप्त, र अझै उत्पादनशील बन्नुहुन्छ।

हाम्रो निम्ति भएको परमेश्वरको इच्छा यही नै हो कि हामीले सबैभन्दा बढ़ी उहाँलाई नै प्रेम गर्नुपर्छ। जब हामी साँच्चै परमेश्वरलाई प्रेम गर्छौं, तब उहाँलाई चिन्नको लागि समय बिताउन हामी चाहन्छौं। परमेश्वरको वचन पढ़ेर र अध्ययन गरेर हामी यसो गर्नसक्छौं। तब हाम्रो प्रेम वृद्धि हुन्छ।

परमेश्वरसँगको हाम्रो सम्बन्ध उहाँका आज्ञाहरूप्रति भएको हाम्रो आज्ञाकारितामा भर पर्छ। उहाँका आज्ञाहरू के के हुन् भनी जानेपछि मात्र हामी उहाँप्रति आज्ञाकारी हुनसक्छौं। हाम्रो काममा हामीले पूर्ण ध्यान दिनुपर्छ भनी बाइबलले हामीलाई सिकाउँछ र यसरी हामीले परमेश्वरको वचन बुझ्न सक्छौं र अरूहरूलाई पनि सिकाउन सक्छौं (२ तिमोथी २:१५)। परमेश्वरको वचन जान्नुपर्ने महत्त्वपूर्णतालाई येशूले उल्लेख गर्नुभएको छ। उहाँले भन्नुभयो, "मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ"

(मत्ती ४:४)। परमेश्वरको वचनको अर्थ खोज्नका लागि हामीले हाम्रा मनहरूलाई प्रयोग गर्दा, हामीले परमेश्वरको महान् आज्ञाको अंशलाई पूरा गरेका हुन्छौं: "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र *आफ्नो सारा प्राणले*, र आफ्नो सारा समभ्कले प्रेम गर्नू" (मत्ती २२:३७)। अर्को प्रकारले भन्ने हो भने, परमेश्वरको इच्छा पूरा गर्नको लागि, हामीले उहाँको वचन अध्ययन गर्नैपर्छ। यसरी हामी उहाँका आज्ञाहरू सिक्न सक्छौं र उहाँलाई अझ धेरै प्रेम गर्न सक्छौं।

भजनसंग्रह ११९ मा राजा दाऊदले परमेश्वरको *व्यवस्था* सिक्ने बारेमा लेखेका छन्। यस भजनमा व्यवस्था शब्दको अर्थ बाइबलमा दिइएका सल्लाह र आज्ञाहरू नै हुन्। सिक्ने र आज्ञा पालन गर्ने कुरा सँगसँगै जान्छ भनी दाऊदले यस विचारलाई घरीघरी दोहोऱ्याएका छन्। उनले भनेका छन्, "तब तपाईंका सबै आज्ञाहरूमाथि मनन् गरेर म शर्ममा पर्नेथिइनँ" (६ पद)। परमेश्वरको वचनको अर्थ जान्नका लागि आज्ञाकारिताले समभ्क र बुद्धि उत्पादन गर्छ। तब हामी यसलाई हाम्रो जीवनमा प्रयोग गर्न सक्छौं र अरूहरूलाई यो सिकाउन सक्छौं।




**परमेश्वरसँग हाम्रा सम्बन्धहरू**

१ पत्रुस २:२ मा हामीलाई भनिएको छ, "नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ।" हामीले बाइबल अध्ययन गर्दा यो हामीभित्र प्रवेश गर्छ जुन कुरा कलस्सी ३:१६ ले पनि बताउँछः "ख्रीष्टको वचन तिमीहरूमा प्रशस्तसँग वास गरोस्।" हामीलाई बल दिनका लागि जसरी हाम्रा शरीरभित्र खानेकुरा जानुपर्छ, हामीलाई आत्मिक वृद्धि गराउनका लागि पनि हाम्रा आत्माहरूभित्र परमेश्वरको वचन जानुपर्छ। वचनको पोषिलो खुराकले जब हामी हाम्रा आत्माहरूलाई खुवाउँछौं तब हामी आत्मिक रूपमा वृद्धि हुन्छौं।

हामीले पवित्र आत्मासँग सहायता माग्यौं भने परमेश्वरको वचन अध्ययन गर्न सजिलो हुन्छ। हामीले परमेश्वरको वचन अध्ययन गरेको परमेश्वर चाहनुहुन्छ। यसैले हामीलाई सिकाउनका लागि उहाँले हामीलाई पवित्र आत्मा दिनुभएको छ। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयोः जब उहाँ अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ (यूहन्ना १६:१३)।

**तपाईंको अभ्यासको निम्ति**

*तपाईंको अभ्यासको निम्ति* भनिने यी प्रत्येक खण्डमा भएका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले अध्ययन गरेका कुरालाई दोहोऱ्याउन वा प्रयोग गर्न सहायता पुऱ्याउँछन्। तपाईंको आफ्नो उत्तर नदिएसम्म दिइएका उत्तरहरूलाई हेर्ने कोशिश नगर्नुहोस्।

यी अभ्यासहरूमा ठीक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

१ तपाईंको निम्ति परमेश्वरको इच्छा के हो?

**क**) प्रेममा स्थापित भएको सम्बन्ध उहाँसँग राख्नु।
**ख**) सधैं धार्मिक हुनु।
**ग**) बाइबलको बनावटको बारेमा ज्ञान हासिल गर्नु।

२ बाइबलको अध्ययन तपाईंको निम्ति किन आवश्यक छ?

**क**) ख्रीष्टियान हुनका लागि।
**ख**) परमेश्वरको इच्छा जान्नका लागि।
**ग**) आफ्नो भलाइ प्रमाणित गर्नका लागि।

३ परमेश्वरको इच्छाको आज्ञा पालन गर्ने कुरा केमा भर पर्छ?

**क**) तपाईंले उद्धार पाउनुहुँदा दिने प्रतिउत्तरमा।
**ख**) परमेश्वरले तपाईंलाई दिनुभएका आज्ञाहरू सिक्ने काममा।
**ग**) परमेश्वरका आज्ञा भङ्ग गरेमा उहाँले तपाईंलाई दण्ड दिनुहुन्छ भनी तपाईंले थाहा पाउनुहुँदा।

४ बाइबल अध्ययन गर्ने कामलाई उत्तम किसिमले तपाईं कसरी पूरा गर्न सक्नुहुन्छ?

**क**) तपाईंलाई सहायता गर्नका लागि मित्रहरूसँग विन्ती गरेर।
**ख**) यसमा धेरै समय बिताएर।
**ग**) तपाईंलाई सिकाउनका लागि पवित्र आत्मालाई अनुमति दिएर।

यस पाठको अन्तिम पृष्ठमा यी अभ्यासहरूका उत्तर तपाईंले भेट्टाउनुहुनेछ। अब तपाईंले दिनुभएका यी अभ्यासहरूका उत्तरलाई जाँच्नुहोस्।

## हाम्रा आवश्यकताहरू

उद्देश्य २: *परमेश्वरको वचनको अध्ययनद्वारा हाम्रा आवश्यकताहरू कसरी पूरा हुन्छन् सो जान्नुहोस्।*

परमेश्वरले हामीलाई बनाउनुभयो। उहाँले हाम्रो बारेमा सरोकार राख्नुहुन्छ। हाम्रा आवश्यकताहरूका बारेमा हामीलाईभन्दा बढ़ी उहाँलाई थाहा छ।

मुख्य निर्माणकर्तालाई आफ्नो उत्पादनको बारेमा अरूलाई भन्दा धेरै थाहा हुन्छ। यदि उत्पादन भएको कुराले काम गरेन भने मर्मत गर्नका लागि बनाउने व्यक्तिकहाँ नै यसलाई लगिन्छ। उसले यसलाई फेरि काम गर्ने बनाउँछ।

हाम्रो जीवन भाँचिएको छ। हामी तीतो वा निराश भएका छौं। हाम्रा खराब बानीहरू छन्। परमेश्वरलाई हामीले जसरी पछ्याउनु पर्ने हो त्यसोगरी हामीले उहाँलाई पछ्याउन सकेका छैनौं। हामीलाई मर्मत गर्न आवश्यक छ– शिक्षा, सुधार र पुनर्निर्माण। मर्मत गर्नसक्ने खुबी परमेश्वरको वचनसँग मात्र छ। २तिमोथी ३:१६, १७ मा हामी यसरी पढ्छौं।

> सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।

हामीले हाम्रा मुक्तिदाताका रूपमा ख्रीष्टलाई ग्रहण गरेपछि परमेश्वरले हाम्रो जीवनलाई मर्मत गर्न शुरू गर्नुहुन्छ। उहाँले हामीलाई पापबाट शुद्ध पार्नुहुन्छ र हामीलाई नयाँ शुरूवात् दिनुहुन्छ। येशूजस्तो कसरी बन्न सकिन्छ भनी उहाँले हामीलाई अर्ती दिनुहुन्छ। बाइबलका शिक्षाले हाम्रो वृद्धिमा हामीलाई अगुवाइ गर्छन्। हाम्रो दैनिक जीवनमा हाम्रो निम्ति भएको परमेश्वरको इच्छालाई तिनीहरूले वर्णन गर्छन्।

परमेश्वरको वचनले मर्मत गर्ने काम गर्दा यसले हाम्रो जीवनमा धेरै आवश्यकताहरूलाई पूरा गर्छ। हाम्रो उद्धारको बारेको सत्यता जान्न यसले हामीलाई सहायता गर्छ। ख्रीष्टमा भएको हाम्रो सम्पत्तिको सम्बन्धमा यसले हामीलाई सिकाउँछ। ख्रीष्टद्वारा यसले हामीलाई बल र शक्ति प्रदान गर्छ। पवित्र आत्मामा कसरी भरिनुपर्छ भनी यसले छलफल गर्छ। परमेश्वरबाट आउने आनन्द र शान्तिलाई यसले जुटाइदिन्छ। पवित्र जीवन जिउनका निम्ति यसले हामीलाई अगुवाइ दिन्छ। हिब्रू ४:१२ ले हामीलाई बताउँछः

> किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।

हाम्रा इच्छाहरू कहिले परमेश्वरका इच्छाका विरुद्धमा हुन्छन् भनी परमेश्वरको वचनले हामीलाई देखाउँछ। हाम्रा विचारहरू उहाँकाजस्ता विचारहरू बनाउनका लागि यसले सहायता गर्छ। शारीरिक जीवनका निम्ति जोर्नी-जोर्नी र हाडको गुदी मुख्य भएझैं हाम्रो आत्मिक जीवनको निम्ति हाम्रा इच्छाहरू र विचारहरू मुख्य हुन्छन्।

जति धेरै हामी बाइबल पढ्ने, अध्ययन गर्ने र पवित्र आत्माले हामीलाई सिकाउनुभएको कुरा सुन्छौं, त्यति नै हामी परमेश्वरको इच्छालाई जानेर त्यसलाई पूरा गर्न सक्छौं। जीवनमा हाम्रो उद्देश्य छ र ठीक कुरा छान्नका लागि हामीलाई बुद्धि दिइएको छ। बाइबलले परमेश्वरको वचनको छलफल गर्छः

तपाईंको वचनको व्याख्याले *ज्योति* प्रदान गर्छ, त्यसले सीधासादा मानिसलाई समझशक्ति दिन्छ (भजनसंग्रह ११९:१३०)। *ज्योतिले* हाम्रो दैनिक जीवनमा हामीलाई अगुवाइ गर्छ। ख्रीष्टको पुनर्आगमन र स्वर्गमा हाम्रो अनन्त जीवनको बारेमा यसले हामीलाई ज्ञान दिन्छ।

परमेश्वरको वचनको *ज्योतिले* हामीलाई ख्रीष्टको स्वरूपमा परिवर्तन गर्छ। हामीले अध्ययन गर्दै जाँदा, हामीले पुरानो स्वभाव त्यसका चलनसमेत त्यागेर नयाँ स्वभाव धारण गरेका हुन्छौं (कल ३:९,१०)। तब ख्रीष्टको स्वरूप हामीद्वारा यस नाश भइरहेको संसारमा चम्कन्छ जसलाई ख्रीष्टको खाँचो छ।

जब हामी साँच्चै परमेश्वरलाई चिन्छौं, हाम्रो आत्मा उहाँको आत्मासँग मिल्छ जोचाहिँ जीवनका स्रोत हुनुहुन्छ। यसरी हाम्रो सबैभन्दा ठूलो खाँचो पूरा हुन्छ– जुनचाहिँ जीवनको निम्ति नै भएको खाँचो हो।

### तपाईंको अभ्यासको निम्ति

**५** तल दिइएका प्रश्नहरूको ठीक उत्तरको अगाडिको अक्षरको वरिपरि घेरा लगाउनुहोस्। हाम्रा आवश्यकताहरू पूरा गर्नसक्ने उत्तम व्यक्ति को हो?

**क**) हामी आफै।

ख) हाम्रा आमा-बाबु।
ग) परमेश्वर।

६ ठीक शब्द राखी खाली ठाउँ भर्नुहोस्।
परमेश्वरको वचन . . . . . . जस्तो हो किनकि यसले हामीलाई अगुवाइ गर्छ र हामीमा जीवन ल्याउँछ।

७ ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः
बाइबलले हामीलाई सिकाउँछ कि
क) हामीले कसरी विशेष अनुग्रह कमाउन सक्छौं।
ख) हामीले व्यक्तिगतरूपमा कसरी परमेश्वरको इच्छा प्राप्त गर्न सक्छौं।
ग) हामीले संसारका मुख्य धर्महरू कसरी सिक्न सक्छौं।

८ ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः
परमेश्वरको वचनले हाम्रो खाँचो कसरी पूरा गर्न सक्छ?
क) सत्यता सिकाएर।
ख) हामीलाई दोषी ठहऱ्याएर।
ग) हाम्रा भूलहरूलाई सुधार गरेर।
घ) ठीक जीवनको निम्ति निर्देशनहरू दिएर।

## हाम्रो प्रवृत्ति

उद्देश्य ३: *बाइबल अध्ययनका नतीजाहरूलाई प्रभाव पार्ने प्रवृत्तिहरूलाई वर्णन गर्ने बयानहरूलाई छान्नुहोस्।*

बाइबलचाहिँ अरू सबै पुस्तकहरूभन्दा फरक छ। आफ्नो परिवारबाट आएको पत्रलाई तपाईंले बाहिरको व्यक्तिलेभन्दा

स्पष्टसँग बुझेझैं, साँचो ख्रीष्टियानहरूले पनि परमेश्वरको वचनलाई स्पष्टसँग बुझ्नसक्छन्। उद्धारद्वारा हामी नयाँ गरी जन्मँदा परमेश्वरका सन्तान बनेपछि यो सम्भव छ। १ कोरिन्थी २:६-१६ ले हामीलाई बताएझैं हामीसँग उहाँका आत्मा हुनुहुन्छ।




**बाइबल परमेश्वरबाटको पत्रजस्तै हो।**

परमेश्वरको परिवारमा जन्मनुचाहिँ शुरूमात्र हो। हामीले परमेश्वरको वचन लिंदा उहाँका सत्यताहरूका निम्ति अझै हामी भोकाउँछौ। खानका लागि दिनहुँ आफ्ना आमा-बाबुकहाँ आउने जवान छोराछोरीझैं, हामी पनि हाम्रा आत्मिक भोक तृप्त पार्नका लागि परमेश्वरमा आउनैपर्छ (१ पत्रुस २:२ हेर्नुहोस्)।

अनि आज्ञाकारिताको प्रवृत्ति लिएर नै हामी परमेश्वरको वचनको नजीक जानुपर्छ। *आज्ञाकारी* बालकले नै आफ्ना आमा-बाबुबाट प्रेम र सम्पत्ति प्राप्त गर्छ। उसले आफ्ना आमा-बाबुको आज्ञा सुन्छ। कोरिन्थको मण्डलीको आज्ञाकारिताको बारेमा प्रेरित पावलले सरोकार राखेका थिए र तिनीहरूलाई

सल्लाह दिनका लागि उनले पत्र लेखे (१ कोरिन्थी)। उनले बताए कि तिनीहरूको वादविवाद र खराब प्रवृत्तिको कारण, तिनीहरू आत्मिक रूपमा वृद्धि हुन सकेका थिएनन्। उनले भनेः

> तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर सांसारिक मानिस, ख्रीष्टमा दूधे बालकसँग बोलेजस्तै म बोल्न सकें। मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो पदार्थ होइन, किनकि तिमीहरू त्यसको निम्ति तयार थिएनौ, अनि अझ पनि छैनौ। तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बीचमा डाह र कलह छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र? (१ कोरिन्थी ३:१-३)।

हाम्रो प्रवृत्तिमा *अनुशासन* संलग्न भएकै हुनुपर्छ। सिक्नका लागि हामीले वास्तविक प्रयास नगरुञ्जेल परमेश्वरले हामीलाई कुराहरू प्रकट गरिदिने आशा हामी गर्न सक्तैनौं। बाइबलले हामीलाई बताउँछ, "*माग* त तिमीहरूलाई दिइनेछ, *खोज* त तिमीहरूले भेट्टाउनेछौ, *ढकढक्याओ* त तिमीहरूका निम्ति उघारिनेछ" (मत्ती ७:७)। यसको अर्थ हामीले ध्यानपूर्वक अध्ययनमा समय बिताउनु आवश्यक छ।

अब, हाम्रो जीवन परिवर्तनका लागि गरिने अध्ययनमा हामी सिकाउन सकिने किसिमका हुनुपर्छ। हाम्रा स्वर्गीक पिताका निर्देशनहरू प्राप्त गर्न हामी इच्छुक हुनैपर्छ । प्रायःजसो हामी आफ्नै किसिमले जीवन जिउने कोशिश गर्छौं। राजा दाऊद र अगमवक्ता यशैयाले सिक्नका लागि आवश्यकता र इच्छाको चाहना परमेश्वरमा राखेका थिए।

> तपाईंका नियमहरूबाट म तर्केको छैनँ, किनकि तपाईंले नै मलाई सिकाउनुभएको छ। तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढ़ी

> मीठा छन् (भजनसंग्रह ११९:१०२,१०३)।
> "थाकेकोलाई वचनले कसरी बल दिनुपर्ने हो सो जान्न सकूँ भनेर परमप्रभुले मलाई सिक्नेहरूको बोली दिनुभएको छ। उहाँले मलाई *बिहानैपिच्छे जगाउनुहुन्छ। सिक्नेहरूलाई झैं सुन्न उहाँले मेरो कान खोलिदिनुहुन्छ"* (यशैया ५०:४)।

हामी सिकाउन सकिने भयौं भने, हामी नम्र भएर परमेश्वरको वचनमा आउँछौं। हामी आत्मिकरूपमा धेरै बुद्धिमान् वा स्व-धर्मी छौं भन्ने विचार पनि हाम्रो मनमा आउनसक्छ। तर हामीले घमण्ड गर्नु हुँदैन भन्ने कुरा याद गर्नुपर्छ। १ कोरिन्थी १:३०,३१ ले हामीलाई बताएझैं हामी जो हौं सो परमेश्वरले नै हामीलाई बनाउनुभएको हो।

> परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता, र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो। यसैले लेखिएको छ, "गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्।"

परमेश्वरको वचनका सबै कुरा हामी कहिल्यै सिक्नसक्तैनौं। पवित्र आत्माले परमेश्वरको सत्यता हामीलाई प्रकट गरिदिनुहुँदा हामी निरन्तररूपमा सिकिरहन्छौं। स्वर्गमा पनि हाम्रो सिक्ने क्रम जारीनै रहनेछ किनकि परमेश्वरको वचन कहिल्यै पनि नाश हुनेछैन।

**तपाईंको अभ्यासको निम्ति**

**६** १ कोरिन्थी २:१०-१२ पढ्नुहोस्। यस प्रश्नको ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

अख्रीष्टियानहरूले पूरै रूपमा बाइबललाई बुझ्न सक्तैनन्
किनकि तिनीहरू
**क**) लाई सिकाउन सकिंदैन।
**ख**) मा परमेश्वरका आत्मा हुनुहुन्न।
**ग**) सत्यताका निम्ति भोकाएका छैनन्।

**१०** **बेठीक** उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः
परमेश्वरको वचन अध्ययन गर्ने हाम्रो प्रवृत्तिमा के *बाहेक* अरू कुराहरू संलग्न भएको छ?
**क**) भोक।
**ख**) आज्ञाकारिता।
**ग**) स्व-धार्मिकता।
**घ**) अनुशासन।
**ङ**) सिकाउन सकिने।
**च**) नम्रता।

**११** परमेश्वरको वचनप्रतिको हाम्रो उचित प्रवृत्ति कहिले विकास हुन्छ?
**क**) हामी बुद्धिमानी छौं भनी हामीले विचार गर्दा।
**ख**) उहाँको वचन पाउनका लागि हाम्रा हृदयहरू खोल्दा।
**ग**) हामीले सबै कुराहरू सिक्दा।

तपाईंले किन बाइबल अध्ययन गर्नुपर्छ र परमेश्वरको वचनलाई कसरी अध्ययन गरिनुपर्छ भन्ने बारेमा अब तपाईंलाई धेरै थाहा भएको छ, अब तपाईं बाइबल अध्ययनको प्रतिक्षा गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंका अध्ययन अभ्यासहरूका उत्तरलाई क्रमिक रूपमा दिइएका छैनन्, यसरी अर्को प्रश्नको उत्तरलाई तपाईं पहिल्यै देख्नसक्नुहुन्न। तपाईंलाई चाहिने संख्या मात्र हेर्नुहोस् र अरू उत्तरहरू पहिलेनै हेर्ने कोशिश नगर्नुहोस्।

१ क) प्रेममा स्थापित भएको सम्बन्ध उहाँसँग राख्नु।

७ ख) हामीले व्यक्तिगत रूपमा कसरी परमेश्वरको इच्छा प्राप्त गर्नसक्छौं।

२ ख) परमेश्वरको इच्छा जान्नका लागि।

८ क) सत्यता सिकाएर।
ग) हाम्रा भूलहरूलाई सुधार गरेर।
घ) ठीक जीवनको निम्ति निर्देशनहरू दिएर।

३ ख) परमेश्वरले तपाईंलाई दिनुभएका आज्ञाहरू सिक्ने काममा।

६ ख) मा परमेश्वरका आत्मा हुनुहुन्न।

४ ग) तपाईंलाई सिकाउनका लागि पवित्र आत्मालाई अनुमति दिएर।

१० ग) स्व-धार्मिकता।

५ ग) परमेश्वर

११ ख) उहाँको वचन पाउनका लागि हाम्रा हृदयहरू खोल्दा।

९ ज्योति।

**टिप्पणीहरू**

# पाठ २

# बाइबलको बारेमा आधारभूत सूचना

बाइबल सबै किसिमका मानिसहरू– जवान र वृद्ध, शिक्षित र अशिक्षित, धनी र गरीबका लागि भएको पुस्तक हो। कसरी उद्धार पाउन सकिन्छ र आफ्नो निम्ति भएको परमेश्वरको योजना कसरी जान्न सकिन्छ भनी मानिसहरूलाई सिकाउने यो आत्मिक पुस्तक हो। बाइबलले बताउँछः

> अघि अघि लेखिएका पवित्र-शास्त्रका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं (रोमी १५:४)।

यसरी, प्रत्येक व्यक्तिले व्यक्तिगतरूपमा बाइबलसँग सम्बन्ध राख्न सक्छ।

बाइबललाई हामीले पूरैरूपमा बुझ्न नसके तापनि, बाइबलको पढ़ाइबाट हामी आशिष् र निर्देशनहरू प्राप्त गर्नसक्छौं। तर गम्भीर अध्ययनको साथमा मात्र बाइबल ज्ञानको साँचो आनन्द आउँछ। त्यसैले, हामीले केही आधारभूत सूचना पाउनु आवश्यक छ। बाइबलको लेखाइ, यसका मुख्य विचारहरू, एकता र विभाजनको बारेमा यस पाठमा हामी सिक्नेछौं।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

बाइबलका लेखकहरू
  प्रेरणा
  अधिकार
बाइबलको प्रसारण
बाइबलको एकता
  पुरानो र नयाँ करारहरू
  विकासशील प्रकाश

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- कसरी बाइबल लेखियो र हामीकहाँ प्रसारित भयो सो वर्णन गर्न।

- बाइबलको मुख्य विषयवस्तु र बनावटको बारेमा वर्णन गर्न।

## बाइबलका लेखकहरू

उद्देश्य १ : *बाइबलका दुइ विशेषताहरूलाई उल्लेख गरी परमेश्वरको वचनको सत्यतालाई समर्थन गर्नुहोस्।*

### प्रेरणा

१६०० वर्षको अवधिमा करीब ४० जना मानिसहरूले बाइबल लेखे। विभिन्न लेखकहरू र धेरै परिस्थितिहरू संलग्न भएको हुनाले, बाइबलमा पूरै एकता वा मिलाप हुन नसक्ने थियो। तर पूरै परियोजनालाई अगुवाइ गर्नका लागि *अलौकिक शक्ति* उपस्थित थियो। बाइबलले हामीलाई स्पष्टसँग बताउँछ कि त्यो शक्तिचाहिँ परमेश्वर नै हुनुहुन्थ्यो। मानिसहरूसँग परमेश्वरको व्यवहारको बारेमा लेख्न परमेश्वरले लेखकहरूलाई *प्रेरणा* दिनुभएको थियो।

बाइबलको सम्बन्धमा *प्रेरणा* भनेको चाहिँ लेखकहरूका विचारहरूलाई अगुवाइ गर्नका लागि परमेश्वरको आत्माको "सास राख्नु" हो। परमेश्वरले मानिसलाई माटोबाट सृष्टि गर्नुभयो र उसका नाकका प्वालमा जीवन दिने सास हालिदिएर उसलाई जीवन दिनुभयो भन्ने कुरालाई हामीले स्मरण गऱ्यौं भने यसलाई बुझ्न सजिलो पर्छ।

कोही कोही विद्वानहरूले हामीलाई विश्वास दिलाउने कोशिश गर्छन् कि बाइबलले परमेश्वरको सत्यता समावेश गरेको छ र यसले भूलहरू पनि समावेश गरेको छ। अरूहरूले व्याख्या गर्ने कोशिश गर्छन् कि प्रत्येक व्यक्तिका लागि बाइबलको कुनै खण्ड परमेश्वरको प्रेरणादायिक वचन बन्छ, जब बाइबलका यी

विशेष शब्दहरूद्वारा परमेश्वर मानिसहरूसँग बोल्नुहुन्छ। अझै अरूहरूले व्याख्या गर्छन् कि परमेश्वरले बाइबललाई शब्द शब्द गरी मानिसहरूलाई दिनुभयो र तिनीहरूले शब्दहरूको विचारै नगरी लेखेका थिए। *यी सबै प्रेरणाको सम्बन्धका गल्ती विचारहरू हुन्।*

> "*सबै* पवित्र-शास्त्र परमेश्वरद्वारा प्रेरणा पाएको हो" भनी बाइबलले बताउँछ (२ तिमोथी ३:१६)। र २ पत्रुस १:२१ मा हामी पढ्छौं:

> किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।

यदि हामी परमेश्वरको वचनको कुनै भागलाई सत्य हो भनी स्वीकार गर्छौं भने, परमेश्वरको सबै वचनलाई सत्य हो भनी हामीले स्वीकार गर्नैपर्छ।

लेखकहरूचाहिँ छनोटको स्वतन्त्रता नभएका मिशिनहरूजस्तै थिए भन्न मिल्दैन। आफूले लेखेका कुरा कोही कोहीले पूर्ण रूपमा नबुझे तापनि विशेष गरी पूरा हुनुपर्ने अगमवाणीको सम्बन्धमा अरूहरूलेचाहिँ आफ्ना विषयहरूको अध्ययन गरेका थिए। तिनीहरूले आफ्ना अनुभवहरूका बारेमा पनि लेखे। सबैमा मिल्दोजुल्दो कुराचाहिँ परमेश्वरको प्रकाश नै थियो। पावलले यसलाई महसूस गरेका थिए:

> जुनचाहिँ परमेश्वरले आफ्नो प्रकाशद्वारा मलाई थाहा गराइएको रहस्य हो . . . जुन कुरा उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरू पुस्ताका मानिसहरूलाई जनाइएको थिएन (एफिसी ३:३,५)।

परमेश्वरको वचन सत्य छ भनी पवित्र आत्माले निरन्तररूपमा निश्चयता दिनुहुन्छ।

**अधिकार**

शुरूमै लेखकहरूले लेखेका बाइबलका शब्दहरू परमेश्वरको उद्देश्यको निम्ति सम्भवत सबैभन्दा उत्तम शब्दहरू हुन्। ती शब्दहरू परमेश्वरको प्रेरणाद्वारा लेखिएका हुनाले, हामी तिनीहरूमाथि भरोसा राख्नसक्छौं। तिनीहरू सधैं सत्य छन्। परमेश्वरका वचनहरू कहिल्यै असफल हुनेछैनन्।

बाइबल पूर्ण छ। परमेश्वरको वचनको रूपमा यसमा अरू केही कुरा चाहिँदैन। बाइबलका वचनहरूमा केही कुरा थपिनु हुँदैन र त्यसबाट केही कुरा घटाइनु पनि हुँदैन।

बाइबल सत्य, पूर्ण र परमेश्वरद्वारा प्रेरणा पाएको वचन भएको हुनाले यसको "अधिकार" छ भनी बाइबल विद्वानहरूले भन्छन्। येशूले बोल्नुभएको कुरा भीड़ले सुनेपछि उहाँको बोलाइमा ईश्वरीय अभिषेक थियो भनी उनीहरूले महसूस गरेका थिए। उहाँ अरू शिक्षकहरूजस्तै हुनुहुन्नथ्यो, तर उहाँले अधिकारसाथ सिकाउनुभयो भनी तिनीहरूले भने (मत्ती ७:२९)। *अधिकारका* तीन मुख्य अर्थहरू यी हुन्: अन्तिम सत्यता, आधिकारिक बयान वा नियम, र आज्ञाहरू दिने शक्ति। यी तीनै क्षेत्रहरूमा परमेश्वरको वचनको अधिकार छ। यसले परमेश्वरको बारेको सत्यता प्रकट गर्छ। यो सबै मानिसका निम्ति उद्धारको आधिकारिक योजना हो। मानिसहरूले यसका आज्ञाहरू पालन गर्दा तिनीहरूका जीवनलाई परिवर्तन गर्ने शक्ति यससँग छ।

जब हामी परमेश्वरको वचनको अधिकारलाई स्वीकार गर्छौं, हामीले यसलाई ठूलो समझकासाथ अध्ययन गर्नसक्छौं।

यो परमेश्वरको वचन हो भनेर त्यसपछि हामी यसलाई बिर्सिंदैनौं। यो *वास्तविक*, र *जीवित* परमेश्वरको वचन हो जसले हाम्रो जीवनलाई परिवर्तन गर्छ भनी हामी प्रतिउत्तर दिन्छौं। हामीले यसका शिक्षाहरूलाई बुझेपछि, हामी शंकै नगरी ती ग्रहण गर्छौं। थेसलोनिकीहरूले परमेश्वरको वचन सुनेर ग्रहण गरेकामा पावल तिनीहरूप्रति धन्यवादी थिए। "तिनीहरूले मानिसको वचनजस्तो होइन तर परमेश्वरको वचनजस्तै गरी ग्रहण गरे" (१ थेसलोनिकी २:१३)।

हामी बाइबलको अधिकारमा भर पर्नसक्छौं। परमेश्वरका प्रतिज्ञाहरू वास्तविक छन् र हाम्रो जीवनको निम्ति हामी तिनलाई दावी गर्न सक्छौं भनी हामीले विश्वास गर्नुपर्छ। उहाँको आनन्द र शान्ति पछि लाग्नेछ। तब हामी पूर्ण आज्ञाकारितामा वचनमा प्रतिउत्तर दिनसक्छौं। हामीले वचनको अध्ययन गर्दा हामी परमेश्वरको उपस्थितिमा हुन्छौं। बाइबलका वचनहरूद्वारा हामीसँग उहाँलाई सीधै बोल्नदिनुजस्तो यो हो।

**तपाईंको अभ्यासको निम्ति**

ठीक शब्द वा शब्दहरू लेखेर तलका बयानहरूलाई पूरा गर्नुहोस्।

१ बाइबललाई बुझ्नका लागि हामीले यो कुरा महसूस गर्नैपर्छ कि यो ईश्वरीय . . . . . . . . . . . . . . . . . . . को अधीनमा लेखिएको थियो।

२ बाइबल सत्य भएको हुनाले, यसले . . . . . . . . . . . . . . . . . . . साथ बोल्छ।

तलका वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**३** बाइबलको प्रेरणालाई हामी केद्वारा चिन्नसक्छौं?

**क**) यसका आफ्नै वचनहरू।
**ख**) यसका साहित्यिक गुणहरू।
**ग**) पवित्र आत्माको काम।

**४** बाइबलको अधिकार के कुरामा देखिन्छ?

**क**) यसको अन्तिम सत्यता।
**ख**) जीवन परिवर्तन गर्न सक्ने यसको शक्ति।
**ग**) यस सम्बन्धी लेखिएका सयौं टिप्पणीहरू।

यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरू जाँच्नुहोस्।

## बाइबलको प्रसारण

उद्देश्य २: *बाइबल कसरी लेखिएको र नामाकरण गरिएको थियो बताउनुहोस्।*

लामो समयसम्म परमेश्वरबाट मानिसलाई लिखित प्रकाश दिइएको थिएन। तर परमेश्वर मानिसहरूसँग बोल्नुभयो र तिनीहरूका धेरै कार्यहरूमा तिनीहरूलाई अगुवाइ गर्नुभयो। प्रत्येक व्यक्तिकहाँ परमेश्वरको वचन सीधै आयो। उदाहरणको लागि, परमेश्वरले अब्राहामलाई बोलाएर उनलाई भन्नुभयो कि उनी र उनका सन्तान (हिब्रू राज्य) द्वारा सबै संसारले आशिष् पाउनेछ। आफ्नो प्रकाश लेख्नको निम्ति परमेश्वरले त्यस

राज्यबाट केही मानिसहरूलाई छान्नुभयो। बाइबल कसरी लेखिएको थियो र यो हामीकहाँ कसरी प्रसारित भयो वा हामीलाई कसरी दिइयो भन्ने सम्बन्धमा हामी वर्णन गर्नेछौं।

पृथ्वीको सृष्टि र परमेश्वरका व्यवस्थाहरू, प्रतिज्ञाहरू र अगमवाणीहरूको व्याख्या गर्ने प्रकाश लेख्नको निम्ति परमेश्वरले मोशालाई प्रेरणा दिनुभयो। यसरी मोशाले लेखेका पुस्तकहरूका समूहमा परमेश्वरका अरू पवित्र जनहरूले अरू पुस्तकहरू लेखेर यस सूचीमा थप्दै गए।

यी लेखकहरूले बाइबलका पुस्तकहरूलाई ढुङ्गाहरूमा, माटाका पाटीहरूमा, छालाहरूमा र मुट्ठोहरूमा लेखे। यी पहिला लेखाइहरू आज अस्तित्वमा छैनन्। परमेश्वरले तिनीहरूलाई सुरक्षासाथ राख्नसक्नुहुन्थ्यो। यदि उहाँले यसो गर्नुभएको भए, मानिसहरूले मुट्ठो वा पाटीहरूलाई पूज्ने थिए होलान्। हामीले परमेश्वरलाई मात्र आराधना गर्नुपर्छ, परमेश्वरको बारेमा हामीलाई याद दिलाउने वस्तुहरू वा ठाउँहरूलाई होइन।

> त्यसैले, बाइबलका सबै पुस्तकहरूलाई जस्ताको तस्तै सार्नका लागि परमेश्वरले बुद्धिमान् र विश्वासयोग्य मानिसहरूलाई अगुवाइ गर्नुभयो। पहिलो लेखाइबाट सारिएका (नक्कल गरिएका) धेरै सत्य प्रतिहरू आज पनि जस्ताको तस्तै छन्। तिनीहरू संसारभरिनै सङ्ग्रहालय र पुस्तकालयहरूमा छन्।

बाइबलमा भएका पुस्तकहरूलाई धेरै वर्षसम्म "पुस्तकहरू" भनिन्थ्यो। ग्रीक शब्द *बिब्लिया*बाट "बाइबल" शब्द आएको हो जसको अर्थ "पुस्तक" भन्ने हुन्छ। तब ग्रीक शब्दको प्रयोगअनुसार बाइबल "पुस्तक" को रूपमा परिचित भयो। यसरी "बाइबल" नामको अर्थ ६६ पुस्तकहरूका लागि उपयुक्त छ जसद्वारा पवित्र पुस्तकको निर्माण भएको छ।

बाइबल विद्वानहरूले जाँचगरी बाइबललाई परमेश्वरको प्रेरणादायिक वचनको रूपमा ग्रहण गरेका छन्। वास्तवमा तिनीहरूले बाइबलका पुस्तकहरूलाई *"क्यानन"* (प्रमाणित) भनेका छन्। क्यानन शब्दले सीधा धर्को वा ठीक नाप-तौलको निम्ति प्रयोग गरिने औजारको अर्थ पनि दिन्छ। यो क्याननचाहिँ पूरा भएको छ। परमेश्वरको बारेका प्राचिन लेखाइहरू पनि त्यहाँ छन्, तर ती प्रेरणाद्वारा लेखिएका होइनन्। हामीलाई दिइएको परमेश्वरको प्रकाशभित्र ती पर्दैनन्।

हामीले उहाँको सन्देश (वचन) बुझेको परमेश्वर चाहनुहुन्छ। हिब्रू मानिसहरूले बुझ्न सकून् भनेर पुरानो करारका लेखकहरूलाई उहाँले हिब्रू भाषामा लेख्न लगाउनुभयो। येशूको दिनको प्रचलित भाषा ग्रीकलाई नयाँ करारका लेखकहरूले प्रयोग गरेका थिए।



**परमेश्वरको वचन धेरै किसिमले लेखिएको छ।**

आज, थोरै मानिसहरूलाई मात्र दुवै हिब्रू र ग्रीक थाहा छ। तर परमेश्वरका जनहरूले १३०० भाषाहरूमा बाइबललाई अनुवाद गरेका छन्। कुनै कुनै भाषाहरूमा थुप्रै अनुवादहरू गरिएका छन् र यसरी सबैले बाइबलको सन्देशलाई बुझ्न सक्छन्। छुट्टाछुट्टै अनुवादहरूमा भिन्ना भिन्नै शब्दहरू भेट्टाउनु स्वाभाविक नै हो। तर सन्देशचाहिँ उही नै हो।

### तपाईंको अभ्यासको निम्ति

वाक्यलाई पूरा गर्ने वाक्यको शब्दको अक्षरमा घेरा लगाउनुहोस्।

**५** आधुनिक भाषामा बाइबलको अर्थ

**क**) पुस्तक। **ख**) ग्रीक पुस्तकहरू।

**६** बाइबल १३०० मा अनुवाद गरिएको छ।

**क**) पुस्तकहरू। **ख**) भाषाहरूमा।

**७** बाइबलका पुस्तकहरूलाई क्यानन भनिएको छ किनकि

**क**) तिनीहरूलाई परमेश्वरको प्रेरणादायिक वचनको रूपमा स्वीकार गरिएको छ।

**ख**) तिनीहरू ६६ जना मानिसहरूद्वारा लेखिएका थिए।

**८** आज हामीसँग बाइबल छ किनभने

**क**) यो बाक्ला ढुङ्गाहरूमा लेखिएको थियो।

**ख**) जस्ताको तस्तै (नक्कल) लेख्नका लागि परमेश्वरले बुद्धिमान् मानिसहरूलाई अगुवाइ गर्नुभयो।

**ग**) परमेश्वरले माटाका पाटी र मुद्राहरूलाई सुरक्षित राख्नुभो।

## बाइबलको एकता

उद्देश्य ३: *बाइबलमा एकता सृजना गर्ने मुख्य तत्त्वहरूलाई चिन्नुहोस्।*

### पुरानो र नयाँ करारहरू

बाइबलका ६६ वटा पुस्तकहरूलाई ३९ वटा पुस्तकहरू भएको पुरानो करार र २७ वटा पुस्तकहरू भएको नयाँ करार गरी दुइ भागमा विभाजन गरिएको छ। र पनि तिनीहरू एउटै पुस्तक, एउटै इतिहास र एउटै कथा हुन्। प्रत्येक पुस्तकको मुख्य विषयवस्तु मानिसको निम्ति भएको परमेश्वरको उद्धारको योजना हो। नयाँ करारमा हुने कुराको बारेमा पुरानो करारले भविष्यवाणी गरेको थियो। अनि नयाँ करारले पुरानो करारलाई व्याख्या र पूरा गर्छ। यसरी तिनीहरूले एकतामा एकैसाथ काम गर्छन् किनकि दुवै पवित्र आत्माको प्रेरणामा लेखिएका थिए।

दुवै करारहरूका मुख्य व्यक्ति ख्रीष्ट हुनुहुन्छ। प्रत्येक पुस्तकले विशेष रूपमा उहाँलाई प्रकट गरेको छ। उदाहरणको लागि, उत्पत्तिको पुस्तकले ख्रीष्टलाई सृष्टिकर्ताका रूपमा प्रकट गरेको छ, प्रस्थानले उहाँलाई उद्धारकर्ताका रूपमा प्रकट गराएको छ। शमूएल, राजाहरू र इतिहासका पुस्तकहरूले उहाँलाई राजाका रूपमा प्रकट गरेका छन् र यशैयाले उहाँलाई मसीहका रूपमा प्रकट गरेका छन्। मत्ती, मर्कूस, लूका र यूहन्नाले ख्रीष्टलाई प्रतिज्ञा गरिनुभएका मसीह, परमेश्वरका दास, मानिसका पुत्र र परमेश्वरका पुत्रका रूपमा प्रकट गरेका छन्। तपाईंले प्रत्येक पुस्तकलाई अध्ययन गर्नुहुँदा, ख्रीष्टलाई कसरी प्रकट गरिएको छ सो हेर्ने कोशिश गर्नुहोस्।

*करार* शब्दको अर्थ "सम्झौता" वा "मञ्जुरी" भन्ने बुझिन्छ। पुरानो करारले ख्रीष्ट आउनुभन्दा पहिले मानिसको उद्धारको बारेमा उसँग भएको परमेश्वरको सम्झौताको प्रकट गर्छ। लेख्नको लागि परमेश्वरले मोशालाई दिनुभएको व्यवस्थामा यो आधारित छ। नयाँ करारचाहिँ ख्रीष्ट आउनुभएपछि मानिससँग भएको परमेश्वरको सम्झौता हो। यो परमेश्वरको *अनुग्रहमा* आधारित छ जुनचाहिँ मानिसको निम्ति भएको उहाँको पूर्ण र सिद्ध प्रेम हो। हामीले उद्धारको वरदान प्राप्त गर्न सकौं भनेर परमेश्वरले आफ्ना पुत्रलाई हाम्रा लागि मर्न र बौरिउठ्नका लागि पठाउनुभयो।

**बाइबलमा ख्रीष्ट**

| **पुरानो करार** | **नयाँ करार** |
|---|---|
| उत्पत्ति | मत्ती |
| **सृष्टिकर्ता** | **मसीह** |
| प्रस्थान | मर्कूस |
| **उद्धारकर्ता** | **परमेश्वरका दास** |
| शमूएल, राजाहरू र इतिहास | लूका |
| **राजा** | **मानिसका पुत्र** |
| यशैया | यूहन्ना |
| **मसीह** | **परमेश्वरका पुत्र** |

पुरानो करारले ख्रीष्टको आगमनको भविष्यवाणी गरेको छ। यसले पुरानो सम्झौताको कमजोरी पनि हामीलाई देखाउँछ। यो सीमित समय र एउटा यहूदी राज्यको निम्ति थियो। यो अरू किसिमले सीमित थियो। एउटा कुराचाहिँ, आफ्ना पापहरूका निम्ति मूल्य चुकाउनलाई मानिसहरूले प्रत्येक वर्ष पशु बलिदानहरू गर्नुपर्थ्यो। (हिब्रू १०:४-७,१४ हेर्नुहोस्)।

नयाँ करारले ख्रीष्ट आउनुभएको कुरालाई बताउँछ। यसले पुरानो करारका भविष्यवाणीहरूलाई पूरा गर्छः "तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो" (गलाती ४:४)। यो नयाँ सम्झौता (करार) चाहिँ सधैंको निम्ति रहिरहन्छ (हिब्रू ७:२४,२८)। यो सबै जातिहरूका निम्ति हो (प्रेरित १०:३४,३५)। यसले सबै मानिसहरूका पापको दण्ड तिरिदिन्छ। हामीले गर्नुपर्ने कुराचाहिँ परमेश्वरको वरदान उहाँका पुत्रलाई ग्रहण गर्नु हो।

बाइबलका पुस्तकहरूलाई कसरी विभाजन गरिएको छ सो तलको यस तालिकाले हामीलाई देखाउँछ।

| | | |
|---|---|---|
| **पुरानो करार** | | |
| व्यवस्था | उत्पत्ति–व्यवस्था | (५) |
| इतिहास | यहोशू–एस्तर | (१२) |
| कविता | अय्यूब–श्रेष्ठगीत | (५) |
| अगमवक्ताका | | |
| ठूला पुस्तकहरू | यशैया–दानियल | (५) |
| साना पुस्तकहरू | होशे–मलाकी | (१२) |
| **नयाँ करार** | | |
| सुसमाचारहरू | मत्ती–यूहन्ना | (४) |
| इतिहास | प्रेरित | (१) |
| पत्रहरू | | |
| पावलका | रोमी–फिलेमोन | (१३) |
| सामान्य | हिब्रू–यहूदा | (८) |
| भविष्यवाणी | प्रकाश | (१) |

**विकासशील प्रकाश**

संसार र मानिसको सृष्टिको वर्णन गर्दै बाइबल कथा उत्पत्तिको पुस्तकमा शुरू हुन्छ। पृथ्वीमा हुने अन्तको जीवनको बारेमा उल्लेख गर्दै प्रकाशको पुस्तक समाप्त हुन्छ। यी दुइ पुस्तकहरूका बीचमा परमेश्वरले मानिसको उद्धारको निम्ति कसरी बाटो तयार पार्नुभयो र उसले स्वर्गमा कसरी अनन्त जीवनको आनन्द मनाउन सक्छ भनी वर्णन गरिएको छ।

आदम र हव्वा परमेश्वरप्रति अनाज्ञाकारी भएपछि, तिनीहरूले पाप गरे। त्यसपछि तिनीहरू आत्मिक रूपमा परमेश्वरबाट अलग भए। तर परमेश्वरले तिनीहरूलाई अझै पनि प्रेम गरिनै रहनुभयो। तिनीहरूका आत्माहरू निको पार्नका लागि उहाँले बाटो बनाउनुभयो। आत्मिक चङ्गाइको बारेमा परमेश्वरबाट पूर्ण प्रकाश प्राप्त गर्नका लागि मानिसलाई लामो समय लागेको थियो। हिब्रू १:१,२ ले हामीलाई बताउँछः

प्राचीन कालमा हाम्रा पिता पुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो।

आज, ख्रीष्टद्वारा हामीले पूर्ण प्रकाश पाएका छौं जो जीवित वचन हुनुहुन्छ। पुरानो करारको समयमा रहेका मानिसहरूले यो कुरा प्राप्त गरेका थिएनन्। तिनीहरूले यसको केही भाग मात्र पाएका थिए।

समय बित्दै जाँदा परमेश्वरले आफ्नो सत्यतालाई धेरै धेरै प्रकट गराउनुभयो। परमेश्वरले "अक्षर-अक्षरद्वारा" सिकाउनुभयो (यशैया २८:१०)। यसलाई हामी *विकासशील प्रकाश* भन्छौं।

परमेश्वरले हामीसँग जसरी व्यवहार गर्नुहुन्छ त्योभन्दा भिन्नै किसिमले पुरानो करारका मानिसहरूसँग व्यवहार गर्नुभएको थियो। उदाहरणको लागि नयाँ करारमा बहुविवाह र छोड्पत्रको विरोधमा भएको शिक्षाले पुरानो करारमा भएको यस्ता चलनका कथाहरूलाई विरोध गरेकोजस्तो देखिन्छ। तर येशूले व्याख्या गरिदिनुभयो कि पुरानो समयमा मानिसहरूको बुझाइ ढीलो भएको हुनाले परमेश्वरले तिनीहरूसँग भिन्नै किसिमले व्यवहार गर्नुभयो। हामीलाईभन्दा तिनीहरूलाई थोरै सत्यता प्रकट भएको थियो (मत्ती १९:३-९)। हामीलाई बाटो देखाउनका लागि येशू आउनुभएको हुनाले हामीमा धेरै सत्यता छ।

तपाईंले बाइबल पढ्नु र अध्ययन गर्नुहुँदा तपाईंको जीवनको निम्ति भएको परमेश्वरको योजनाको एकतालाई अझ धेरै धेरै देख्नुहुनेछ।





## तपाईंको अभ्यासको निम्ति

९ प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः

**क**) बाइबलको मुख्य विषयवस्तु संसारको सृष्टि हो।

**ख**) पुरानो र नयाँ करारहरू मानिससँग भएका परमेश्वरका पुराना र नयाँ सम्झौताहरू हुन्।

**ग**) मानिसको निम्ति भएको परमेश्वरको योजना बताउनका लागि पुरानो र नयाँ करारहरूले एकैसाथ काम गर्छन्।

**घ**) बाइबलमा भएको प्रत्येक पुस्तकको सन्देश विभिन्न चरित्रहरूमा केन्द्रित छ।

१० विकासशील प्रकाशको प्रतिनिधित्व गर्ने तलको वर्णनलाई छान्नुहोस्।

**क**) परमेश्वरको प्रकाश केही मानिसहरूका निम्ति मात्र हो।

**ख**) मानिसहरूले शुरूबाट अन्तसम्मै परमेश्वरको प्रकाशको बारेमा अरूहरूलाई बताउँछन्।

**ग**) परमेश्वरले अलिअलि गरी आफ्नो सत्यता प्रकट गर्नुभयो।

११ पुरानो र नयाँ करारहरूको एकतालाई नमूनित गर्ने बयानहरूलाई छान्नुहोस्।

**क**) दुवै प्राचीन मुद्राहरूमा लेखिएका थिए।

**ख**) नयाँमा के हुन्छ भनी पुरानो करारले अगमवाणी गरेको छ।

**ग**) दुवै करारहरूका मुख्य व्यक्ति ख्रीष्ट हुनुहुन्छ।

**घ**) नयाँ करार समयमा झैं पुरानो करार समयमा पनि

परमेश्वरले मानिसहरूसँग उही नै व्यवहार गर्नुभयो।
ङ) पुरानो करारको सत्यतालाई नयाँ करारले प्रकट गरेको छ।

बाइबलको पूरै पढ़ाइले यो कुरा देख्नका लागि तपाईंलाई सहायता गर्छ कि कोही कोही अविश्वासीहरूले बाइबलले एक अर्काको विरोध गर्छ भनेको कुरा बिलकुल बेठीक छ। वास्तवमा, परमेश्वरको वचनको पूर्णतालाई तिनीहरूले निश्चित तुल्याउँछन्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ प्रेरणा

७ क) तिनीहरूलाई परमेश्वरको प्रेरणादायिक वचनको रूपमा स्वीकार गरिएको छ।

२ अधिकार

८ ख) जस्ताको तस्तै (नक्कल) लेख्नका लागि परमेश्वरले बुद्धिमान् मानिसहरूलाई अगुवाइ गर्नुभयो।

३ क) यसका आफ्नै वचनहरू।
ग) पवित्र आत्माको काम

६ **क**) बेठीक
**ख**) ठीक
**ग**) ठीक
**घ**) बेठीक

४ क) यसको अन्तिम सत्यता।
ख) जीवन परिवर्तन गर्नसक्ने यसको शक्ति।

१० ग) परमेश्वरले अलिअलि गरी आफ्नो सत्यता प्रकट गर्नुभयो।

५ क) पुस्तक।

११ ख) नयाँमा के हुन्छ भनी पुरानो करारले अगमवाणी गरेको छ।
ग) दुवै करारहरूका मुख्य व्यक्ति ख्रीष्ट हुनुहुन्छ।
ङ) पुरानो करारको सत्यतालाई नयाँ करारले प्रकट गरेको छ।


६ ख) भाषाहरूमा।

पाठ ३

# साहित्यको रूपमा बाइबल

तपाईंले कोही व्यक्तिसँग कुरा गर्नुहुँदा त्यस व्यक्तिले तपाईंको कुरा बुझेको तपाईं चाहनुहुन्छ। आफ्ना विचारहरूलाई स्पष्टरूपले व्यक्त गर्नका लागि तपाईंले कुनै तरीका अपनाउनुहुन्छ। अर्को प्रकारले भन्ने हो भने, तपाईंलाई थाहा हुन्छ कि तपाईंले के भन्नुहुन्छ र *कसरी* भन्नुहुन्छ सो कुराले एकैसाथ काम गरेको हुन्छ। लेखकले आफ्ना विचारहरूलाई स्पष्टरूपमा उल्लेख गरेपछि बक्तव्यजस्तै साहित्य वा लेखाइ पनि प्रभावशाली हुन्छ।

बाइबलका लेखकहरूले आफ्ना शब्दहरू छाने र आफ्ना उद्देश्यहरू पूरा गर्नका लागि ती मिलाएर राखे। लेखकहरूले आफ्ना विचारहरूलाई कसरी प्रकट गरे भन्ने अध्ययनले तपाईंको बाइबल अध्ययनमा तपाईंलाई सहायता पुऱ्याउनै पर्छ। "दाखको बोट म हुँ, र तिमीहरूचाहिँ हाँगाहरू हौ" भनिनेजस्ता खण्डहरूलाई तपाईंले अझै स्पष्टसँग बुझ्नको निम्ति तपाईं सक्षम हुनसक्नुहुनेछ। लेखकले आफूलाई प्रकट गरेका ढाँचा वा तरीकालाई तपाईंले जान्न सक्नुभयो भने लेखकको उद्देश्यलाई तपाईंले अझै स्पष्टसँग बुझ्न सक्नुहुनेछ।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

शाब्दिक र आलंकारिक भाषा
विचारहरूका संगठन
लेखाइका ढाँचा

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- बाइबलमा प्रयोग भएको भाषाको विशेष रूपको अर्थलाई व्याख्या गर्न।
- दिइएको बाइबलको खण्डमा मुख्य बुँदा वा विचारलाई उल्लेख गर्न।
- लेखकको लेख्ने ढाँचालाई चिनी उनको उद्देश्यलाई बुझ्न।

## शाब्दिक र आलंकारिक भाषा

उद्देश्य १: *बाइबलमा शाब्दिक र आलंकारिक भाषाको बीचमा भएको भिन्नता देखाउनुहोस्।*

परमेश्वरले आफ्नो वचनद्वारा प्रकट गर्नुभएको सत्यतालाई हामीले बुझेको उहाँ चाहनुहुन्छ। असत्य कुराहरूका बारेमा पुस्तक लेख्न उहाँले लेखकहरूलाई प्रयोग गर्नुभएन। तिनीहरूले वास्तविकताको बारेमा लेखे। अनि, प्रायःजसो तिनीहरूले *शाब्दिक* वा वास्तविक भाषा प्रयोग गरे। त्यसैकारण, बाइबलका शब्दका स्वाभाविक अर्थहरूलाई ग्रहण गरेर बाइबलले दिएको अर्थलाई हामी जान्नसक्छौं।

"येशू पहाड़तिर प्रार्थना गर्न जानुभयो" (लूका ६:१२), भनी जब हामी पढ्छौं, हामीलाई थाहा छ कि यो उहाँले वास्तविक वा *शाब्दिक* रूपमा गर्नुभयो। उहाँले "जरोलाई हकार्नु भयो", र जरोले तिनलाई छोडिहाल्यो (४:३६) भनी जब हामी पढ्छौं, योचाहिँ शाब्दिक सत्य हो भनी हामीलाई थाहा छ।




तर "यूहन्नाले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, 'हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा' " (यूहन्ना १ : २९ ),-जस्ता खण्डलाई हामीले पढ्दा सबै शब्दहरूलाई हामीले शाब्दिक रूपमा व्याख्या गर्न सक्तैनौं। येशू थुमा वा जनावर हुनुहुन्न। पुरानो करारमा मानिसहरूका पापका निम्ति गरिएको बलिदानको थुमाजस्तै उहाँ हुनुहुन्छ। यसैले बाइबलको केही भाषा *आलंकारिक* वा अर्थमा चिन्हात्मक छ। यसले शाब्दिक सत्यतालाई व्याख्या गर्न सहायता गर्छ।

आलंकारिक भाषा



*भाषाको चित्रण गरी आलंकारिक भाषा बनाइएको हुन्छ।* हामीले जानेका केही कुराहरूसँग यसलाई दाँजी व्याख्या गर्न कठिन भएका केही कुराहरूलाई बुझ्न यी शब्दहरू वा शब्द समूहहरूले हामीलाई सहायता गर्छन्। हाम्रा पापहरूका निम्ति वेदीमा चढ़ाइएका थुमाका रूपमा यूहन्नाले ख्रीष्टलाई चित्रण गरेका छन्। ख्रीष्ट संसारमा आउनुभएको उद्देश्यलाई बुझ्न यसले हामीलाई सहायता पुऱ्याउँछ।

## आलंकारिक



येशू जीवनको रोटी हुनुहुन्छ।



येशू ढोका हुनुहुन्छ।

## शाब्दिक



येशूले जरोलाई जाने आज्ञा दिनुभयो।

हाम्रा शारीरिक आँखाले नदेख्ने आत्मिक कुराहरूलाई बुझ्नका लागि चित्रण भाषाले हामीलाई सहायता पुऱ्याउँछ। येशूले आफूलाई जीवन दिने पानीसँग तुलना गर्नुभएको कुरालाई हामीले पाठ १ मा भनेको कुरालाई याद गर्नुहोस्। उहाँले आफूलाई रोटी, ज्योति र गोठालोसँग पनि तुलना गर्नुभयो। एक अवसरमा उहाँले भन्नुभयो "हेर म चोर*जस्तै* आउनेछु!" (प्रकाश १६:१५)। यी उदाहरणहरूले हामीलाई देखाउँछन् कि यी कुरा-हरूसँग अझ धेरै हामी येशूलाई तुलना गर्न सक्तैनौं। सीमित रूपमा उहाँ प्रत्येक कुरा*जस्तो* हुनुहुन्थ्यो। तर, भाषाको चित्रणले विशेष सत्यताहरू याद गर्नका लागि हामीलाई सहायता पुऱ्याउँछ।

आफूलाई पछ्याउनेहरूसँग कुरा गर्दा येशूले प्रायःजसो आलंकारिक भाषा प्रयोग गर्नुभयो। महत्त्वपूर्ण आत्मिक सत्यताहरू बुझ्नका लागि तिनीहरूलाई सहायता पुऱ्याउन उहाँले तिनीहरूलाई साधारण कथाहरू भन्नुभयो। मत्ती १८:१०-१४ मा ख्रीष्टले हराएको भेड़ाको कथा भन्नुभएको छ। उहाँले ख्रीष्टियानहरूलाई भेड़ासँग तुलना गर्नुभएको छ। हराएको भेड़ाको बारेमा गोठालोलाई जति सरोकार छ, हामी प्रत्येकको बारेमा पनि उहाँले सरोकार राख्नुहुन्छ भनी उहाँ हामीलाई सिकाउन चाहनुहुन्छ।

केही भाषाका चित्रणहरू (आलंकारिक भाषा) लाई चिन्हहरू पनि भनिन्छ। चिन्हहरू शब्दहरू हुन् जसले केही कुराको बारेको सत्यतालाई प्रतिनिधित्व गरेका हुन्छन्। *ज्योति, नून* र *भेड़ा* शब्दहरू ख्रीष्टियानहरूका निम्ति प्रयोग भएका चिन्हहरू हुन्।



हामीहरू यी प्रत्येक थोकहरूजस्तै छौं। वस्तुहरू पनि चिन्हहरू बन्नसक्छन्। प्रभु भोजमा, रोटी र कचौरा ख्रीष्टको शरीर र रगतका चिन्हहरू हुन्। हाम्रो उद्धारको निम्ति भए- को ख्रीष्टको मृत्यु र दुःखको सम्झना तिनीहरूले हामीलाई गराउँछन्।

## तपाईंको अभ्यासको निम्ति

**१** शाब्दिक वा आलंकारिक भाषाको प्रत्येक बयानलाई छुटयाउनुहोस्। जोडामिल्ने भाषाको संख्यालाई प्रत्येक बयानको अगाडिको खाली ठाउँमा लेख्नुहोस्। तपाईंले आफ्नो उत्तर दिनुभन्दा पहिले उत्तरलाईचाहिँ नहेर्नुहोस्।

... **क**) यरूशलेममा भेड़ा ढोकाको नजीक एउटा जलकुण्ड छ (यूहन्ना ५ः२) — १) शाब्दिक, २) आलंकारिक

... **ख**) हेर, परमेश्वरका थुमा (यूहन्ना १ः२९)

... **ग**) भेड़ाहरूको ढोका मै हुँ (यूहन्ना १०ः७)

... **घ**) मेरा अरू भेड़ा छन्, तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ (यूहन्ना १०ः१६)

**२** मत्ती १३ः२४-३० मा सामाको कथा र ३६-४३ मा यसको व्याख्या पढ्‍र दायाँपट्टि दिइएको चिन्हको जोडा मिलाउनुहोस्

| | |
|---|---|
| ... **क**) बीउ छर्ने | १) परमेश्वरको राज्यका मानिसहरू |
| ... **ख**) शत्रु | २) मानिसको पुत्र |
| ... **ग**) असल बीउ | ३) शैतान |
| ... **घ**) सामा | ४) दुष्टका मानिसहरू |
| ... **ङ**) गहुँ र सामा एकैसाथ | ५) युगको अन्त |
| ... **च**) सामालाई जम्मा गरियो | ६) स्वर्गीय राज्य |
| ... **छ**) गहुँलाई मात्र जम्मा गरियो | ७) यो संसार जस्तो छ |

## विचारहरूका संगठन

उद्देश्य २: *लेखकहरूले आफ्ना विचारहरूलाई संगठन गर्नसक्ने ६ तरीकाहरूको सूची बनाउनुहोस्।*

जब हामी लेख्छौं, हाम्रा विचारहरूलाई संगठित गर्नका लागि हामी होशियारी हुन्छौं। मुख्य विचारलाई समर्थन गर्न सम्बन्धित विचारहरू एकैसाथ ल्याउनका लागि हामी कोशिश गर्छौं। अनि विचारहरूलाई मिलाएर राख्ने कोशिश हामी गर्छौं, र यसरी तिनीहरू एकसाथ मिलेर रहनसक्छन्। लेखकहरूले आफ्ना विचारहरूलाई संगठन गर्ने विभिन्न तरीकाहरूलाई हामी यस खण्डमा वर्णन गर्नेछौं।

१. *दोहोऱ्याउनुः लेखकहरूले उही वा उस्तै शब्दहरू घरीघरी दोहोऱ्याउने गर्छन्।* २ कोरिन्थी ८:१-१५ मा ख्रीष्टियान दियाईलाई दोहोऱ्याईद्वारा विकास गरिएको छः "दिनु, दिए, परमेश्वरका जनहरूलाई सहायता, आफैलाई दिए, प्रेमको विशेष सेवा, उदारचित्तको हुनु, सहायता गर्न तत्पर हुनु, आफैलाई गरीब बनाउनुभयो, काम सिध्याउनुभयो, दिनलाई तत्पर, वरदान, सहायता।"

२. *विकासशीलः* हामीले कथा भन्दा गरेजस्तै लेखकले एक पछि अर्को विस्तृत जानकारी थप्दै उनले विकासशील प्रक्रियालाई सृजना गरेका हुन्छन्। प्रेरित ८:२६-४० मा फिलिपको बारेमा भएको कथाले विकासशीलतालाई देखाउँछ। कुनै एउटा सडक (बाटो) मा जानु भनी फिलिपसँग आत्मा बोल्नुभयो। येशूको बारेको सुसमाचार बताउनका लागि उहाँले फिलिपलाई कुनै एक व्यक्तिकहाँ डोऱ्याउनुभयो। ती

व्यक्तिले ख्रीष्टलाई ग्रहण गरी फिलिपबाट बप्तिस्मा लिएपछि आत्माले फिलिपलाई टाढ़ा लैजानुभयो।

३. *चरमसीमाः* विस्तृतको विकासशीलतामा लेखकले चरमसीमातर्फ डोऱ्याएका छन्। फिलिप्पी ३:१० मा साँचो धार्मिकता के हो भनी पावल हामीलाई बताउँछन्: "म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख-भोगमा सहभागी हुन सकूँ।" १-९ पदहरूले यस चरमसीमामा पुऱ्याएका छन्।

४. *भिन्नता र तुलनाः* भिन्नताको निम्ति लेखकले दुइ विपरीतार्थ कुराहरूलाई एकैसाथ ल्याई तिनीहरूको असल र खराब वा ज्योति र अन्धकारलाई जोड दिएका छन्। भजनसंग्रह १ ले खोलाको किनारमा रोपेको र फल दिने बोटजस्तै धर्मी मानिससँग बतासले उड़ाएर लैजाने भुसजस्तै पापी मानिसको तुलना गरेको छ। यस भिन्नतामा तुलना पनि गरिएको तपाईंले भेट्टाउनुहुन्छ, "दुष्ट मानिसहरू . . . भुसजस्तै हुन्छन्।" तुलनाको निम्ति, लेखकले कुनै कुराहरूको समानतामा जोड दिन दुइ कुराहरूलाई एकैसाथ ल्याउँछन्।

५. *मुख्य बुँदाहरूः* विचारहरूको विकासमा लेखकले महत्त्वपूर्ण वा निर्णायक बुँदाहरूलाई प्रयोग गर्छन्। कथाको विशेष नतीजाको लागि वा कुनै खण्डको अर्थको लागि यी बुँदाहरू आवश्यक हुन्छन्।

एस्तरको पुस्तकमा एउटा मुख्य बुँदाचाहिँ रानी एस्तरले राजाबाट निमन्त्रणा नपाईकन राजाकहाँ जाने निगाह प्राप्त गर्नसक्नु हो। राजाको निगाह विना रानी एस्तरले आफ्ना मानिसहरूको जीवन बचाउन सहायता पुऱ्याउने योजनालाई पूरा गर्नसक्ने थिइनन्।

६. *कारणहरू र नतीजाहरूः* विशेष नतीजा र यसका निम्ति भएका कारणहरूका बीचमा सम्बन्ध देखाउनका लागि लेखकले विचारहरूलाई मिलाउँछन्। उनले नतीजा वा कारणहरूबाट शुरू गर्न सक्छन्। कलस्सी १:३ मा, पावलले मण्डलीलाई भनेका छन् कि तिनीहरूका निम्ति उनी परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्। नतीजा यो हो। ४ पदमा उनले कारण दिएका छन्: "किनकि ख्रीष्ट येशूमा तिमीहरूका विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा हामीले सुनेका छौं।" तब उनले यही विचारलाई ८ र ६ पदहरूमा पनि दोहोऱ्याएका छन्, यहाँ उनले कारणबाट शुरू गरी नतीजामा अन्त गरेका छन्।

हाम्रा विचारहरूलाई संगठित गर्नलाई कहिलेकहीँ हामी यी तरीकाहरूमध्ये दुइ वा तीभन्दा बढ़ीलाई मिलाउँछौं। १ कोरिन्थी १:३,४,८ र ६-मा हामीलाई स्पष्ट अर्थ दिनका लागि पावलले कारणहरू र नतीजाहरूलाई प्रयोग गरेका छन्।

## तपाईंको अभ्यासको निम्ति

**३** प्रत्येक बाइबल खण्डलाई पढ्नुहोस् र मुख्य विचारलाई स्पष्ट पार्न दायाँपट्टि प्रयोग भएको शब्द वा शब्द समूहसँग बायाँपट्टि दिइएका बयानहरूको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ... **क**) गलाती ६:-७-६, हामीले जे रोप्छौं सो काट्ने विचारको समावेश | १) दोहोऱ्याइ |
| ... **ख**) एफिसी २:१४-१८, ख्रीष्टले यहूदी र अन्यजातिहरूलाई शान्तिमा एकत्रित पार्ने विचार | २) कारणहरू र नतीजाहरू |

... **ग**) १ राजा १७:८-२४, एलियाको आज्ञाकारिताले उनलाई परमेश्वरको जन बनाएको थियो भन्ने विचार — ३) भिन्नता

... **घ**) न्यायकर्ता ६:११-४०, परमेश्वरको बोलावटप्रति गिदोनको प्रतिउत्तरले परिवर्तन ल्याउँछ भन्ने विचार — ४) विकासशीलता

... **ङ**) २ इतिहास १:७-१२, सोलोमनले केही कुरा गरेका हुनाले परमेश्वरले पनि केही गर्नुभयो भन्ने विचार — ५) मुख्य बुँदाहरू

... **च**) एफिसी ४:१७-३२, ख्रीष्टमा भएको नयाँ जीवनमा के कुरा संलग्न छ भन्ने विचार

---

## लेखाइका ढाँचा

---

उद्देश्य ३: *बाइबलमा प्रयोग भएको लेखाइका मुख्य ढाँचाहरूलाई चिन्नु।*

### इतिहास

मानिससँग परमेश्वरले गर्नुभएको व्यवहारको इतिहास उल्लेख गरिएको पुस्तक बाइबल हो। यसरी कुनै मानिसहरूका जीवनमा भएको घटनाको लिखित कथा यसमा छ। विशेष मानिसहरू र घटनाहरूलाई छान्न र हामीसँग ती बाँड्चूँड् गर्न पवित्र आत्माले लेखकहरूलाई अगुवाइ गर्नुभयो। हामीले तिनीहरूका बारेमा पढ्दा परमेश्वरसँगको हाम्रो सम्बन्धलाई हामी विकास गर्न सक्छौं। तिनीहरूका कठिनाइ र विजयीहरूबाट सिकेर हामी हाम्रा विश्वासहरूलाई निर्माण गर्न सक्छौं।

उदाहरणको लागि, परमेश्वरले गिदोनलाई कुनै काम गर्न बोलाउनुभएको र गिदोनचाहिँ डरले आत्तिएको बारेमा जब हामी

पढ्छौं, हामी परमेश्वरलाई आदर गर्न र अरू मानिसहरू र असफलताका डरहरूलाई जित्न हामी सिक्छौं। (न्यायकर्ता ६ र ७ हेर्नुहोस्।) सबैभन्दा ठूलो कथाचाहिँ ख्रीष्ट आफै नै हुनुहुन्छ। उहाँको उदाहरण पछ्याएर हामी परमेश्वरको इच्छाको आज्ञाकारितामा जिउन सक्छौं।

बाइबलभरि नै इतिहास भेट्टाइन्छ। पुरानो करारमा यहोशूदेखि एस्तरसम्मका पुस्तकहरू र नयाँ करारमा मत्तीदेखि प्रेरितसम्मका पुस्तकहरू मुख्य गरी इतिहासका पुस्तकहरू हुन्। उत्पत्तिदेखि व्यवस्थासम्मका पुस्तकहरूमा इतिहास र भविष्यवाणीको समिश्रण छ।

**इतिहास**



**अगमवाणी**

उहाँको निम्ति सीधै बोल्नका लागि बाइबल इतिहासमा, परमेश्वरले विशेष मानिसहरूलाई प्रयोग गर्नुहुन्छ, जसलाई अगमवक्ताहरू भनिन्छ। तिनीहरूले परमेश्वरको इच्छा र उद्देश्यलाई प्रयोग गर्छन्। तिनीहरूले अगमवाणी गरेका थिए। तिनीहरूका अगमवाणीहरूले तुरुन्तै पूरा हुने सत्यता घोषणा गरे र भविष्यमा पूरा हुने सत्यताको भविष्यवाणी गरे। कुनै-कुनै भविष्यवाणीहरू अझै पूरा भएका छैनन्। अन्तको समयमा हुने घटनाहरूको बारेमा तिनीहरूले बताएका छन्। इजकिएल, दानिएल र प्रकाशका पुस्तकहरूले यिनीहरूमध्ये धेरैलाई समावेश गरेका छन्।

नयाँ करारमा पूरा भएका र व्याख्या गरिएका भविष्यवाणीहरूलाई सबैभन्दा पहिले अध्ययन गर्नु सहयोगपूर्ण हुन्छ। उदाहरणको लागि, प्रेरितको पुस्तकले पुरानो करारका धेरै अगमवाणीहरूको परिपूर्तिलाई सम्बोधन गरेको छ। यसमा पवित्र आत्माको खन्याइ, ख्रीष्टको दुःख र उहाँप्रतिको तिरस्कार, मिश्रमा इस्राएलका सन्तानको दासत्व, ख्रीष्टको पुनरुत्थान, अन्यजातिहरूका निम्ति उद्धार, सुसमाचारको बुझाइप्रति मानिसहरूको हृदयको कठोरताजस्ता विषयहरू समावेश गरिएको छ।

केही अगमवाणीमा धेरै चिन्हहरू समावेश गरिएका हुनाले यसको अर्थ बुझ्न कठिन भए तापनि हाम्रो निम्ति भएको परमेश्वरको योजनाको स्पष्ट चित्र प्राप्त गर्नको लागि हामीले यसलाई अध्ययन गर्न आवश्यक छ। पुरानो करारका अन्तिम १७ वटा पुस्तकहरू, भजनसंग्रह र प्रकाशको पुस्तकमा भविष्यवाणीका महत्त्वपूर्ण खण्डहरू समावेश गरिएका छन्।

**अगमवाणी (भविष्यवाणी)**



## कविता

कविता यस्तो लेखाइ हो, जसले गहिरो भावना प्रकट गर्नका लागि लय र हारको नमूनालाई प्रयोग गरेको हुन्छ। इतिहासले वास्तविक घटना वा मानिसले के गर्छ सो बताउँछ,

कविताले चाहिँ मानिसले के विचार गर्छ र कसरी अनुभव गर्छ– खुशी, निराश, दुःखी वा आनन्दित– सो बताउँछ। कविताले धेरै आलंकारिक भाषा प्रयोग गरेको हुन्छ। इतिहासलाई जस्तै यसलाई शाब्दिक अर्थमा व्याख्या गर्न सकिँदैन। जब हामी अय्यूब, भजनसंग्रह, हितोपदेश, उपदेशक र श्रेष्ठगीतका कवितात्मक पुस्तकहरू र बाइबलभरि छरिएका अरू कवितात्मक खण्डहरू पढ्छौं, हामीले आलंकारिक भाषाको प्रयोगलाई ध्यान दिनु आवश्यक छ।

**कविता**



**समानन्तर**

मेरा शब्दहरूलाई सुन्नुहोस्।

मेरो क्रन्दन सुन्नुहोस्

**भिन्नता**

फिक्रीले तेरो आनन्द लुट्न सक्छ

तर दयालु वचनले तँलाई प्रसन्न तुल्याउँछ

आफ्ना विचारहरूलाई लय दिनका लागि, हिब्रू लेखकहरूले विचारका दुइ हरफहरूलाई प्रायःजसो एक-अर्कासँग सम्बन्धित गराएका छन्। यसलाई *समानन्तर* भनिन्छ। यो सम्बन्धचाहिँ दोहोऱ्याइ हुन सक्छ। भजनसंग्रह ५-मा पहिलो हरफ "हे परमप्रभु, मेरा वचनहरूमा कान थाप्नुहोस्, मेरो सुस्केरामा ध्यान दिनुहोस्"-चाहिँ अर्को हरफमा पनि दोहोरिएको छ, "हे मेरा परमेश्वर, हे मेरा राजा, मेरो दुहाई सुनिदिनुहोस्!" अर्का दुइ हरफहरूले एक-अर्कालाई दोहोऱ्याएका छन् र पूरै खण्डभरि नै यस तरीकालाई निरन्तर रूपमा देख्न सकिन्छ।


*भिन्नताद्वारा* पनि दुइ हरफहरू सम्बन्धित हुन सक्छन्: "चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ, तर दयालु वचनले त्यसलाई हर्षित तुल्याउँछ" (हितोपदेश १२:२५)। वा *एउटा विचार अर्कामा थपेर* यसलाई व्याख्या गर्न सहायता पुऱ्याउन पनि दुइ हरफहरू सम्बन्धित हुन सक्छन्। यो तरीका अय्यूब ३६:२१-मा प्रयोग भएको छ, जुन यसरी शुरू हुन्छ, "दुष्ट कामतिर नफर्कनुहोस्।" अर्को हरफले अर्थ थप्छः "त्यसकै निम्ति नै तपाईंलाई विपत्तिद्वारा जाँच गरिएको हो।"

कवितात्मक पुस्तकका मुख्य विचारहरू हाम्रो जीवनमा भएका भावनात्मक कुराहरूका बारेमा छन्। अय्यूबको पुस्तकले मानव दुःखको बारेमा वर्णन गरेको छ। परमेश्वरलाई गरिनुपर्ने आराधनामा भजनसंग्रहले हामीलाई अगुवाइ गर्छ। व्यावहारिक र हरेक दिनका काम कुराहरूलाई सञ्चालन गर्न हामीलाई बुद्धिको आवश्यकता छ भनी हितोपदेशको पुस्तकले देखाउँछ। उपदेशकको पुस्तकले जीवनको नकारात्मक पक्षलाई देखाउँछ। अनि श्रेष्ठगीतले वैवाहिक प्रेमको प्रकट गर्छ।

**पत्रहरू**

पत्रहरूलाई परिचित गर्न सजिलो छ। तिनीहरू अभिवादनसाथ शुरू हुन्छन्, मुख्य सन्देश हुन्छ, र विदाइको अभिवादनसाथ समाप्त गरिन्छ। पत्रको मुख्य विषयवस्तु कसैको पत्रमा उल्लेख भएको प्रश्नहरूको उत्तरसँग सम्बन्धित भएको हुन सक्छ। यसरी यो कुरा याद गर्नु महत्त्वपूर्ण छ, कि पत्रचाहिँ विशेष आवश्यकताको निम्ति प्रत्युत्तर हो। कुनै पनि विषयमा यसले पूरै शिक्षा संलग्न गरेको हुँदैन।

प्रेरित पावलले नयाँ करारका १३ वटा पत्रहरू लेखेका थिए। अरू धेरै मानिसहरूले अरू ८ वटा पत्रहरू लेखेका थिए। हामीले यी सबै पत्रहरू पढेर तिनीहरूका शिक्षालाई तुलना गर्दा, हामी हाम्रो विश्वास र ख्रीष्टमा भएको नयाँ जीवनको निम्ति मार्गदर्शन प्राप्त गर्छौं।



## तपाईंको अभ्यासको निम्ति

४ (तल दिइएका यी प्रत्येक बाइबल पदहरूलाई पढ्नुहोस् र प्रत्येकमा लेखाइको कुन ढाँचा प्रयोग गरिएको छ सो लेख्नुहोस्।

| | |
|---|---|
| ...क) फिलिप्पी १:१-२ | १) इतिहास |
| ...ख) सपन्याह १:१४-१८ | २) अगमवाणी (भविष्यवाणी) |
| ...ग) भजनसंग्रह ६१ | ३) कविता |
| ...घ) १ कोरिन्थी ५:९-११ | ४) पत्र |
| ...ङ) २ शमूएल ७:१८-२८ | |
| ...च) अय्यूब ३६:२२-२६ | |
| ...छ) प्रेरित २:१-१३ | |
| ...ज) प्रकाश ४:१-११ | |

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ **क**) १) शाब्दिक

**ख**) २) आलंकारिक

**ग**) २) आलंकारिक

**घ**) २) आलंकारिक

ग र घ-मा येशूले ख्रीष्टियानहरूलाई भेड़ासँग तुलना गर्नुभएको छ।

३ **क**) ३) भिन्नता; जीवनको कटनीसँग मृत्युको कटनीको भिन्नता देखाइएको छ।

**ख**) १) दोहोऱ्याइ; मिल्दाजुल्दा भनाइहरू, जस्तैः "ख्रीष्ट, आफै," "उहाँको आफ्नै शरीरसँग," "उहाँलाई हराउनुभयो," "उहाँको मृत्युद्वारा," "ख्रीष्ट आएर प्रचार गर्नुभएको क्रूसद्वारा" "ख्रीष्टद्वारा।"

**ग**) ४) र ५) विकासशील र मुख्य बुँदाहरू; एलियाले परमेश्वरको आज्ञापालन गरे, घटनाको यस क्रममा प्रत्येक कुरामा उनी परमेश्वरमा भरोसा राख्छन्, र अन्त्यमा विधवाले उनलाई परमेश्वरका सेवकका रूपमा चिन्छिन्।

**घ**) ५) मुख्य बुँदाहरू; परमेश्वरले गिदोनलाई तीनवटा चिन्हहरू दिनुभयो, जसले एकैसाथ उनको निर्णयमा सहायता गरेको थियो।

**ङ**) २) कारणहरू र नतीजाहरू; सोलोमनले बुद्धि र ज्ञानका लागि प्रार्थना गरेका हुनाले यसले परमेश्वरलाई खुशी तुल्याएको थियो, जसको फलस्वरूप परमेश्वरले उनलाई यो र अरू धेरै कुरा दिनुभयो।

**च**) ३) भिन्नता; दुष्टताको पुरानो जीवन, भूट र रीसलाई नयाँ जीवन वा नयाँ इच्छा र नयाँ विचार, सत्यता र शान्ततासँगको भिन्नता देखाइएको छ।

तपाईंका विचारहरू यहाँ दिइएका जस्तै छैनन् होला, तर तपाईंका आफ्नै छनोटका निम्ति कारणहरू दिन तपाईं सक्षम हुन सक्नुपर्छ।

२ **क**) २) मानिसका पुत्र।

**ख**) ३) शैतान (दुष्ट)।

**ग**) १) परमेश्वरको राज्यका मानिसहरू।

**घ**) ४) दुष्टका मानिसहरू।

**ङ**) ७) यो संसारजस्तो छ।

**च**) ५) युगको अन्त।

**छ**) ६) स्वर्गीय राज्य।

**४ क**) ४) पत्र; यो पत्रको शुरूमा भएको अभिवादन हो।

**ख**) २) अगमवाणी; अन्तको समयमा भविष्यका घटनाहरूलाई यसले पहिल्यै बताउँछ।

**ग**) २) अगमवाणी र ३) कविता; यसमा हरफहरू र समानन्तरका नमूनाहरू छन् र यसले परमेश्वरको सत्यताको घोषणा गर्छ।

**घ**) ४) पत्र; विशेष मानिसहरूका समस्याहरूका सम्बन्धमा उनीहरूलाई दिइएको प्रतिउत्तर।

**ङ**) १) इतिहास; दाऊदलाई के भएको थियो त्यस घटनाको विवरण यसले दिन्छ।

**च**) ३) कविता; यसमा हरफहरू र समानन्तरका नमूनाहरू छन्।

**छ**) १) इतिहास; पेन्तिकोसको दिनमा भएको घटनाको विवरण।

**ज**) २) अगमवाणी; भविष्यका घटनाहरूको दर्शन वा वाणी हो।

पाठ ४

# बाइबल अध्ययनको निम्ति तयारी

अहिले हामीले बाइबल अध्ययन गर्नुपर्ने कारणहरू उल्लेख गरी बाइबलको सम्बन्धमा छोटकरी वर्णन गरेका छौं, र अब बाइबल अध्ययन कसरी गर्नुपर्छ भन्ने विषयमा छलफल गर्न आवश्यक छ। यस पाठमा हामी यी विषयहरूका बारेमा कुरा गर्न चाहन्छौं, जसले तपाईंलाई अध्ययनको निम्ति तयारी पार्छ। तब अर्को चार पाठहरूमा तपाईंको अध्ययनलाई संगठन गर्ने कोही तरीकाहरूलाई हामी प्रस्तुत गर्नेछौं।

बाइबल अध्ययन गर्ने काम असम्भव छजस्तो तपाईंलाई लाग्छ होला। अध्ययन गर्नुपर्ने धेरै विषयवस्तुहरू त्यहाँ छन् र यिनीहरूमध्ये कुनै-कुनैचाहिँ बुझ्नलाई कठिन छन्। तर कुनै पनि अरू ठूला कामजस्तै, यदि तपाईंलाई यो काम गर्न र यसलाई ससाना भागमा विभाजन गर्न थाहा छ भने, तपाईंले ठूलो उपलब्धी प्राप्त गर्न सक्नुहुन्छ।

*बाइबललाई कसरी अध्ययन गर्ने* भनिने यस पुस्तकलाई ३५ तहको प्रक्रियामा तयारी गर्नका लागि २० जनाभन्दा धेरै व्यक्तिहरू आवश्यक पऱ्यो भनी थाहा पाउँदा तपाईंलाई अचम्म लाग्छ होला। धेरै कदम (तह)-हरू पूरा गर्नका लागि हप्तौं




लाग्यो र तीमध्ये कुनै-कुनैलाई दोहोऱ्याउनुपरेको थियो। परमेश्वर र तपाईंको निम्ति भएको उहाँको इच्छाको बारेमा जान्नको लागि तपाईंलाई सहायता पुऱ्याउन लेखिएका धेरै पुस्तकहरूमध्ये यो एउटा पुस्तक हो। केही वर्ष पहिले यो पूरै काम असम्भवजस्तो देखिन्थ्यो। कार्यको योजनाको कारणले नै यसलाई पूरा गर्न सकिएको हो।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

अध्ययनको निम्ति आधारभूत सामग्रीहरू
व्याख्याका आधारभूत नियमहरू
मार्गदर्शनको निम्ति प्रार्थना

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- बाइबल अध्ययनका निम्ति भएका आधारभूत सामग्रीहरूको वर्णन गर्न
- लेखकले चाहेको अर्थलाई व्याख्या गर्ने आधारभूत नियमहरूको वर्णन गर्न।
- तपाईंले अध्ययन गर्नुहुँदा तपाईंलाई सिकाउनका लागि किन पवित्र आत्माको आवश्यकता छ सो बताउन।

## अध्ययनको निम्ति आधारभूत सामग्रीहरू

उद्देश्य १ः *बाइबल अध्ययनको निम्ति तीन आधारभूत सामग्रीहरूको प्रयोगको बुझाइलाई देखाउनु।*

आत्मिक रूपमा वृद्धि हुने उत्तम उपायचाहिँ बाइबल अध्ययन हो। तपाईं अध्ययनहरूमा वा अरू मानिसहरूका शिक्षामा भरपर्न सक्नुहुन्न। परमेश्वरको वचनको अध्ययन व्यक्तिगत कार्य हो। तपाईं संलग्न हुने कामहरूमा योचाहिँ सबैभन्दा व्यक्तिगत काम हुन सक्छ। यस कामले तपाईंको पूरै व्यक्तित्वलाई असर पार्छ– तपाईं को हुनुहुन्छ र तपाईंले के गर्नुहुन्छ।

स्वभावैले, आफ्नो वरिपरि भएका मानिसहरूमाथि तपाईंले प्रभाव पार्नुहुन्छ। त्यसैले तपाईंको व्यक्तिगत बाइबल अध्ययनमा तपाईंले जे सिक्नुहुन्छ, तपाईंले अरूहरूसँग बाँड्नैपर्छ। तपाईंले सिकेर परमेश्वरको ज्ञानमा वृद्धि भएपछि, तपाईंले सण्डे-स्कूल (बाल-सङ्गति)-मा सिकाउनुपर्छ, सामुहिक बाइबल अध्ययनमा

बाँड्नुपर्छ र तपाईंका मित्रहरू र छिमेकीहरूलाई ख्रीष्टको बारेमा बताउनुपर्छ।




बाइबल अध्ययनको निम्ति तपाईंलाई आवश्यकता पर्ने सामग्रीहरू थोरै मात्र छन्। *निश्चय नै तपाईंलाई बाइबलको आवश्यक पर्छ।* (बाइबलका विभिन्न अनुवादहरू छन् भने ती सबैलाई जम्मा गर्नु उपयुक्त हुन्छ।) बाइबलले मानिसलाई परमेश्वरको सबै प्रकाश प्रकट गरिदिन्छ। ख्रीष्टमा भएको तपाईंको नयाँ जीवन र स्वर्गमा तपाईंको अनन्त जीवनको बारेमा तपाईंले जान्नुपर्ने सबै कुरा यसले तपाईंलाई बताइदिन्छ। यसैले बाइबल नै यसको आफ्नै व्याख्याकार हो। जति धेरै तपाईं यसलाई पढ्नुहुन्छ, त्यत्ति नै धेरै अर्थ तपाईं बुझ्नुहुन्छ।


अध्ययनको *निम्ति भएको दोस्रो सामग्री तपाईंका आँखा र मन हुन्।* जब तपाईं आफ्ना आँखाहरूलाई प्रयोग गर्नुहुन्छ, एक अन्धो व्यक्तिले गर्न नसक्ने धेरै कुराहरूलाई तपाईं अनुभव गर्न सक्नुहुन्छ तर पनि देख्न सक्ने धेरै व्यक्तिहरू बेहोशी भएका हुनाले तिनीहरू वास्तवमा "देख्न" सक्दैनन् वा आफ्ना आँखा वा विचार गर्न सक्ने आफ्नो क्षमतालाई प्रयोग गरेर अनुभव गर्न सक्ने कुरालाई पनि तिनीहरू अनुभव गर्न सक्दैनन्।

## पढ्नुहोस् र विचार गर्नुहोस्

शारीरिक दृष्टि आत्मिक दृष्टिसँग नजीकतामा सम्बन्धित छ। यसको अर्थ परमेश्वरको लुकेको सत्यतामा ज्ञान वा अन्तरदृष्टि प्राप्त गर्नु हो। वास्तवमा, पवित्रशास्त्र बाइबलले 'देख्नु' भनी प्रयोग गरेको शब्दको अर्थ 'आत्मिक सत्यता जान्नु' हो। २ कोरिन्थी ४:४-अनुसार ख्रीष्टको बारेको सुसमाचार विश्वास नगर्नेहरूचाहिँ शैतानद्वारा अन्धा पारिएका छन्, यसैले परमेश्वरको वचनबाट आउने सत्यतालाई तिनीहरू देख्न सक्दैनन्। (मत्ती १३:१४-१६ पनि हेर्नुहोस्।) अनि यशैया ४४:१८-ले बताउँछ कि जसले परमेश्वरलाई इन्कार गर्छन्, "तिनीहरूले सत्यताप्रति आफ्ना आँखा र मनलाई बन्द गरेका हुन्छन्।" मत्ती ५:८-ले हामीलाई बताएझैं हृदयमा शुद्ध हुनेहरू र परमेश्वरलाई प्रेम गर्नेहरूले "परमेश्वरलाई देख्नेछन्।" यसो भए तापनि आफूले जसरी परमेश्वरको वचन अध्ययन गर्नुपर्ने हो, सो नगरेकोमा धेरै ख्रीष्टियानहरू दोषी छन्। तिनीहरूले सक्ने केसिमको सत्यतालाई "देख्न" वा अनुभव गर्न तिनीहरू सक्दैनन्।

यदि तपाईंले वचनलाई स्पष्ट पार्नका लागि पवित्र आत्मालाई स्थान दिनुभयो भने, तपाईंमा ख्रीष्टको मन निर्माण हुन थाल्छ (१ कोरिन्थी २:१६)। तपाईंको अध्ययनको उद्देश्य आत्मिक ज्ञान प्राप्त गर्नु हो। तपाईं परमेश्वरको सत्यतालाई जान्न र तपाईंको दैनिक निर्णय र कामहरूमा यसलाई आफ्नो जीवनमा प्रयोग गर्न चाहनुहुन्छ (१ कोरिन्थी २:१३-१६)। ध्यानपूर्वक


गरिएको अध्ययनद्वारा तपाईंको नयाँ जीवनको बारेमा भएका बाइबलका शिक्षाहरूको ज्ञान तपाईंले प्राप्त गर्नुहुनेछ। झूटा शिक्षाहरू चिन्न र इन्कार गर्न तपाईं अझै तयारी बन्नुहुनेछ। बाइबल आधारित नभएका नियमहरूलाई पालन गर्न लगाएर तिनीहरूले ख्रीष्टियानहरूलाई सत्यताबाट टाढ़ा लैजाने कोशिश गर्छन् (एफिसी ४:१४ पढ्नुहोस्।)




*तपाईंको तेस्रो सामग्रीचाहिँ कलम* हो र तपाईंले बाइबल पढ्नुहुँदा बुँदाहरू लेख्दैजानुहोस्। केही कुरालाई लेखेपछि त्यसलाई याद गर्न सजिलो पर्छ, किनकि तपाईंले भिन्नै किसिमले यसलाई "देख्नुहुन्छ"। दोहोऱ्याइएका शब्दहरू वा उल्लेख गरिएका विशेष कुराहरूलाई तपाईंले लेख्दैजानुहुँदा, लेखकले लेखेको कुरालाई तपाईंले वास्तविक रूपमा धेरै "देख्नुहुन्छ"। अरू खण्डहरूबाटका बाइबल पदहरूलाई पनि लेख्नुहोस् र यसरी तपाईं तिनीहरूलाई पढ्न र तुलना गर्न सक्नुहुन्छ। अनि तपाईंले पढ्नुहुँदा तपाईंको मनमा आउने कुनै प्रश्न वा तपाईंसँग कुनै विचारहरू छन् भने त्यसलाई पनि लेख्नुहोस्। पछि गएर जब तपाईं आफूले लेख्नुभएका बुँदाहरूलाई पढ्नुहुन्छ, तपाईंले बाइबललाई अझै राम्रोसँग बुझ्न थाल्नुहुन्छ र तपाईंका कुनै प्रश्नहरूका जवाफ पनि दिन सक्नुहुन्छ।

बाइबल, तपाईंका शारीरिक र मानसिक आँखा र कलम, यी तीन सामग्रीहरू नै बाइबल अध्ययनका निम्ति तपाईंलाई आवश्यक पर्ने कुराहरू हुन्। बाइबल अध्ययनमा सहयोग पुऱ्याउनका लागि त्यहाँ अरू सामग्रीहरू पनि छन्। बाइबल शब्दहरू र तीसम्बन्धी पदहरू उल्लेख गरिएका क्रमिक सूची भएको पद-साङ्लोलाई तपाईं प्रयोग गर्न सक्नुहुन्छ। उदाहरणको लागि, यदि तपाईं 'विश्वास'-को बारेमा धेरै पदहरू पढ्न चाहनुहुन्छ भने पद-साङ्लोमा "विश्वास" शब्द भेट्टाई तपाईं त्यो सजिलैसँग गर्न सक्नुहुन्छ। धेरै बाइबलहरूमा पछाडिपट्टि छोटो पद-साङ्लो राखिएको हुन्छ।

बाइबल शब्दकोश यस्तो सामग्री हो, जसले कठिन शब्दहरूका परिभाषा र बाइबल समय, ठाउँ, संस्कृति र मानिसहरूका बारेमा सूचना उपलब्ध गरिदिन्छ। अर्को किसिमको सामग्रीचाहिँ बाइबल टिप्पणी हो। यी विभिन्न बाइबल विद्वान्हरूद्वारा लेखिएका पुस्तकहरू हुन् जसले आफ्नो लामो र गहिरो अध्ययनमा आधारित पवित्रशास्त्रको आफ्नो बुझाइलाई लेखेका हुन्छन्।



यदि कुनै पनि यी अतिरिक्त सामग्रीहरू तपाईंका लागि उपलब्ध भएनन् भने पनि फिक्री नगर्नुहोस्। अध्ययन सहयोगीहरू प्राप्त गर्न सक्नुभएन भने पनि पवित्र आत्माले वचनको अर्थ तपाईंलाई प्रकट गरिदिनुहुनेछ। यस पाठ्यपुस्तकमा तपाईंले सिक्नुभएको अध्ययन तरीकालाई व्यवहारमा लगाउनुहुँदा ईश्वरीय मार्गदर्शनको निम्ति बिन्ती गर्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

१ मानिसलाई दिइएको परमेश्वरको प्रकाशको बारेमा सिक्न तपाईं बाइबलमा मात्र भर पर्न सक्नुहुन्छ, किनकि

**क**) अरू ठूला धार्मिक पुस्तकहरूले यसको सामग्रीलाई नकल गरेका छन्।

**ख**) मानिसलाई दिइएको परमेश्वरको प्रकाशको बारेमा कुनै पनि अरू पुस्तकहरूले छलफल गरेका छैनन्।

**ग**) बाइबलले मानिसलाई परमेश्वरको सम्पूर्ण प्रकाश प्रकट गराएको छ।

२ बाइबल अध्ययनका निम्ति सबैभन्दा महत्त्वपूर्ण सामग्री

**क**) प्रख्यात लेखकहरूद्वारा लेखिएका टिप्पणीहरू हुन्।

**ख**) बाइबल, तपाईंका आँखा र कलम हुन्।

**ग**) नयाँ प्रकाशसम्बन्धी पुस्तकहरू हुन्।

३ आत्मिक दृष्टि र आँखाको दृष्टिको सम्बन्धलाई कुन बयानद्वारा प्रकट गरिएको छ?

**क**) सत्यतालाई देख्नु।

ख) सत्यताको परिस्थिति।
ग) देख्ने ज्योति।

४ तपाईंले अध्ययन गर्दैजानुहुँदा बुँदाहरू लेख्नुको मुख्य उद्देश्य
क) आफूले अध्ययन गर्नुभएको कुराको विवरण राख्नु।
ख) पढ़ेको कुरा याद गर्नु।
ग) अध्ययन गर्नुभएको कुरालाई भिन्नै किसिमले हेर्नु।

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

---

## व्याख्याका आधारभूत नियमहरू

---

उद्देश्य २: *व्याख्याका तीन आधारभूत नियमहरूको बुझाइलाई देखाउनु।*

बाइबलको अध्ययन कसरी शुरू गर्ने भन्ने सम्बन्धमा तपाईं अलमलमा पर्नुभएको होला। कुन पुस्तकबाट तपाईंले शुरू गर्नुपर्छ होला? प्रत्येक दिन तपाईंले कतिवटा पदहरू पढ्नैपर्छ त?

तपाईंले छोटो पुस्तकबाट शुरू गर्नुपर्छ (हामीले पाठ ५-मा अध्ययन गर्ने कलस्सीको पुस्तकजस्तै) र प्रत्येक दिन करीब २०-२५ पदहरू पढ्नुपर्छ। तपाईंले यसभन्दा पनि धेरै पढ्न सक्नुहुन्छ होला, तर तपाईंको अध्ययनले धेरै समय लिन्छ। तपाईंको अध्ययनबाट पूरा लाभन्वित हुनका लागि तपाईंले छोटो खण्डलाई लिनुपर्छ।

अध्ययन कसरी गर्नुपर्छ भन्ने बारेमा तपाईंका प्रश्नहरू भएझैं बाइबलका विशेष खण्डका अर्थका बारेमा पनि तपाईंका

प्रश्नहरू हुन सक्छन्। ती खण्डहरूका अर्थलाई तपाईं कसरी व्याख्या गर्न सक्नुहुन्छ? *व्याख्याको एउटा नियमचाहिँ हो:* पवित्रशास्त्र बाइबलको प्रत्येक खण्डको बारेमा प्रश्नहरू सोध्नु। लेखक को हो? उनको मुख्य उद्देश्य के हो? उनले कसलाई लेखेका हुन्? खण्ड के वा केको बारेमा लेखिएको छ? कसको कुरा कसरी गरिएको थियो? यो कहिले भयो? यो कहाँ भयो? यस खण्डको अर्थ के हो? यसो भन्नुको उद्देश्य के थियो? यसले के सत्यताको सुझाव दिन्छ?

व्याख्या गर्नका लागि उदाहरण खण्डको रूपमा हामी रोमी ८:२६-२७-लाई प्रयोग गर्नेछौं।

> त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ।

पहिला तीन प्रश्नहरूका उत्तर हामी दिन सक्दैनौं। तर यी पदहरू *केका* बारेमा छन् सो हामी देख्न सक्छौं। तिनीहरू प्रार्थनाका बारेमा छन्, हाम्रा निम्ति भएका पवित्र आत्माका प्रार्थनाहरू। पवित्र आत्माले "सुस्केरा"-मा प्रार्थना गर्नुहुन्छ। यो हामी भित्रका गहिराइबाट "हाम्रा हृदयहरूमा आउँछ" जहाँ आत्मा वास गर्नुहुन्छ (यूहन्ना १४:१५-१७ हेर्नुहोस्)। हामीले कसरी प्रार्थना गर्नुपर्ने हो सो नजान्दा पवित्र आत्माले प्रार्थना गर्नुहुन्छ। परमेश्वरका जनहरू जहाँसुकै भए तापनि पवित्र आत्माले तिनीहरूका निम्ति प्रार्थना गरिदिनुहुन्छ। यस खण्डको अर्थ यही हो कि हामीसँग महान् सहयोगकर्ता हुनुहुन्छ। उहाँले

केवल हाम्रो निम्ति परमेश्वरसँग बिन्ती मात्र गर्नुहुन्न तर परमेश्वरको इच्छाअनुसारको बिन्ती गरिदिनुहुन्छ। लेखकको मुख्य उद्देश्यलाई यी पदहरूले कसरी सेवा पुऱ्याएका छन् सो अहिलेसम्म हामीले देखेका छैनौं, तर हाम्रो विश्वासमा उत्साह दिनका लागि तिनीहरूले सेवा पुऱ्याएका छन्। तिनीहरूले एउटा कुराको सल्लाह दिन्छन् कि परमेश्वरको इच्छा पूरा गर्न हामीले साँच्चै खोज्यौं भने पवित्र आत्माले हाम्रा मनहरूलाई नयाँ तुल्याउनुहुनेछ। तब हामी परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न सक्छौं।




**अर्थ स्पष्ट पार्नका लागि सन्दर्भले सहायता पुऱ्याउँछ।**

अरू प्रश्नहरूका उत्तर दिनका लागि, यस खण्ड वरिपरिका पदहरूलाई हामीले पढ्नैपर्छ। वरिपरिका विषयवस्तुलाई *सन्दर्भ*

भनिन्छ। १-२५ पदहरूका पढ़ाइद्वारा हामी देख्छौं कि परमेश्वरका सन्तानका रूपमा (१४,१७ पदहरू) आत्मामा भएको हाम्रो नयाँ जीवनको बारेमा लेखकले छलफल गरेका छन् (५,६ पदहरू) र भविष्यत् महिमामा हाम्रो ठूलो आशा छ (१८ पद)। यो सन्दर्भले हाम्रा प्रार्थनाहरूमा पवित्र आत्माको शक्ति हामीसँग किन छ भनी अझै बुझ्नका लागि हामीलाई सहायता पुऱ्याउँछ। योचाहिँ ख्रीष्टमा हामी को हौं, त्यसकै कारणले हो।

रोमी १ अध्यायको पढ़ाइबाट हामी सिक्छौं कि प्रेरित पावलले (१ पद) रोमको मण्डलीलाई यो पत्र लेखेका थिए (७ पद)। आफूले ख्रीष्टियान अभिवादन दिएपछि, उनले १६ र १७ पदहरूमा आफ्नो मुख्य उद्देश्यलाई उल्लेख गरेका छन्ः येशू ख्रीष्टको सुसमाचारले सिकाउँछ कि मुक्ति (उद्धार)-चाहिँ विश्वासद्वारा पाइन्छ अरू कुराहरूद्वारा होइन। पवित्र आत्माद्वारा हाम्रो विजयतालाई २६ र २७ पदहरूमा दिइएको जोड़ले पावलको मुख्य उद्देश्यलाई कसरी समर्थन गर्छ सो हामी देख्न सक्छौं। विश्वासले उद्धार र स्वर्गमा भविष्यत् महिमा ल्याउँछ भनी उनले सिकाएका छन्।

*व्याख्याको* दोस्रो *नियमचाहिँ यो होः* बाइबलको अर्थलाई यसको सन्दर्भअनुसार व्याख्या गर्नु। कुनै एउटा पद वा कुनै पदको भागलाई सन्दर्भबाट बाहिर प्रयोग गर्नाले झूटा शिक्षा उत्पन्न हुन सक्छ। कहिलेकहीँ मानिसहरूले परमेश्वरका प्रतिज्ञाहरूको दाबी गर्छन् तर त्यसका शर्तहरूलाई बेवास्ता गर्छन्। (शर्तहरूलाई मत्ती ६:३३-मा हेर्नुहोस्।) पदको सन्दर्भमा आधारित अर्थमा ध्यान नदिई कोही-कोहीले आफ्नै विश्वासको समर्थन गर्नका लागि कुनै पदलाई प्रयोग गर्छन्। उदाहरणको लागि आफ्नी पत्नीलाई छोड्पत्र गर्न चाहने व्यक्तिले आफ्नो इच्छाको समर्थन गर्नका लागि १ कोरिन्थी ७:१-लाई प्रयोग गर्छ होला। तर उसको बहसको निम्ति यो पद मात्र

पर्याप्त छैन। वास्तवमा, जब हामी पूरै ७ अध्याय, एफिसी ५ र १ तिमोथी ४:१-४-लाई पढ्छौं, हामी यही कुरा देख्छौं कि छोड्पत्र परमेश्वरको अगाड़ि ग्रहणयोग्य छैन।

जब कुनै खण्डले सीमित शिक्षा वा अस्पष्ट कुरालाई प्रस्तुत गर्छ भने सम्बन्धित शिक्षाहरू भएका अन्य खण्डहरूलाई हामीले अध्ययन गर्नुपर्छ। *व्याख्याको यो तेस्रो नियमले* सत्यताको पूर्ण र सन्तुलन शिक्षालाई उपलब्ध गरिदिन्छ। तपाईंको बाइबलको अन्तमा सम्बन्धित पदहरूलाई हेर्नुहोस्।

तपाईंले बाइबल जति धेरै पढ्नुहुन्छ, यी तीन नियमहरू प्रयोग गर्नका लागि तपाईंलाई सजिलो पर्छ।

---

**तपाईंको अभ्यासको निम्ति**

**५** तल दिइएका उत्तरहरू छानी वाक्यलाई पूरा गर्नुहोस्ः

**क**) तपाईंले बाइबलका खण्डहरूलाई पढ्नुहुँदा यसले तपाईंलाई .................................. सहायता गर्नेछ।
खण्डलाई व्याख्या गर्न\तपाईंलाई कति थाहा छ सो जान्न

**ख**) यदि तपाईंले बाइबलको कुनै खण्डमा धेरै प्रश्नहरूलाई जवाफ दिन सक्नुभएन भने तपाईंले ......................
..................................................................

अरू नै कुराहरू पत्ता लगाउनुपर्छ। धेरै उत्तरहरू भेट्टाउनका लागि सन्दर्भ पढ्नुपर्छ।

ग) तपाईंको बाइबलको अन्तमा दिइएका सान्दर्भिक पदहरू ..................................... महत्त्वपूर्ण छन्। अध्ययन गर्ने सबैका निम्ति। शिक्षकहरूका निम्ति मात्र

घ) व्याख्याका नियमहरूको प्रयोगले .......................... ............................. तपाईंलाई सहायता गर्छ। तपाईंका विचारहरूको समर्थन पाउन। झूटा विचारहरू रोक्न।

**६** रोमी १४:४ पढ्नुहोस् र तपाईंले यसलाई पढ्नुहुँदा व्याख्या गर्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस्।

**क**) यो पद केको बारेमा छ? ....................................

...............................................................

**ख**) १-६ पदहरूमा सन्दर्भ पढ्नुहोस्। के कुराले रोमको मण्डलीमा समस्या ल्याएकोजस्तो देखिन्छ?

...............................................................

...............................................................

**ग**) कलस्सी २:१६ पढ्नुहोस्, जुनचाहिँ रोमी १४:१-६ र १ तिमोथी ४:३-को निम्ति सन्दर्भ पदहरूको रूपमा दिइएका छन्। यी पदहरूले के कुराको सुझाव दिन्छन्? ..................................................

...............................................................

**घ)** याकूब ४:११-१२ पढ्नुहोस्, जसले सम्बन्धित शिक्षाहरू दिन्छन्। यसले कुन नयाँ अधर्मको सुझाव दिन्छ?

..................................................................................

..................................................................................

**ङ)** मत्ती ७:१-५ र लूका ६:३७,३८,४१-४२ पढ्नुहोस्, जसले यस विषयमा येशूका शिक्षाहरू दिन्छन्। लूका ६:३७-३८-मा अरूहरूप्रतिको हाम्रो व्यवहारको बारेमा के थप जोड़ दिइएको छ? ......................................

..................................................................................

**च)** ४ पदको गहिरो शिक्षा के हो भनी जान्नका लागि पूरै रोमी १४ अध्यायलाई पढ्नुहोस्। तपाईंले भन्दा भिन्नै किसिमले विश्वास गर्ने ख्रीष्टियान दाजु-भाइहरूका बारेमा तपाईंले के गर्नुपर्छ त? ......................................

..................................................................................

## मार्गदर्शनको निम्ति प्रार्थना

उद्देश्य ३: *तपाईंको प्रार्थना र परमेश्वरको वचनको अध्ययनको बीचको सम्बन्धलाई थाहा गर्नुहोस्।*

हाम्रो निम्ति भएको परमेश्वरको इच्छामा हामीलाई अगुवाइ गर्नका लागि हामीसँग पवित्र आत्मा हुनुहुन्छ। पवित्र आत्मा निरन्तर रूपले हामीमा वास गर्नुहुन्छ र उहाँ हाम्रा मार्गदर्शक हुनुहुन्छ। १ यूहन्ना २:२७-मा यसलाई वर्णन गरिएको छः

तिमीहरूले उहाँबाट पाएको अभिषेक (आत्मा) तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउने आवश्यकता पर्दैन। तर उहाँको अभिषेक (आत्मा)-ले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन।



आफूमा परमेश्वरका आत्मा नहुने मानिसहरूले बाइबलका आत्मिक सत्यताहरूलाई व्याख्या गर्न सक्दैनन् भन्ने कुरालाई याद गर्नुहोस्। पवित्र आत्माको सहायता नमागीकन हामी पनि यो गर्न सक्दैनौं। उहाँले जबरदस्ती हामीमा सत्यता लाद्नुहुन्न। राजा दाऊदले घरीघरी गरेझैं समझको निम्ति हामीले प्रार्थना गर्नैपर्छ।

> मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ। म ता पृथ्वीमा एक प्रवासी हुँ, तपाईंका आज्ञाहरू मबाट नलुकाउनुहोस्। तपाईंका नियमहरू जान्नलाई मेरो प्राण सधैं तिर्खाएको हुन्छ (भजनसंग्रह ११९:१८-१९)।

प्रभावशाली बाइबल अध्ययन प्रार्थनामा भर पर्छ। प्रार्थनाले परमेश्वरसँगको हाम्रो सम्बन्धमा हाम्रो नम्रता, ईमानदारिता, र हाम्रो पूर्ण समर्पणको सम्बोधन गर्छ। हामीलाई सहायता र अगुवाइको आवश्यकता छ भनी प्रार्थनाले देखाउँछ। हाम्रो अध्ययनमा ध्यान दिन र बाइबल पाठहरूमा प्रतिउत्तर दिनका लागि प्रार्थनाले हामीलाई सहायता पुऱ्याउँछ। प्रार्थनाले हाम्रो मन खोलिदिन्छ। यसरी सत्यता प्राप्त गर्नका लागि हामी तयार हुन्छौं:

> यसकारण आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको आशा पूर्ण रूपले राख (१ पत्रुस १:१३)।

२ तिमोथी ३:१६-१७-ले भनेका कुरालाई हामी यहाँ फेरि उद्धृत गरौं:

> सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।

हामीले किन परमेश्वरको वचन अध्ययन गर्नुपर्छ भनी यस खण्डले हामीलाई देखाउँछ। तपाईंले यस पुस्तकलाई अध्ययन गर्नुहुँदा परमेश्वरको वचनलाई व्याख्या गर्ने सम्बन्धमा सिक्नका लागि परमेश्वरका आत्माले तपाईंलाई सहायता गर्नुभएको होस्।

**तपाईंको अभ्यासको निम्ति**

७ प्रत्येक पूर्ण वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। प्रभावशाली बाइबल अध्ययनको निम्ति प्रार्थना आवश्यक छ, किनकि

- **क**) पवित्र आत्मा हाम्रा शिक्षक हुनुहुन्छ।
- **ख**) मार्गदर्शनको निम्ति भएको हाम्रो आवश्यकतालाई हामी प्रार्थनाद्वारा स्वीकार गर्छौं।
- **ग**) यसले हामीलाई सत्यता ग्रहण गर्न लगाउँछ।
- **घ**) मेहनतसाथ अध्ययन गर्ने बोझ यसले हामीबाट हटाइदिन्छ।

अहिले तपाईंले पहिला चार पाठहरूलाई सिध्याउनुभएको छ, अब तपाईं तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो भाग पूरा गर्नका लागि तयारी हुनुहुन्छ। पाठ १-४-लाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ निर्देशककहाँ पठाउनुहुँदा, अध्ययनको लागि अर्को पाठ्यपुस्तकको बारेमा पनि सोध्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) बाइबलले मानिसहरूलाई परमेश्वरको सम्पूर्ण प्रकाश प्रकट गराएको छ।

५ क) खण्डलाई व्याख्या गर्न।

ख) धेरै उत्तरहरू भेट्टाउनका लागि सन्दर्भ पढ्नुपर्छ।

ग) अध्ययन गर्ने सबैका निम्ति।

घ) झूटा विचारहरू रोक्न।

२ ख) बाइबल, तपाईंका आँखा र कलम हुन्।

६ क) ख्रीष्टमा भएका हाम्रा भाइहरूको न्याय हामीले गर्नुहुँदैन। तिनीहरूका मालिक ख्रीष्ट हुनुहुन्छ। उहाँले नै तिनीहरूको न्याय गर्नुहुन्छ।

ख) मानिसहरूले के खान सक्छन् र के खान सक्दैनन् र एक दिन अर्को दिनभन्दा ठूलो हो वा होइन भन्ने बारेमा त्यहाँ ठूलो बहस छ। १७ पदलाई तपाईंले पढ्नुभयो भने तपाईंले देख्नुहुन्छ कि यीचाहिँ हाम्रो सरोकारको कुरा होइन।

ग) मार्गदर्शनका निम्ति हामीले मानिसहरूलाई भन्दा परमेश्वरलाई हेर्नुपर्छ। यसरी हाम्रो न्याय मानिसहरूबाट होइन तर परमेश्वरबाट हुन्छ।

घ) अर्को व्यक्तिलाई न्याय गर्ने कामले हाम्रो अनाज्ञाकारितालाई देखाउँछ। हामीले परमेश्वरसँग खेलबाड् गर्नुहुन्न वा हामीले अझै तीव्र रूपमा दण्ड पाउनेछौं।

ङ) हामीले अरूहरूको न्याय नगर्ने मात्र होइन, तर

तिनीहरूलाई दिएर हामीले तिनीहरूलाई क्षमा दिनुपर्छ र प्रेम गर्नुपर्छ।

च) तिनीहरूको न्याय गर्न वा तिनीहरूलाई दोष लगाउनुहुँदैन। तिनीहरूको विश्वासलाई कमजोर तुल्याउने केही कुरा नगरी तिनीहरूलाई बचाउनुपर्छ।

३ क) सत्यतालाई देख्नु।

७ क) पवित्र आत्मा हाम्रा शिक्षक हुनुहुन्छ।

ख) मार्गदर्शनको आवश्यकतालाई प्रार्थनाद्वारा स्वीकार

ग) सत्यता ग्रहण गर्न लगाउँछ।

४ ग) तपाईंले अध्ययन गर्नुभएको कुरालाई भिन्दै किसिमले हेर्नु।

पाठ ५

# हरेक पुस्तकव
# अध्यय

हामीलाई आत्मिक रूपमा पोषण र अगुवाइ गर्नका ल
केही मनपर्दा बाइबल पदहरूमा भर पर्नु हाम्रो लागि सजिलो
देखिन्छ। तर ख्रीष्टको पूर्ण कदमा वृद्धि हुनका लागि हामी
परमेश्वरको वचनको 'पूर्ण खुराकको' आवश्यकता पर्छ (एि
४:१३)। यस लक्ष्यमा पुग्नका लागि हामीले दैनिक रू
परमेश्वरको वचनलाई हृदयबाट नै खानुपर्छ।

येशूले भन्नुभयो, "जीवनको रोटी म हुँ। मकहाँ अ
भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने
(यूहन्ना ६:३५)। जीवनको रोटीको रूपमा येशू
जीवनको श्रोत हुनुहुन्छ। ख्रीष्टमा भएको हाम्रो जीवनको ब
अझै बुझ्नका लागि बाइबलको हरेक पुस्तकले उहाँको ब
के बताउँछ, सो हामीले अध्ययन गर्नु आवश्यक छ।
विश्वास हाम्रो ज्ञान सँगसँगै वृद्धि हुन्छ।

परमेश्वरलाई खुशी पार्नका निम्ति के गर्नुपर्छ
मानिसहरूले येशूसँग प्रश्न गरे, हरेकले उहाँका पुत्रमा वि
गरेको परमेश्वर चाहनुहुन्छ भनी उहाँले जवाफ दिनुभयो।
हामी उहाँमा विश्वास गर्छौं, तब परमेश्वरले चाहनुभएको
हामी गर्न सक्छौं (यूहन्ना ६:२८-२९)।



**बाइबलको पूरा भोजनले आत्मिक वृद्धि ल्याउँछ**

**पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

तक अध्ययनका फाइदाहरू
येक पुस्तक अध्ययन गर्ने तरीका
नस्सीको पुस्तक

**पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

बाइबल अध्ययनका उद्देश्यहरूलाई अझै बुझ्न।
बाइबलको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई व्यवहारमा लगाउन।

## पुस्तक अध्ययनका फाइदाहरू

उद्देश्य १: *पुस्तक-पुस्तक गर्दै गरिएको अध्ययनको व्यक्तिगत फाइदाहरूको सूची बनाउनुहोस्।*

बाइबलको प्रत्येक पुस्तकको अध्ययनले परमेश्वरको पूर्ण प्रकाशमा तपाईंलाई बलियोसँग परिचित गराउँछ। बाइबलका घटनाहरू कसरी एकैसाथ मिलेका छन् सो तपाईं देख्न सक्नुहुनेछ। ख्रीष्टको दोस्रो आगमनसम्बन्धी भविष्यवाणीको परिपूर्तिको निम्ति तपाईं परिचित हुनुभई आत्मिक रूपमा तयारी हुनुहुनेछ। विशेष आत्मिक पाठहरू र सत्यताहरू सम्बन्धी अन्य अध्यायहरूका निम्ति तपाईंले बलियो जग निर्माण गर्नुहुनेछ।

पुस्तक-पुस्तक गरी परमेश्वरको वचन अध्ययन गर्नुको एक महत्त्वपूर्ण फाइदाचाहिँ सन्दर्भमा त्यो विशेष शिक्षालाई हेर्नु हो। यसको सन्दर्भलाई हेरेपछि मात्र हामी यसको खास अर्थलाई बुझ्न सक्छौं। यसरी पूरै बाइबलमा परिचित हुनाले हामी झूटा शिक्षालाई चिन्न र त्यसको विरोध गर्न सक्छौं। शुरूको मण्डलीमा ती जति फैलिएको थिए, आज पनि त्यत्ति नै फैलिएका छन्। ख्रीष्टको मृत्यु र पुनरुत्थानपछि तीब्र रूपमा फैलिएको सुसमाचारको साथसाथै प्रकट भएका झूटा शिक्षाहरूका विरुद्धमा नयाँ करारका धेरै पत्रहरू लेखिएका थिए।

पुस्तक-पुस्तक गरी बाइबल अध्ययन गर्दा प्राप्त हुने सबैभन्दा ठूलो फाइदा यही हो कि बाइबलचाहिँ तपाईंमा जीवित वचन बन्नेछ। तपाईंको दैनिक जीवनमा, तपाईंले कुनै पनि बेला समस्याहरूको सामना गर्नुहुँदा आफ्नो विश्वासलाई बलियो पार्न र तपाईंले गर्नुभएको काममा अर्ती प्राप्त गर्नका लागि तपाईं बाइबलका शिक्षाहरूमा फर्कन सक्नुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

१ पुस्तक-पुस्तकको अध्ययनका तीन व्यक्तिगत फाइदाहरूको सूची बनाउनुहोस्। ..........................................
..........................................................................
..........................................................................

## प्रत्येक पुस्तक अध्ययन गर्ने तरीका

उद्देश्य २ः *पुस्तकको अध्ययनमा तीन मुख्य कदमहरूको सूची बनाउनुहोस्।*

पुस्तकलाई पढ़ी आफ्नो अध्ययन शुरू गर्नुहोस्। तपाईंले पूरै पुस्तकलाई पढ्नुहुँदा सम्पूर्ण तस्वीरलाई देख्न शुरू गर्नुहुन्छ। कलस्सीको पुस्तक वा तपाईंले अध्ययन गर्नुहुने अरू कुनै पुस्तकसम्बन्धी बुँदा बनाउन वा प्रश्नहरूमा उत्तर दिनुभन्दा पहिले दुइ वा त्यसभन्दा बढ़ी (१०\१२ पल्टसम्म) समय त्यस पुस्तकलाई पढ्नु बुद्धिमानी हो। पुस्तकको मुख्य विषयको बारेमा यसले तपाईंलाई सामान्य जानकारी उपलब्ध गरिदिन्छ। लेखकले अनुभव गरेका कुरा जान्न यसले तपाईंलाई सहायता पुऱ्याउँछ। निराश, उत्साह, आराधना, आशा, आनन्द, सरोकार, नम्रता, न्याय र केही अरू मानव भावना उनका अनुभवहरू हुन सक्छन्। पुस्तकभरि नै घरीघरी दोहोऱ्याइएका मुख्य शब्दहरू र शब्द समूहहरूलाई तपाईंको पढ़ाइले प्रकट गरिदिन्छ।

पहिलो कदमचाहिँ लेखकले भनेका कुरालाई नदेखुञ्जेलसम्म *पढ्नु र अवलोकन* गर्नु हो। यस कदमले समय र धैर्यको साथ-साथै परमेश्वरको वचनले भनेका कुरा जान्ने इच्छाको माग गर्छ।

दोस्रो कदमचाहिँ *लेखकको भनाइलाई बुझी त्यसलाई व्याख्या*

*गर्नु* हो। हामीले पाठ ४-मा उल्लेख गरेका व्याख्याका तीन नियमहरूलाई प्रयोग गर्नुहोस्। प्रश्नहरू सोध्नुहोस्, सन्दर्भलाई ध्यान दिनुहोस्, र सम्बन्धित बाइबल पदहरूलाई पढ्नुहोस्। अनि साहित्यिक ढाँचा, भाषा र विचारहरूको संगठनलाई ध्यान दिनुहोस्। यी कुराहरूले तपाईंलाई जे देखाउँछन्, त्यसको आधारमा बुँदाहरू लेख्नुहोस्। पुस्तकको अर्थलाई सारांशित गर्ने कोशिश गर्नुहोस्, यसको अर्थ तपाईंले पुस्तकका मुख्य बुँदाहरूलाई भेट्टाउनुपर्छ र एक-अर्कासँग भएको तिनीहरूको सम्बन्धलाई छोटो गरी लिखित रूपमा देखाउनुपर्छ। तपाईंका आफ्नै शब्दहरू प्रयोग गर्नुहोस्। तपाईंले एक पल्ट यसो गरिसक्नुभएपछि, पुस्तकचाहिँ तपाईंको निम्ति जीवित बनिदिन्छ। यो तपाईंको एक अङ्ग बन्न सक्छ, अर्थात् व्यक्तिगत जीवित शक्ति।

तेस्रो कदमचाहिँ यो *जीवित शक्तिलाई तपाईंको जीवनमा प्रयोग गर्नु* हो। ख्रीष्टको बारेमा तपाईंले जे सिक्नुभएको छ, त्यसले तपाईंको स्वभाव र तपाईंका कार्यहरूलाई प्रभाव पारेकै हुनुपर्छ। जब यो हुन्छ, तपाईंको जीवनचाहिँ अरूहरूका निम्ति "ज्योति" बन्छ। तपाईं तिनीहरूलाई ख्रीष्टकहाँ डोऱ्याउन सक्नुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति**

२ बाइबलको पुस्तकलाई अध्ययन गर्दा तपाईंले अपनाउनुहुने तरीकामा तीन मुख्य कदमहरूको नाम उल्लेख गर्नुहोस्।

.................... .................... ....................

## कलस्सीको पुस्तक

उद्देश्य ३ः *कलस्सीको पुस्तकमा भएका मुख्य विचारहरूलाई परिचित गर्नुहोस्।*

यस पाठमा तपाईं अगाड़ि बढ्नुभन्दा पहिले, कृपया कलस्सीको पुस्तकलाई पढ्नुहोस्। यसलाई व्याख्या गर्ने कोशिश गर्नुभन्दा पहिले तपाईं यसलाई धेरै पल्ट पढ्न चाहनुहुन्छ होला। यदि तपाईंको बाइबलमा "पुस्तकको परिचय" र "विषयवस्तुको रूपरेखा" छ भने त्यसलाई पढ़न नभुल्नुहोस्। यो छोटो विवरणले बताउँछ कि कलस्सेको मण्डलीमा भएको भूटो शिक्षाको विरोधमा पावलले यो पत्र लेखेका थिए। उनको मुख्य बुँदाचाहिँ यही हो कि "पूर्ण उद्धार दिनका लागि येशू ख्रीष्ट सक्षम हुनुहुन्छ।"

तपाईंले एक पल्ट पुस्तक पढ़िसक्नुभएपछि, घरीघरी यसलाई पढ़ी पुस्तकले तपाईंलाई प्रभाव पारेको बुँदा बनाउँदै आफ्नो अध्ययनलाई अगाड़ि बढ़ाउनुहोस्। यी शब्द वा विचारहरूलाई कति धेरै दोहोऱ्याइएको छ, ध्यान दिनुहोस्ः "विश्वास" "स्वतन्त्र पार्नु" "ख्रीष्टमा जीवन" पढ्दै जानुहुँदा घरीघरी दोहोऱ्याइएका शब्दहरूलाई ध्यान दिनुहोस्। मुख्य विचारहरूलाई परिचित गर्न तिनीहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्।

### तपाईंको अभ्यासको निम्ति

प्रत्येक प्रश्नको ठीक उत्तरको वरिपरिको अक्षरमा घेरा लगाउनुहोस्।

**३** यो पत्र लेख्दा पावलका भावनाहरू कस्ता थिएजस्तो देखिन्छ? सहायताको निम्ति १:२-१४; १:२४ र २:१,२,५ पदहरूलाई पढ्नुहोस्।

**क**) झर्को

**ख**) दया

**ग**) सरोकार

**४** तपाईंको पढ़ाइको आधारमा, तल दिइएका बयानहरूमध्ये कुनचाहिँले कलस्सीको पुस्तकको मुख्य विचारलाई प्रस्तुत गरेको छ? सहायताको निम्ति २:१० र ३:११-लाई पढ्नुहोस्।

**क**) ख्रीष्टसँगको संयुक्तिद्वारा हामी पूर्ण जीवन प्राप्त गर्छौं।

**ख**) हामी स्वर्गमा पूर्ण जीवन प्राप्त गर्छौं।

उद्देश्य ४: *कलस्सीको पुस्तकबाट छानिएका खण्डहरूलाई अध्ययन गर्नका लागि व्याख्याका केही नियमहरूलाई प्रयोग गर्नुहोस्।*

कलस्सीको पत्र चिठ्ठीको साहित्यिक ढाँचामा लेखिएको छ। यसका लेखक पावलले उद्धारको बारेमा झूटा शिक्षालाई छलफल गरेका छन्। ख्रीष्टसँगको संयुक्तिको साँचो अर्थ मानिसहरूका मनमा राख्नलाई सहायता पुर्‍याउनका लागि उनले आलंकारिक भाषालाई प्रयोग गरेका छन्। उदाहरणको लागि २:८-मा उनले

भनेका छन्, "यसलाई ख्याल गर, कसैले पनि तिमीहरूलाई कमारो नतुल्याओस्।" जब हामी ख्रीष्टसँग बाँधिन्छौं, उद्धारको सम्बन्धमा मानिसहरूले बनाएका नियमहरूबाट हामी स्वतन्त्र हुन्छौं। उद्धारचाहिँ भ्यालखाना होइन। हामी कमाराहरू होइनौं।

आफ्ना मुख्य बुँदाहरूलाई जोड़ दिनका लागि आफ्ना विचारहरूको संगठन गर्न पावलले विभिन्न तरीकाहरूलाई पनि प्रयोग गरेका छन्। तपाईंले भेट्टाउनुभएको कुरामा बुँदा बनाउनुहोस् र तलको अभ्यास पूरा गर्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**५** ठीक शब्द वा शब्दहरू राखी, तलको खाली ठाउँमा भर्नुहोस्ः

**क)** ख्रीष्टसँगको संयुक्तिबाट हाम्रो जीवनमा आउने पूर्ण परिवर्तनलाई नमूनित गर्ने तीन आलंकारिक भाषालाई पावलले प्रयोग गरेका छन्। २ः११-१२ र २०-मा यस परिवर्तनलाई ............... (२ः११) ............... (२ः१२) र .................. २ः२०-द्वारा सम्बोधन गरिएको छ।

**ख)** ख्रीष्टमा भएको हाम्रो जीवनको सम्बन्धमा धेरै नमूनाहरू छन्। १ः१८ र २ः१९ मण्डलीलाई ............सँग तुलना गरिएको छ, जुनचाहिँ ख्रीष्टद्वारा अधीन गरिएको हुन्छ, जोचाहिँ ............. हुनुहुन्छ। ३ः९-१४-मा हाम्रो नयाँ जीवनलाई ......... सँग तुलना गरिएको छ।

**कसरी रूपरेखा बनाउने**

क. पहिलो मुख्य विचार
- १) पहिलो मुख्य विचारसँग सम्बन्धित पहिलो मुख्य बुँदा
  - क उपबुँदा
  - ख उपबुँदा
- २) पहिलो मुख्य विचारसँग सम्बन्धित दोस्रो मुख्य बुँदा
  - क उपबुँदा
  - ख उपबुँदा

ख. दोस्रो मुख्य विचार
- १) दोस्रो मुख्य विचारसँग सम्बन्धित पहिलो मुख्य बुँदा
  - क उपबुँदा
  - ख उपबुँदा
- २) दोस्रो मुख्य विचारसँग सम्बन्धित दोस्रो मुख्य बुँदा

**६** बायाँपट्टि खण्डमा दिइएको प्रत्येक मुख्य बुँदासँग दायाँपट्टि दिइएको विचारलाई संगठन गर्ने तरीकाको प्रतिनिधित्व गर्ने संख्या लेख्नुहोस्।

| | |
|---|---|
| ...**क**) २:१२,१३,२० र ३:१-ले ख्रीष्टमा भएको जीवनको सम्बोधन गर्छन् | १) भिन्नता र तुलना |
| ...**ख**) ३:१०,११-ले सबै ख्रीष्टियानहरू ख्रीष्टमा एउटै हुन् भनी सम्बोधन गर्छन्। | २) दोहोऱ्याउनु |
| ...**ग**) २:२० र ३:१,५,६-१०-ले पाप, मृत्यु र जीवनको बीचको सम्बन्धलाई सम्बोधन गर्छन्। | ३) कारणहरू र नतीजाहरू |

अरू पुस्तकहरूमा भएका यस सम्बन्धी शिक्षाहरूसँग यसलाई तुलना गरी पुस्तकको शिक्षालाई सन्दर्भमा राख्नु अति नै महत्त्वपूर्ण हुन्छ। यदि तपाईंले कलस्सीको पुस्तकको छेउमा हेर्नुभयो भने धेरै ठाउँमा एफिसीको पुस्तकलाई उद्धृत गरिएको भेट्टाउनुहुन्छ। यी उद्धृतहरूमध्ये एउटा उद्धृतचाहिँ एफिसी २:१-१० हो। त्यहाँ पनि हामी मृत्युबाट जीवनमा सरेको बारेमा पढ्छौं।

**कलस्सीको रूपरेखाको उदाहरण**

क. अभिवादन र प्रार्थनाहरू
- १ ) मानिसहरूका निम्ति धन्यवाद
- २ ) मानिसहरूका निम्ति प्रार्थना

ख. ख्रीष्टको स्वभाव र काम
- १ ) ख्रीष्ट केजस्तो हुनुहुन्छ
  - क परमेश्वरको पूर्ण स्वभाव
  - ख सृष्टिकर्ता र मुक्तिदाता
- २ ) ख्रीष्टले हाम्रा निम्ति के गर्नुहुन्छ?
  - क हामीलाई उहाँका मित्रहरू बनाउनुहुन्छ
  - ख सेवा गर्नका लागि हामीलाई शक्ति दिनुहुन्छ।

ग. ख्रीष्टमा नयाँ जीवन
- १ ) सामर्थ्यको जीवन
- २ ) स्वतन्त्रताको जीवन
- ३ ) नयाँ सम्बन्धहरूको जीवन
  - क परमेश्वरसँग सम्बन्धहरू
  - ख मानिसहरूसँग सम्बन्धहरू

**७** ठीक शब्दहरू राखी खाली ठाउँहरू भर्नुहोस्।

एफिसी २:८-१०-ले बताउँछ, "किनभने .................. बाट ............... द्वारा तिमीहरूले .............. पाएकोमा छौ। अनि यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको ..................... हो। कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ, किनकि हामी ......................... उहाँका हातमा सीप हौं।

यी पदहरूमा भएका सबै विचारहरू तपाईंका लागि नयाँ थिएनन्, किनकि कलस्सीको तपाईंको अध्ययनबाट तपाईंले सिकिसक्नुभएका कुराहरूलाई नै यिनीहरूले बताउँछन्। यसले हामीलाई फेरि याद दिलाउँछ, कि बाइबल धेरै पुस्तकहरू मिलाएर बनाइएको छ, तर यो एउटै नै पुस्तक हो।

**८** यस अध्ययनबाट तपाईंले के बुझ्नुभयो, छोटकरीमा यहाँ उल्लेख गर्नुहोस्। ..............................................

.........................................................................

उद्देश्य ५: *कलस्सीमा नमूनित गरेझैं ख्रीष्टसँगको पूर्ण जीवनमा तपाईं जिउन सक्ने तरीकाहरूलाई उल्लेख गर्नुहोस्।*

परमेश्वरको वचनमा भएका शिक्षाहरूलाई तपाईंले प्रार्थनापूर्वक विचार गर्नुभयो र तिनीहरूमा प्रतिउत्तर दिनुभयो भने तपाईंको अध्ययनबाट तपाईंले वास्तविक रूपमा लाभ उठाउन सक्नुहुनेछ। ज्ञान मात्र पर्याप्त हुँदैन। तपाईंले सिक्नुभएको कुरालाई तपाईंले व्यवहारमा लगाउनैपर्छ र परमेश्वरको योजनाअनुसार तपाईंको जीवन चलाउनको निम्ति तपाईंले परमेश्वरलाई मौका दिनैपर्छ।

कलस्सीमा बताइएको १०० प्रतिशत जीवन नै हामीले जिएका छौं भनी हामी दाबी गर्न सक्दैनौं। र पनि परमेश्वरले हामीलाई सहायता गर्नुभएको छ र निरन्तरिय सहायताको निम्ति हामी उहाँका प्रतिज्ञाहरूको दाबी गर्न सक्छौं।

तल दिइएका बयानहरूलाई पढ्नुहोस् र दिइएका दुइवटा उत्तरहरूमध्येबाट एउटा उत्तर छान्नुहोस्।

**९** परमेश्वरको उपस्थितिमा प्रवेश गर्नका लागि मैले आफैलाई के गर्न दिनुहुँदैन?

**क**) मैले प्राप्त गरेको आशामा हल्लिनलाई।

**ख**) अर्को मण्डलीमा जानलाई।

**१०** अरूहरूलाई ख्रीष्टको बारेमा प्रचार गर्नका लागि मैले के प्रयोग गर्नैपर्छ?

**क**) ख्रीष्टले दिनुहुने बल।

**ख**) म आफैमा भएको बल।

**११** के कुराको प्रयोग गरी कसैले पनि उनीहरूलाई कमारा बनाउन नदिनुपर्ने थियो?

**क**) फलामका गहौं सिक्रीहरू।

**ख**) मानव-बुद्धिको छलकपट।

**१२** अरूहरूसँग उचित व्यवहार गर्नुहोस् र यो याद गर्नुहोस्

**क**) तिनीहरू तपाईंसँग मिल्ने कोशिश गर्छन् होला।

**ख**) तपाईंका पनि स्वर्गमा मालिक हुनुहुन्छ।

कलस्सीको छोटो अध्ययनमा भएको हाम्रो पाठलाई यसले पूरा गर्छ। कलस्सीको पुस्तक अरू पुस्तकहरूसँग कसरी

सम्बन्धित छ भन्ने कुरा तपाईंले देख्नुहुँदा तपाईं यसलाई अझै अध्ययन गर्न चाहनुहुनेछ। अनि तपाईंको भक्तिको जीवनलाई बलियो पार्नका लागि यसले बहुमूल्य सत्यतालाई बोकेको हुन्छ तपाईंले यो पुस्तक र बाइबलका अन्य पुस्तकहरूका अध्ययनम आफ्नो कुशलता प्रयोग गर्नुहुँदा परमेश्वरले तपाईंलाई आशि दिनुभएको होस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ पूरै बाइबलसँग परिचित हुनु, भूटा शिक्षाहरूलाई चिन्नु तिनको विरोध गर्नु, तपाईंमा जीवित वचन हुनु।
तपाईंले अनुभवबाट सिक्नुभएको अरू व्यक्तिगत फाइदाहरूक पनि सूची बनाउन सक्नुहुन्छ।

७ अनुग्रह, विश्वास, उद्धार, वरदान, असल कामहरूका, ख्री येशूमा, सृजना।

२ पढ्नु र अवलोकन गर्नु, व्याख्या गर्नु, प्रयोग गर्नु।

८ तपाईंको आफ्नै उत्तर। ख्रीष्टमा तपाईंको जीवन कति पू हुन सक्छ भनी महसूस गर्न यस अध्ययनले तपाईंला सहायता पुऱ्याएको होला। यो पनि हुन सक्छ कि तपाईं कुनै सत्यता भेट्टाउनुभएको छ, जुनचाहिँ अरूहरूलाई सिकाउँ तपाईं प्रयोग गर्न सक्नुहुन्छ।

३ ग) सरोकार; पावलले यी ख्रीष्टियानहरूका निम्ति प्रेमव अनुभव गर्छन् (१ : ३ "धन्यवाद दिन्छु;" १ : ६, "सधैंभ तिमीहरूका निम्ति प्रार्थना")। तिनीहरूका कष्ट उनी सरोकार देखाउँछन् (१ : २४) तिनीहरूका निमि

कठिन काम गर्छन् (२:१), र तिनीहरूका विश्वासमा तिनीहरूलाई उत्साह दिन्छन् (२:२)।

९ क) मैले प्राप्त गरेको आशामा हल्लिनलाई।

४ क) ख्रीष्टसँगको संयुक्तिद्वारा पूर्ण जीवन प्राप्त गर्छौं। ख्रीष्ट नै हाम्रो जीवनको 'साँचो' हुनुहुन्छ (२:३)। ख्रीष्टलाई ख्रीष्ट नै भनी कम-से-कम ३८ पल्ट, येशू प्रभु वा पुत्र भनी १२ पल्ट र उहाँ वा उहाँलाई भनी धेरै पल्ट उल्लेख गरिएको छ। घरीघरी दोहोर्‍याइएका शब्दहरूले मुख्य विचारहरूलाई परिचित गर्न सहायता गर्छ।

१० क) ख्रीष्टले दिनुहुने बल।

५ क) खतना, दफन, (गाड्नु), मृत्यु; यी सबैले केही कुराबाट काटिएको सङ्केत दिन्छन्।

ख) शरीर, शिर, नयाँ लुगा।

११ ख) मानव बुद्धिको छलकपट।

६ क) २) दोहोर्‍याई; मृत्युबाट जीवनमा उठाइएको विचारलाई प्रत्येक पदमा उल्लेख गरिएको छ।

ख) ३) कारणहरू र नतीजाहरू; हाम्रो नयाँ जीवनको फलस्वरूप, हामीहरू सबै ख्रीष्टमा उहीँ हौं: "ख्रीष्ट सबै हुनुहुन्छ, ख्रीष्ट सबैमा सबै हुनुहुन्छ।"

ग) १) भिन्नता र तुलना; पाप गर्नलाई मर्नुचाहिँ (२:२०) हाम्रा सांसारिक इच्छाहरूलाई मृत्यु दिनु हो (३:५), जसरी ख्रीष्टमा भएको हाम्रो जीवनचाहिँ नयाँ आत्मा धारण गर्नु हो (३:९,१०)।

१२ ख) तपाईंका पनि स्वर्गमा मालिक हुनुहुन्छ।

# पाठ ६

# विषयगत अध्ययन

कलस्सीहरूलाई आफूले लेखेको पत्रमा पावलले प्रार्थनाको बारेमा बताएका छन्। उनले भने, "सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो" (४:२)। तब आफू र आफ्ना सहकर्मीहरूका निम्ति प्रार्थना गरिदिनका लागि उनले मानिसहरूसँग बिन्ती गरेका छन्। सुसमाचार प्रचार गर्नका लागि परमेश्वरले उनीहरूलाई मौका दिएको उनी चाहन्थे। स्थिर हुनका लागि सतर्क हुनका लागि, धन्यवाद दिनका लागि र प्रार्थनामा विशेष कुराहरू माग्नका लागि पावलले मानिसहरूलाई भनेका कुर बुझ्न प्रार्थनाको बारेमा हामी विषयगत अध्ययन गर्नेछौं।

तपाईंले आफ्नो ख्रीष्टियान जीवनको बारेमा केही कुर बुझ्नुभएन भने, त्यस विषयमा तपाईंले विषयगत अध्ययन गर्न सक्नुहुन्छ। विश्वासद्वारा कसरी जिउने भनी तपाईं जान्न चाहनुहुन्छ होला। हुन सक्छ, तपाईंलाई पवित्र आत्माको बप्तिस्माको आवश्यकता छ। तपाईं ख्रीष्टमा को हुनुहुन्छ भन्ने कुरा के तपाईंलाई थाहा छ? तपाईं कसरी पवित्र जीवन जिउन सक्नुहुन्छ! विषय जे नै भए तापनि, तपाईंको निम्ति भएको परमेश्वरको योजनालाई अझै बुझ्नका लागि यस अध्ययनले तपाईंलाई सहायता पुऱ्याउनेछ।



सन्तुलन र समझ
अध्ययनबाट आउँछ

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

विषयगत अध्ययनका फाइदाहरू
विषयगत अध्ययनको तरीका
प्रार्थनाको विषय

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- विषयगत अध्ययनहरूको मूल्यलाई वर्णन गर्न।
- अन्य विषयगत अध्ययनहरूका निम्ति नमूनाको रूपमा *प्रार्थनाको* विषयगत अध्ययनलाई व्यवहारमा लगाउन।

## विषयगत अध्ययनका फाइदाहरू

उद्देश्य १ : *विषयगत अध्ययनका दुइ फाइदाहरूको उल्लेख गर्नुहोस्।*

विषयगत अध्ययनको एउटा फाइदालाई हामीले उल्लेख गरिसकेका छौं। ख्रीष्टियान जीवन कसरी जिउनुपर्छ भन्ने बारेमा भएका प्रश्नहरूका उत्तर यसबाट पत्ता लगाउन सकिन्छ। तपाइ आफ्नो उद्धारको निश्चयता चाहनुहुन्छ होला। तपाईंलाई आफ्नो डरमाथि विजय हुनु आवश्यक छ होला। वा आफ्नो निम्ति भएको परमेश्वरको इच्छालाई तपाईं जान्न चाहनुहुन्छ होला के तपाईं उत्तरहरू पत्ता लगाउन सक्नुहुन्छ? यी कुराहरूक बारेमा सिकाउने बाइबलका खण्डहरूलाई खोज्नुहोस्।

विषयगत अध्ययनको अर्को फाइदाचाहिँ परमेश्वरको वचनको मुख्य विषयहरूको शिक्षालाई सन्तुलित गर्नका लागि तपाईंलाई सहायता पुऱ्याउनु हो। यी मुख्य विषयहरू आधारभू सत्यताहरू हुन् र यी नै द्वारा हामी जिएको परमेश्वर चाहनुहुन्छ बाइबलले बताउँछः

> तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दि सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई भूटा साबि गर्न सकून् (तीतस १ : ९)।

जब तपाईं विभिन्न दृष्टिकोणबाट प्रत्येक सत्यतालाई अध्यय गर्नुहुन्छ, एउटा पदलाई अर्को पदसँग तुलना गर्नुहोस्। त परमेश्वरले चाहनुभएकोजस्तो गरी तपाईंले परमेश्वरको वचनला व्याख्या गर्न सक्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

१ विषयगत अध्ययनले हामीलाई किन सहायता गर्छ, आफ्नै शब्दहरूमा दुइ कारणहरूको उल्लेख गर्नुहोस्।

.............................................................................

.............................................................................

## विषयगत अध्ययनको तरीका

उद्देश्य २: *विषयगत अध्ययनमा तीन कदमहरूको सूची बनाउनुहोस्।*

विषयगत अध्ययन गर्नका लागि छोटो वा लामो समय लाग्न सक्छ। पवित्र आत्मा वा उद्धारजस्ता केही विषयहरू बाइबलमा घरीघरी भेटिन्छन्। यी विषयहरूमा पुस्तक लेख्ने बाइबल विद्वान्हरूले प्रत्येक विषयका पदहरू खोजी गर्नका लागि वर्षौं बिताउँछन्।

*कदम १:* तपाईंले अध्ययन गर्न चाहनुभएको विषयमा तपाईंले भेट्टाउन सक्नुहुने जति सबै बाइबल पदहरूको सूची बनाउनोस्। (दिइएको कुनै पनि विषयको निम्ति बाइबल अध्ययन सहायक पुस्तकले धेरै सान्दर्भिक पदहरूको सूची दिन्छ।) सान्दर्भिक पदहरू र बाइबलको खण्डलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

*कदम २:* सम्बन्धित सामग्रीको समूहमा सान्दर्भिक पदहरूलाई मिलाएर राख्नुहोस्। प्रत्येक सान्दर्भिक पदहरूको शीर्षक लेख्नुहोस्।

कदम ३: प्रत्येक सूचीमा विषयहरूको बारेका मुख्य बुँदाहरूलाई सारांशित गर्नुहोस्। * यसो गर्नका लागि प्रत्येक बाइबल पदलाई पढ्नुहोस् र ठीक अर्थका लागि यसको सन्दर्भलाई हेर्नुहोस्। यदि उल्लेखित पदहरू अर्कै शीर्षकहरूमुनि आउनुपर्ने होजस्तो तपाईंलाई लाग्छ भने तिनीहरूलाई परिवर्तन गर्नुहोस्। तपाईंका आफ्नै शब्दहरूमा छोटो सारांश लेख्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

२ विषयगत अध्ययनमा तीन कदमहरूको सूची बनाउनुहोस्।

..........................................................................

..........................................................................

..........................................................................

## प्रार्थनाको विषय

उद्देश्य ३: *प्रार्थनासम्बन्धी बाइबल पदहरूलाई छान्नुहोस् र विषयअनुसार तिनीहरूलाई समूहमा लेख्नुहोस्।*

प्रार्थना बाइबलमा एक महत्त्वपूर्ण विषय होः *प्रार्थना* शब्द-लाई ५०० पल्टभन्दा बढ़ी प्रयोग गरिएको छ। हाम्रो अध्ययनको निम्ति हामी यी केही बाइबल पदहरूलाई छान्नेछौं। तपाईंले अरू पदहरूलाई पनि समावेश गर्न सक्नुहुन्छ।

हाम्रो अध्ययनलाई पछ्याउनुहोस् र तपाईं आफैले नै पूरा गर्नुहोस्। तपाईंको उन्नति जाँच्नको लागि अभ्यासहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्।




सर्वप्रथम, तपाईंले भेट्टाउनुहुनेजति प्रार्थनाका पदहरूको सूची बनाउनुहोस्। प्रत्येक सान्दर्भिक पदसँग बाइबलको खण्ड लेख्नुहोस्।

यस अध्ययनमा हामीले प्रयोग गरेका बाइबल पदहरूलाई यहाँ दिइएको छः उत्पत्ति २०:१७-१८; २५:२२-२३; १ शमूएल १:१०-२०; २ शमूएल ७:१८-१९; १ राजा १८:३६-३८; २ इतिहास ६:१२-४२; नहेम्याह १:५-११; भजनसंग्रह ४:३; ६३:१; ९५:६; हितोपदेश १५:८; २८:९; यशैया १:१५-२०; ३८:१-२०; ५६:७; ५९:२; यर्मिया १४:११; ३३:३; दानिएल ९:३,२१-२३; योना २:७; मत्ती ५:४४-४५; ६:१-१४; १४:१९,२३; १८:१९-२०; १९:१३-१५; २६:३६-४४; मर्कूस १:३५; ६:४६; ११:२४-२५; लूका ३:२१-२२; ५:१६; ६:२८; ९:२८-३६; १०:२; ११:१-१३; १८:१,७,१०-१४; यूहन्ना १५:७; १७:१-२६; प्रेरित १:१४,२४; ४:२९; ६:६; ८:१५,२२; ९:४०; १०:१-२,९,३१; १६:२५; रोमी ८:२६-२७; १०:१;

१२:१२; १५:३१; १ कोरिन्थी १४:१३-२५; २ कोरिन्थी १:११; एफिसी ३:२०; ६:१८-२०; फिलिप्पी १:१६; ४:६; कलस्सी ४:२-४; १ थेसलोनिकी ३:१०; ५:२५; २ थेसलोनिकी ३:१-२; १ तिमोथी २:१-८; ४:४; ५:५; हिब्रू ५:७; १०:२२; ११:६; १३:१८; याकूब १:५-८; ४:३; ५:१३-१७; १ पत्रुस ४:७; १ यूहन्ना ३:२०-२२; ५:१४-१६; यहूदा २०; प्रकाश ५:८।

प्रार्थनाको बारेमा जान्नको लागि प्रत्येक खण्डलाई स्पष्टसँग लेख्नुहोस्। १ शमूएल १:१०-२०-को निम्ति तपाईं यसरी लेख्न सक्नुहुन्छः "हन्नाले लामो समयसम्म **परमप्रभु**सँग प्रार्थना गरिरहिन्..."म अति दुःखित भएकी हुनाले नै मैले यसरी प्रार्थना गरेकी हुँ"...परमप्रभुले तिनको प्रार्थनाको जवाफ दिनुभयो र तिनले एउटा छोरा जन्माइन्।"

कदम २-को निम्ति यी समूहहरूमा हामीले बाइबल पदहरूलाई मिलाएका छौंः

*कसको निम्ति प्रार्थना गरिनुपर्छ।* मत्ती ५:४; प्रेरित ६:६; एफिसी ६:१८; १ थेसलोनिकी ५:२५; १ तिमोथी २:१-२; याकूब ५:१६।

**तपाईंका छोराछोरीका लागि प्रार्थना गर्नुहोस्।**



*कहिले प्रार्थना गर्नुपर्छ।* १ शमूएल १:१०,१६; मत्ती २६: ३६-४४; मर्कूस १:३५; लूका ५:१६; १८:७; रोमी १२:१२; एफिसी ६:१८; १ थेसलोनिकी ३:१०; १ तिमोथी ५:५।

**नाश भएकाहरूका निम्ति प्रार्थना गर्नुहोस्।**



*प्रार्थनाका बाधाहरू।* हितोपदेश १५:८; २८:९; यशैया १:१५; ५९:२; मत्ती ६:५; लूका १८:१०-१४; २०:४७; याकूब १:६-८; ४:३।

*कहाँ प्रार्थना गर्नुपर्छ?* यशैया ५६:७; मत्ती १४:२३; मर्कूस ६:४६; लूका ९:१८; प्रेरित १:१४; १०:९; १ तिमोथी २:८।

*प्रार्थनाका उत्तरहरू।* उत्पत्ति २०:१७-१८; २५:२२-२३; दानिएल ९:२१-२३; योना २:७; प्रेरित ४:२९-३१; ८:१७; १०:३१; २ कोरिन्थी १२:८-९।

*प्रार्थना बिन्तीहरू।* १ राजा १८:३६-३८; नहेम्याह १:५-११; भजनसंग्रह ६४:१; यशैया ३८:२-५; मत्ती २६:४१; लूका २२:३२; यूहन्ना १७:१-२६; प्रेरित १:२४; ४:२९; ८:१५,२२; ९:४०; रोमी १०:१; १५:३१; एफिसी ६:१८; याकूब १:५; ५:१३-१४।



**तपाईंले अध्ययन गर्नुहुँदा प्रार्थना गर्नुहोस्।**



**बिरामीका लागि प्रार्थना गर्नुहोस्।**



**सहायता चाहिएको बेलामा प्रार्थना गर्नुहोस्।**

*कसरी प्रार्थना गर्ने।* यर्मिया ३३:३; मत्ती ६:७-१४; १८:१९-२०; २६:३९; मर्कूस ११:२४-२५; लूका ११:५-१३; १८:१,१०-१४; यूहन्ना १४:१३-१४; १५:७; रोमी ८:२६-२; १ कोरिन्थी १४:१३-२५; फिलिप्पी ४:६; कलस्सी ४:२; १ तिमोथी २:८; हिब्रू ५:७; १०:२२; ११:६; १ पत्रुस ४:७; १ यूहन्ना ३:२०-२२; ५:१४-१५; यहूदा २०।

*प्रशंसा र धन्यवादज्ञापन।* २ शमूएल ७:१८-२९; यशैया ३८:१०-२०; मत्ती १४:२९; प्रेरित १०:१२; १६:२५; १ तिमोथी ४:४; याकूब ५:१३।

*आसान।* १ राजा ८:२२; भजनसंग्रह ९५:६; यर्मिया ३३:३; दानिएल ९:३; मत्ती १९:१३-१५; २६:३९; मर्कूस ११:२५; लूका १८:१३; प्रेरित ८:१७; ९:४०; १ तिमोथी २:८; याकूब ५:१४।

*प्रार्थनाको असर।* हितोपदेश १५:८; लूका ३:२१-२२; ९:२८-३५; २ कोरिन्थी १:११; एफिसी ३:२०; फिलिप्पी १:१९; याकूब ५:१६-१७; प्रकाश ५:८।

### तपाईंको अभ्यासको निम्ति

**३** प्रार्थनालाई सम्बोधन गर्ने प्रत्येक बाइबल पदको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) १ पत्रुस ३:७

**ख**) १ पत्रुस ३:६

**ग**) १ पत्रुस ३:१२

**घ**) १ पत्रुस ३:१७

**४** दिइएका बाइबलका पदहरूसँग यसलाई मिल्ने बयानहरूको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ...**क**) भजनसंग्रह ६६:१८ | १) प्रशंसा र धन्यवाद ज्ञापन |
| ...**ख**) मत्ती ७:७-११ | २) प्रार्थनाका बाधाहरू |
| ...**ग**) मर्कूस ६:४१ | ३) कसरी प्रार्थना गर्ने |
| ...**घ**) १ थेसलोनिकी ५:१७ | ४) प्रार्थनाका असरहरू |
| | ५) कहिले प्रार्थना गर्ने |

उद्देश्य ४: *दिइएका बाइबलका पदहरूमा उल्लेखित प्रार्थनाको बारेका मुख्य बुँदाहरूलाई सारांशित गर्नुहोस्।*

प्रार्थनासँग सम्बन्धित प्रत्येक शीर्षक अन्तरगतका मुख्य बुँदाहरूलाई सारांशित गर्न अब हामी तयारी भएका छौं। बाइबलको बारेमा भएको सबैभन्दा राम्रो टिप्पणी बाइबल नै हो। बाइबल नै तपाईंसँग बोलोस् र यसले नै तपाईंका प्रश्नहरूको उत्तर दिओस्।

५ *कसको निम्ति प्रार्थना गर्ने* भन्ने शीर्षकको मुनि उल्लेखित बाइबल पदहरूलाई फेरि हेर्नुहोस्। तिनीहरू सबैलाई पढ़िसके-पछि हामीले कसको निम्ति प्रार्थना गर्नैपर्ने हो, त्यस बारेको प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) भक्त अगुवाहरूका निम्ति मात्र प्रार्थना गर्नुहोस्।

**ख**) जतासुकै भएका परमेश्वरका जनहरूका निम्ति प्रार्थना गर्नुहोस्।

**ग**) हाम्रा शत्रुहरूका निम्ति प्रार्थना गर्नुहोस्।

६ *कहिले प्रार्थना गर्नुपर्छ* भन्ने शीर्षकको मुनि उल्लेखित बाइबल पदहरूलाई फेरि हेर्नुहोस्। तिनीहरू सबैलाई पढ़िसकेपछि यस वाक्यलाई पूरा गर्ने प्रत्येक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। हामीले

**क**) दिन र रात प्रार्थना गर्नुपर्छ।

**ख**) निरन्तररूपमा प्रार्थना गर्नुपर्छ।

**ग**) जे-जस्तै अनुभव गरे पनि प्रार्थना गरिरहनुपर्छ।

७ हामीले सधैंभरि प्रार्थना गरिरहनुपर्ने अर्को कारणलाई चाहिँ भजनसंग्रह १२१:४-मा पाउन सकिन्छ। त्यस कारणलाई यहाँ लेख्नुहोस्।............................................................

..................................................................................

८ हामीहरूका प्रार्थनाको उत्तर नपाएकोमा के हामी कहिलेकहीँ त्यसप्रति जिम्मावारी छौं? त्यस बारेमा पनि बाइबलले हामीलाई केही कुरा बताएको छ। *प्रार्थनाका बाधाहरू* शीर्षक अन्तरगतका बाइबलका पदहरूलाई पढ्नुहोस्। हाम्रा प्रार्थनाहरूलाई के कुराले रोक्छ भनी कसैले तपाईंसँग प्रश्न

गऱ्यो भने तपाईंले दिनुहुने कारणलाई उल्लेख गर्नुहोस्।

**क**) हाम्रो जीवनको अनाज्ञाकारिता वा लुकेका पाप।

**ख**) स्वार्थी कारणहरूका निम्ति माग्नु।

**ग**) हाम्रा आमा-बाबु वा बाजे-बज्यैले पाप गरेका हुनाले।

**९** यस पाठमा दिइएका बाइबलका पदहरूको सूची अवश्य पनि पूरा छैन। मानिसहरूले प्रार्थना गरेका ठाउँहरू सम्बन्धित चाखलाग्दा भित्री ज्ञानलाई बाइबल कथाहरूले उल्लेख गरेका छन्– विराट् ह्वेल माछाको पेटबाट परमेश्वरसँग योनाले गरेका प्रार्थना जस्तो। *कहाँ प्रार्थना गर्नुपर्छ* भन्ने बाइबल पदहरूलाई पढिसकेपछि तपाईंलाई ठीक लागेको वाक्यको वरिपरि घेरा लगाउनुहोस्।

**क**) प्रार्थना गर्नका लागि सबैभन्दा उत्तम ठाउँ मण्डली घर नै हो।

**ख**) यदि तपाईं साँच्चै नै आफ्ना प्रार्थनाहरूका उत्तरहरू चाहनुहुन्छ भने, एक्लै प्रार्थना गर्नुहोस्।

**ग**) हामी जहाँसुकै पनि प्रार्थना गर्न सक्छौं, र परमेश्वरले सुन्नुहुन्छ।

**१०** *प्रार्थनाका उत्तरहरू।* परमेश्वरका उत्तरहरू विभिन्न हुन्छन्। कुनै-कुनै तुरून्तै र कुनै-कुनै ढीला प्राप्त हुन्छन्। मानिसहरूले चंगाइ, लामो जीवन, छोराछोरी, क्षमा, सहायता प्राप्त गर्छन् र उनीहरूका सबै किसिमका समस्याहरूको हेरचाहा गरिन्छ। उहाँको जुटावटमा कुनै सीमितपना नै छैन। परमेश्वरको वचनको आधारमा, यो वाक्यलाई तपाईं कसरी पूरा गर्न सक्नुहुन्छ? ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। कोही-कोही मानिसहरूले आफूले आशा गरेको भन्दा भिन्नै

किसिमका उत्तरहरू पाउँछन्

**क**) र कोही-कोहीले चाहिँ कहिल्यै उत्तर पाउँदैनन्।

**ख**) तर सबैले परमेश्वरबाट उत्तरहरू पाउँछन्।

**ग**) किनकि तिनीहरूमा विश्वास नै थिएन होला।

**११** *प्रार्थना बिन्तीहरू* पनि विभिन्न हुन्छन्। मानिसहरूले चिन्हहरू, चंगाइ, पवित्र आत्माको बप्तिस्मा, ईश्वरीय अगुवाइ, ठूलो विश्वास, र पूरा गरिनुपर्ने भौतिक खाँचाहरूका निम्ति बिन्ती चढ़ाउँछन्। हुन सक्छ, तपाईंलाई महत्त्वपूर्ण लागेको कुराचाहिँ यस सूचीमा उल्लेख गरिएको छैन होला, तर तपाईंले विश्वासमा बिन्ती गरेर यसलाई प्राप्त गर्न सक्नुहुन्छ। तल दिइएको धर्कोमा तपाईंको आफ्नो बिन्ती र तपाईंको अधिकारको रूपमा तपाईंले छान्नुभएको बाइबल पदलाई लेख्नुहोस्।

..................................................................

..................................................................

**१२** *कसरी प्रार्थना गर्ने?* हामीलाई चाहिने सबै कुराका निम्ति हामीले येशूको नाउँमा परमेश्वरसँग बिन्ती गर्नैपर्छ। क्षमा पाएर पापबाट स्वतन्त्र भएको हृदयबाट हामीले बिन्ती गर्नैपर्छ। दिइएका बाइबल पदहरूका सूचीमा एउटाचाहिँ प्रार्थनाको निम्ति सूची दिइएको छ। त्यस नमूनालाई प्रायःजसो तपाईं के भन्नुहुन्छ र यसलाई कहाँ भेट्टाउन सकिन्छ?

..................................................................

..................................................................

**१३** हामीप्रति भएको परमेश्वरको भलाइलाई जब हामी विचार गर्छौं, हाम्रो हृदयले आराधना र प्रशंसामा प्रतिउत्तर दिएको हुन्छ। धन्यवाद र प्रशंसाका भजनहरू गाउनका लागि बाइबलले पनि हामीलाई उत्साह दिएको छ। बाइबलको पदसहित *प्रशंसा र धन्यवादको* शीर्षकमुनि भएको यस पदलाई पूरा गर्नुहोस्। तर आधा राततिर

..........................................................................

..........................................................................

..........................................................................

**१४** प्रार्थना गर्दा हामी कसरी बस्नुपर्छ भन्ने कुराचाहिँ आफ्नै व्यक्तिगत छनौट हो। कोही मानिसहरू उठ्छन् र कोही मानिसहरूले आफ्ना हातहरू उचाल्छन्। अरूहरूचाहिँ निहुरिन्छन् वा घुँडा टेक्छन्। *आशान* शीर्षकमुनिको सूचीमा उल्लेखित पदहरूलाई पढिसकेपछि तल दिइएको कुनचाहिँ बयान ठीक छजस्तो तपाईंलाई लाग्छ?

**क**) प्रार्थनामा हाम्रो आसन परम्पराअनुसार नै हुनुपर्छ।

**ख**) प्रार्थनाको समयमा यस्तै नै आशान हुनुपर्छ भनी बाइबलले हामीलाई कुनै निर्दिष्ट नियमहरू दिएको छैन।

**१५** *प्रार्थनाका असरहरू।* प्रार्थना शक्तिशाली हुन्छ। यसले हामीलाई परमेश्वरको नजीक ल्याउँछ, हामीलाई ख्रीष्टको स्वरूपमा परिवर्तन गर्छ, र हामीभित्र पवित्र आत्माको शक्तिलाई प्रकट गराउँछ। अनि हाम्रा प्रार्थनाहरू परमेश्वरका लागि बहुमूल्य हुन्छन्। हाम्रा प्रार्थनाहरू परमेश्वरका

निम्ति धूपहरूजस्ता हुन्छन् भनी दिइएको सूचीका कुन पदहरूले हामीलाई बताउँछन्?

..........................................................................

यस अध्ययनबाट तपाईं देख्न सक्नुहुन्छ कि प्रार्थनाचाहिँ परमेश्वरसँगको कुराकानी हो। तपाईं उहाँसँग बोल्नुहुन्छ र उहाँले तपाईंलाई जवाफ दिनुहुन्छ। प्रार्थनाको सम्बन्धमा भएका बाइबलका शिक्षाहरूलाई तपाईंले अभ्यास गर्नुहुँदा, तपाईंको जीवन परिवर्तन हुनेछ। तपाईंले परमेश्वरबाट ठूला-ठूला आशिष् प्राप्त गर्नुहुनेछ। अरूहरूसँग सुसमाचार बाँड्न सक्ने शक्ति तपाईंले पाउनुहुनेछ।

प्रार्थनाको बारेमा अझै सिकिरहनुहोस्। अरू विषयहरूलाई तपाईंले अध्ययन गर्नुहुँदा प्रार्थनाको सम्बन्धमा भएका पदहरूलाई टिप्दै जानुहोस्, किनकि बाइबलका मुख्य विषयहरू एक-अर्कासँग अति नै नजीकतामा बाँधिएका छन्। प्रार्थनाको सम्बन्धमा भएका अरू मानिसहरूका अनुभवहरूलाई सुन्ने समय पनि लिनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ हामीलाई आवश्यक पर्ने उत्तरहरू भेट्टाउन र बाइबल सत्यतालाई
सन्तुलन गर्नका लागि यसले हामीलाई सहायता पुऱ्याउँछ

६ ग) हामी जहाँसुकै पनि प्रार्थना गर्न सक्छौं र परमेश्वरले
सुन्नुहुन्छ।

२ बाइबल पदहरूको सूची बनाउनुहोस्।
बाइबल पदहरूलाई समूह-समूहमा राख्नुहोस्।
मुख्य बुँदाहरूलाई सारांशित गर्नुहोस्।

१० ख) तर सबैले परमेश्वरबाट उत्तरहरू पाउँछन्।

३ क) १ पत्रुस ३:७
ग) १ पत्रुस ३:१२

११ तपाईंको आफ्नै उत्तर। याकूब १:५-को आधारमा बुद्धि
माग्ने कुराजस्तो यो हुन्छ।

४ **क**) २) प्रार्थनाका बाधाहरू।
**ख**) ३) कसरी प्रार्थना गर्ने।
**ग**) १) प्रशंसा र धन्यवाद ज्ञापन।
**घ**) ५) कहिले प्रार्थना गर्ने।

१२ प्रभुको प्रार्थना। मत्ती ६:९-१३।

५ **क**) बेठीक
**ख**) ठीक
**ग**) ठीक

१३ पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए, र अरू कैदीहरूले सो सुनिरहेका थिए (प्रेरित १६:२५)।

६ क) दिन र रात प्रार्थना गर्नुपर्छ।
ख) निरन्तर रूपमा प्रार्थना गर्नुपर्छ।
ग) जे-जस्तो अनुभव गरे पनि प्रार्थना गरिरहनुपर्छ।

१४ ख) प्रार्थनाको समयमा यस्तै नै आसन हुनुपर्छ भनी बाइबलले हामीलाई कुनै निर्दिष्ट नियमहरू दिएको छैन।

७ परमेश्वर नता उँघ्नुहुन्छ न सुत्नुहुन्छ।

१५ प्रकाश ५:८।

८ क) हाम्रो जीवनको अनाज्ञाकारिता वा लुकेको पाप।
ख) स्वार्थी कारणहरूका निम्ति माग्नु।

पाठ ७

# चारित्रिक अध्ययन

जताततैका मानिसहरू, जवान वा वृद्ध सबैले कथाहरू मन पराउँछन्। कथाहरूले हामीहरूलाई मनोरञ्जन दिन्छन्। तर तिनीहरूले हामीलाई सिकाउन पनि सक्छन्। हामी असल कथालाई सम्झन्छौं। येशूलाई कथाहरूको मूल्यता थाहा थियो। गहिरा आत्मिक सत्यताहरूलाई नमूनित (चित्रण) गर्नका लागि उहाँले ती प्रयोग गर्नुभयो।

बाइबलका धेरै पाठहरूलाई कथाको रूपमा प्रस्तुत गर्ने परमेश्वरको छनोटप्रति हामी धन्यवादी हुनुपर्छ। यी कथाहरूमा उल्लेखित व्यक्तिहरू धेरै वर्ष पहिले यस पृथ्वीमा रहने वास्तविक मानिसहरू नै थिए। आज हामीले सामना गरेकाजस्तै समस्याहरू तिनीहरूले पनि सामना गरेका थिए। मोशा, दाऊद र पत्रुसजस्ता मानिसहरूले भूल गरे र आफ्ना भूलहरूबाट तिनीहरूले सिके भएका घटनाहरूलाई अहिले हामी पढ्न सक्छौं र तिनीहरूक अनुभवबाट फाइदा उठाउन सक्छौं। अनि तिनीहरूक विजयताहरूको बारेमा हामी पढ्न सक्छौं र तिनीहरूक विश्वासद्वारा बलिया हुन सक्छौं।




"उदाहरणहरूका रूपमा नै यी सबै कुरा तिनीहरूलाई भएका थिए।"

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

चारित्रिक अध्ययनहरूको उद्देश्य
चारित्रिक अध्ययनहरूको तरीका
याकूबको कथा

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- तपाईंको जीवनको लागि चारित्रिक अध्ययनहरू कसरी महत्त्वपूर्ण छन् सो व्याख्या गर्न।
- अन्य अध्ययनहरूका निम्ति नमूनाको रूपमा याकूबको जीवन चारित्रिक अध्ययनलाई व्यवहारमा लगाउन।

## चारित्रिक अध्ययनहरूको उद्देश्य

उद्देश्य १: *चारित्रिक अध्ययनहरूको महत्त्वपूर्णता सम्बन्धी सत्य बयानहरूलाई चिन्नुहोस्।*

बाइबलले २,६०० जनाभन्दा पनि बढ़ी व्यक्तिहरूलाई उल्लेख गरेको छ। यिनीहरूमध्ये धेरैको नाम मात्र उल्लेख गरिएको छ र अरूहरूलाई विस्तृत रूपमा वर्णन गरिएको छ। व्यक्ति-व्यक्ति अध्ययनहरूका निम्ति यी वर्णनहरूले हामीलाई विषयवस्तु प्रदान गर्छन्। चारित्रिक अध्ययनमा हामी कुनै व्यक्तिको जीवन इतिहासलाई हेर्छौं। ऊ को थियो, उसले के गऱ्यो र ऊ केजस्तो थियो भनी हामी हेर्छौं।

अध्ययनको यो तरीका केटाकेटीहरूलाई शिक्षा दिनका लागि अति नै प्रभावशाली हुन्छ। टोकरीमा राखिएको बालक मोशा, गोल्यात राक्षसको सामना गर्ने जवान दाऊद, शिला-बाला जम्मा गर्ने रूथ र डुँड़मा राखिएका बालक येशूका कथाहरूलाई तिनीहरूले बड़ो ध्यानसँग सुन्छन्। केटाकेटीहरूले बाइबलका आफ्ना मित्रहरूसँग आफूलाई सजिलैसँग परिचित गराउँछन्। आफ्ना जीवनका निम्ति भएको परमेश्वरको इच्छाको बारेका महत्त्वपूर्ण पाठहरूलाई तिनीहरू सिक्छन्।

जताततैका मानिसहरूले जस्तै कमजोरी र शङ्काहरूसँग संघर्ष गरिरहेका बयस्कहरूले बाइबलका व्यक्तिहरूसँग आफूलाई परिचित गर्छन्। बाइबलमा उल्लेखित केही व्यक्तिहरू सिद्ध देखिए तापनि तिनीहरू सिद्धचाहिँ थिएनन्। याकूब ५:१७-ले यसलाई स्पष्ट पारेको छः "एलिया पनि त हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए।" यदि हामीले विश्वासमा माग्यौं भने हाम्रा प्रार्थनाहरू उनका जस्तै प्रभावशाली हुन्छन्।



## सबैलाई बाइबल कथाहरू मन पर्छ

दाऊदलाई परमेश्वरको आफ्नै हृदयअनुसारको मानिस भनिएको थियो। यद्यपि कुनै बेलामा उनी भूट, व्यभिचार र हत्याका दोषी थिए। परमेश्वर उनको पापसँग खुशी हुनुहुन्थ्यो भन्ने अर्थ यसले दिँदैन। दाऊदले आफ्ना पापहरूबाट पश्चात्ताप गरेका हुनाले उनी परमेश्वरको आफ्नै हृदयअनुसारका मानिस थिए। उनले परमेश्वरको क्षमा पाए। परमेश्वरमा समर्पित हुनका लागि उनले आफ्ना भूलहरूबाट सिके।

दाऊदले गरेका जस्तै भूल नगर्नका लागि हामी उनको जीवनबाट सिक्न सक्छौं। उनको असफलता अँध्यारो रातको गोलमालजस्तो थियो, र हामी परीक्षामा पतन नहोऔं भनी प्रार्थना गर्नका लागि हामीलाई चेताउनी थियो। बाइबलका व्यक्तिहरू-को जीवन अध्ययन गर्ने उद्देश्यलाई पवित्र-शास्त्रले जोड़ दिएको छः "यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्" (१ कोरिन्थी १०:११)।

हाम्रा आफ्नै बाजे र बाबुले हामीलाई असल सल्लाह दिन सक्छन्। उनीहरूलाई जीवनका समस्याहरूका बारेमा थाहा छ। हावापानी, खेतीपाती, बस्तुभाउ, काम, व्यापार र मानिसहरूका बारेका विशेष सत्यताहरू उनीहरूलाई थाहा छ। प्रायःजसो पुस्तकहरूबाट भन्दा तिनीहरूबाट सिक्न हामीलाई सजिलो पर्छ। त्यसैले ता बाइबल नियमहरूको एक मुट्ठा होइन। परमेश्वरले ती मानिसहरूका जीवनमा कसरी काम गर्नुभयो भनी ती वास्तविक मानिसहरूका अनुभवहरूलाई बाइबलले अङ्कित गरेको छ।

ख्रीष्टियान जीविकामा ज्ञान र सहायता प्राप्त गर्नका लागि यी व्यक्तिगत अनुभवहरूलाई हामी पढ्छौं र अध्ययन गर्छौं। याकूबको हाम्रो अध्ययनमा, तपाईं कति पल्ट नयाँ सत्यता सिक्नुहुन्छ वा व्यावहारिक सहायता प्राप्त गर्नुहुन्छ, सो हेर्नुहोस्।

---

### तपाईंको अभ्यासको निम्ति

**१** जीवन चारित्रिक अध्ययनहरू किन महत्त्वपूर्ण छन्, प्रत्येक **ठीक** कारणको अगाड़िपट्टिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) बाइबलमा उल्लेखित मानिसहरूसँग अझै हामी राम्रो सम्बन्ध राख्न सक्छौं।

**ख**) सबै मानिसहरूले एक-अर्काको भूलबाट सिक्न सक्छन्।

**ग**) बाइबलमा उल्लेखित व्यक्तिहरूले जस्तै भूल नगरेकोमा हामी गर्व गर्न सक्छौं।

**घ**) जीवनका कथाहरू केटाकेटी र वयस्क दुवैका लागि प्रभावकारी हुन्छन् र हामी तिनीहरूबाट सिक्न सक्छौं।

## चारित्रिक अध्ययनको तरीका

उद्देश्य २: *बाइबलमा उल्लेखित व्यक्तिको जीवनलाई हामी कसरी अध्ययन गर्न सक्छौं बताउनुहोस्।*

तपाईंले अध्ययन गर्न चाहनुभएको व्यक्तिलाई छान्नुभएपछि, ऊसँग सम्बन्धित बाइबलका सबै पदहरूको सूची बनाउनुहोस्। विषयगत अध्ययनको निम्ति भएको प्रतिक्रियालाई यहाँ पनि लागू गरिन्छ। कुनै अध्ययनहरू छोटो हुन्छन् र अरूहरूचाहिँ धेरै लामो हुन्छन्। उदाहरणको लागि रानी एस्तरलाई एस्तरको पुस्तकमा मात्र वर्णन गरिएको छ। चारवटा पुस्तकहरूमा मुख्य व्यक्तिका रूपमा मोशा देखा पर्छन् र अरू २६-वटा पुस्तकहरूमा उनको विषयमा बताइएको छ।

कुनै पनि व्यक्तिका यताउति छरिएका बाइबल पदहरूलाई पढ्न नभुल्नुहोस्। त्यस व्यक्तिलाई अझै राम्रोसँग बुझ्नका लागि त्यो छोटो पदले तपाईंलाई सहायता पुऱ्याउन सक्छ। एउटै नाम भएका दुइ वा तीन व्यक्तिहरूसँग सम्बन्धित बाइबलका पदहरूका कारण हामी अलमलमा पर्नुहुँदैन। उदाहरणको लागि, नयाँ करारमा ६ जना स्त्रीहरूका नाम मरियम छ, चार जना मानिसहरूका नाम यूहन्ना छ र तीन जनाको नाम याकूब छ। दोस्रो, बाइबलका पदहरूलाई पढ्नुहोस्। *व्यक्तिको जीवन, काम, व्यक्तिगत पेशाको बारेमा बुँदा बनाउनुहोस्।* प्रत्येकको जीवन कथालाई विस्तृत रूपमा लेख्नुहोस्। तर त्यस व्यक्तिको पृष्ठभूमिको बारेमा तपाईंले पत्ता लगाउन सक्नुहुने जति कुरा पत्ता लगाउनुहोस्। उसको नामको अर्थ के हुन्छ? उसका पुर्खाहरू को हुन्? उसले आफ्ना शुरूका वर्षहरू कहाँ बितायो, उसको

जीवनमा कस्ता प्रभावहरू महत्त्वपूर्ण थिए? उदाहरणको लागि आफ्नी बज्यै लुइस र आमा युनिसको ईश्वरीय प्रभावमा तिमोथी हुर्केका थिए। त्यस व्यक्तिका साथीहरू र सहकर्मीहरू को-को हुन् ध्यान दिनुहोस्। तिनीहरूले उनलाई कसरी प्रभाव पारे? दाऊदको अध्ययनमा उनका मित्र जोनाथनको अध्ययन गर्नु सहयोगपूर्ण हुन्छ।

बाइबलमा उल्लेखित व्यक्ति कहाँ रहन्थे र उनले कहाँ-कहाँ यात्रा गरे ती ठाउँहरू पत्ता लगाउनुहोस्। उदाहरणको लागि मोशाको जीवन तीन भागमा विभाजित छ। उनले चालीस वर्ष मिश्रको राजघरानामा बिताए, चालीस वर्ष गोठालाको रूपमा विद्यानमा बिताए र अरू चालीस वर्षचाहिँ प्रतिज्ञाको मुलुकमा इस्राएलीहरूलाई अगुवाइ गर्ने काममा बिताए। यसरी नै पावलले कतिवटा पत्रहरू झ्यालखानबाट लेखे भनी हामीले जान्दा ती हाम्रा निम्ति अति नै अर्थपूर्ण बन्छन्।

बाइबल चरित्रहरू (व्यक्तिहरू) एक-अर्काबाट व्यक्तिगत रूपमा के कुरामा फरक छन्? पावल, पत्रुस र यूहन्ना शुरूको मण्डलीमा बलिया अगुवाहरू थिए। परमेश्वरका सत्यताहरूलाई प्रस्तुत गर्नका लागि तिनीहरूमा भएका विशेष स्वभाव र खूबीहरूलाई परमेश्वरले प्रयोग गर्नुभयो। विश्वासका प्रेरितका रूपमा पावललाई, आशाका प्रेरितका रूपमा पत्रुसलाई, र प्रेमका प्रेरितका रूपमा यूहन्नालाई चिनिन्छ।

हामी तिनीहरूका बललाई देख्छौं र साथसाथै तिनीहरूका कमजोरीहरूलाई पनि देख्छौं। तिनीहरूका असफलताले तिनीहरूका भविष्यलाई कसरी असर पारेको थियो? अध्ययनको निम्ति तपाईंले छान्नुभएको व्यक्तिसँग परमेश्वरले कसरी व्यवहार गर्नुभएको छ?

ती व्यक्तिको जीवनका मुख्य घटनाहरूलाई ध्यान दिनुहोस्। समस्याका समयहरूमा र आनन्दका समयहरूमा उनले कस्तो प्रतिक्रिया देखाएका थिए? उनमा के-के परिवर्तन भयो? उनी रहेको समयमा र आज हाम्रो जीवनमा उनले दिएको योगदानलाई पत्ता लगाउनुहोस्।

तपाईंले यी सबै कुराहरूको अवलोकन गरिसक्नुभएपछि, *यस व्यक्तिको जीवनको कथाबाट तपाईंले सिक्नुभएका मुख्य पाठहरूलाई सारांशित गर्नुहोस्।*

**२** तल दिइएको बयानलाई पूरा गर्ने प्रत्येक ठीक वाक्यको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्ः बाइबल चरित्र (व्यक्ति)-को पूर्ण अध्ययनको भागको रूपमा तपाईंले के कुरामा ध्यान दिनुपर्छ?

**क**) त्यस व्यक्ति सम्बन्धित बाइबलका विभिन्न भागहरूमा उल्लेखित पदहरू।
**ख**) त्यस व्यक्तिको जीवनको अन्तिम भाग।
**ग**) चरित्रमा त्यस व्यक्तिको वृद्धि।
**घ**) उस्तै किसिमका नाम भएका मानिसहरूका सम्बन्धमा विस्तृत जानकारी।



**महत्त्वपूर्ण सत्यताहरूको**
**सूची बनाउनुहोस्**

चरित्र (व्यक्ति)-को नाम
नामको अर्थ
जन्मस्थान वा घर
इष्टमित्रहरू र साथीहरूका नामहरू
इतिहासमा स्थान
विशेष स्वभावहरू
कमजोरीहरू
बलहरू
महत्त्वपूर्ण घटनाहरू
महत्त्वपूर्ण कार्यहरू
यस जीवनबाट सिकिएका पाठहरू

## याकूबको कथा

उद्देश्य ३ः *याकूबको जीवन कथाबाट तपाईं के-के पाठहरू सिक्नुहुन्छ, सो प्रकट गर्नुहोस्।*

जीवन चरित्रको अध्ययनको रूपमा याकूबको जीवनको अध्ययन विशेष गरी सहयोगपूर्ण छ। उनी चरित्रमा अवगुण भएका व्यक्ति थिए। अरूहरूका असल कुराहरू उनी आफै पाउने कोशिश गर्थे। अनि ती भूलहरूलाई बाइबलमा उल्लेख गरिएको छ। हामी प्रत्येकले उनमा हाम्रा केही कुराहरूलाई देख्न सक्छौं! र पनि परमेश्वरको अनुग्रह र शक्तिले उनलाई ठगबाट राजकुमारमा परिवर्तन गऱ्यो र प्रभुसँग उनको विशेष

सम्बन्ध स्थापित भयो (रोमी ९:१०-१३ हेर्नुहोस्।) पवित्र-शास्त्रले याकूबको अनुभव हामी सबैका लागि उपयोगी बनाएको छः "यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ," (रोमी ९:१६)। हामीलाई परिवर्तन गर्नका लागि हामीले परमेश्वरलाई स्थान दियौं भने, निश्चय नै त्यहाँ हाम्रो निम्ति पनि आशा छ।

याकूबको बारेको अध्ययनमा पहिलो कदमचाहिँ उनको विषयमा लेखिएका बाइबल पदहरूलाई भेट्टाउनु हो। उनको जीवन कथालाई उत्पत्ति २५-५० अध्यायहरूमा भेट्टाउन सकिन्छ। उनको विषयमा अरू धेरै छोटा पदहरू पनि छन्, जस्तै, मत्ती १:२; ८:११; लूका १:३२-३३; यूहन्ना ४:५-६; प्रेरित ७:८-१६,३२; रोमी ९:११-१३; हिब्रू ११:९,१३,२१।

**एसाव र याकूब जुम्ल्याह दाजुभाइ थिए**



दोस्रो कुराचाहिँ खण्डहरू पढ्नुहोस् र बुँदाहरू बनाउनुहोस्। आफ्नो जुम्ल्याह दाजु एसावको कुर्कुच्चा समाती याकूब जन्मेका

थिए। याकूबको अर्थ *ठग* भन्ने हुन्छ (उत्पत्ति २५:२६)। याकूबका बाबु-आमाचाहिँ इसहाक र रेबेका थिए र उनका बाजे अब्राहामचाहिँ यहूदी राज्यका पिता थिए। नोआका छोरा शेमका सन्तान अब्राहाम थिए (११:१०-२६)।

याकूब आफ्ना आमा-बाबु र आफ्ना दाजुसँग बस्थे। उनी शान्त स्वभावका मानिस थिए र आफ्नी आमाका प्यारा छोरा थिए (२५:२७-२८), तर उनी ठग (छली) थिए। उनले आफ्ना दाजुको जेष्ठ-अधिकार चोरे। तब उनले एसावको आशिष् पनि चोरे (२७:३३-३६)।



**याकूबले लाबानको निम्ति काम गरे**

त्यसपछि एसावको क्रोधबाट जोगिनका लागि याकूब आफ्नो घरबाट भागे। उनी आफ्ना मामा लाबानसँग बस्नका लागि

हारानमा गए (२७:४२-४३)। यस बेलामा लाबानले उनलाई ठगे। याकूबचाहिँ राहेललाई विवाह गर्न चाहन्थे, तर लाबानले चाहिँ उनलाई पहिला लेआ दिए (२९:२३), जसको फलस्वरूप राहेललाई विवाह गर्नका लागि याकूबले चौध वर्ष काम गर्नुपर्‍यो र आफ्ना भेड़ाबाख्रा बढ़ाउनका निम्ति उनले अझै ६ वर्ष काम गर्नुपर्‍यो (३१:४१)। यस विषयलाई झन् खराब बनाउने कुरा त लाबानले याकूबको ज्याला दश पल्ट बदली गरे (३१:७)।

याकूबको जीवन कथालाई धेरै ठाउँहरूमा उल्लेख गरिएको छ। बेर्शेबामा उनी छली थिए (२८:१०)। हारानमा उनले लाबानको सेवा गरे र उनी दुवै ठग र ठगिएका व्यक्ति बने (३०:२५-४३)। पनिएलमा परमेश्वरसँग भेटेपछि हेब्रोनमा उनी सन्त बने (३७:१)। अनि उनका वर्षहरूका अन्तमा उनी मिश्रमा आदरयोग्य बुद्धिमान् व्यक्ति बने (४६:३-४)।

स्वभावैले याकूब ठग थिए। तर उनले गल्ती गरेका भए तापनि परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुरामा नै उनले आफ्नो मन लगाएका थिए (२५:२३)। एसावले वास्ता नगरेको जेष्ठ अधिकार (२५:३३-३४), र आशिष्को मूल्यमा उनले विश्वास गरेका थिए। उनी आत्मिक मूल्यहरूप्रति कृतज्ञ थिए। उनका निम्ति भएका परमेश्वरका प्रतिज्ञाहरूका बारेमा उनको सपनापछि, मानिसहरूले परमेश्वरलाई आराधना गर्न सकून् भनी उनले बेथेलमा स्मारक बेदी बनाए। परमेश्वरले आफूलाई दिनुभएका सबै थोकहरूका दशांश दिने प्रतिज्ञा पनि उनले गरे (२८:१८-२२)।

तथापि, आफ्ना खराब कामका निम्ति याकूबले दुःख भोग्नुपर्‍यो। उनकी छोरी दीनाको बेइज्जत गरियो। उनका

छोराहरू ठग र हत्यारा बने (३४)। उनकी अति प्रिय पत्नी राहेल सुत्केरी हुँदा मरिन् (३५:१६-२०)। राहेलका जेष्ठपुत्र योसेफलाई उनले गुमाए (३७:३४-३५)। आफ्नो चौथो छोरा यहूदाको बेइज्जत उनले थाहा पाए (३८) र उनको कान्छो छोरा बेन्यामिनबाट उनी अलग हुनुपऱ्यो (४३)।

**याकूबले बेथेलमा स्मारक खड़ा गरे**



फर्केर याकूबको जीवनलाई हेर्दा परमेश्वरसँग उनले युद्ध गरेको ठाउँ पनिएलमा ठूलो समस्याको सामना गर्नुपरेको थियो। याकूबले परमेश्वरसँग बेथेलमा प्रतिज्ञा गरेको बीस वर्ष भइसकेको थियो। जब परमेश्वरसँग भएको आमनेसामनेको युद्धमा याकूबको संघर्ष समाप्त भयो, परमेश्वरले याकूबको नामलाई *इस्राएल* भनी परिवर्तन गर्नुभयो, जसको अर्थ हो *परमेश्वरसँग राजकुमार।* उहाँले याकूबलाई नयाँ आशिष् दिनुभयो (३२:२४-३०)।

समस्याहरू र आपत्-विपत्हरूका बीचमा पनि याकूबले आफ्नो बाँकी जीवन परमेश्वरमा समर्पण गरेका थिए (४७:९)। परमेश्वरले याकूबलाई भविष्य हेर्ने र योसेफका छोराहरू (४८:१३-२०) र आफ्ना छोराहरू (४९)-लाई आशिष् दिने सौभाग्य प्रदान गर्नुभयो।

### तपाईंको अभ्यासको निम्ति

**३** याकूबको जीवनले हामीलाई धेरै पाठहरू सिकाउँछ। तपाईंले दिनुहुने उदाहरणको रूपमा याकूबको जीवनलाई प्रयोग गरी आफ्नै शब्दहरूमा तलका प्रश्नहरूको उत्तर दिनुहोस्। त्यसपछि हामीले दिएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्। शुरू गर्नका लागि तपाईंलाई सहायता पुऱ्याउन पहिलोचाहिँ प्रश्नको उत्तर दिइएको छ।

**क**) हामीले जे छर्छौं, सो काट्छौं पनि भन्ने कुरा के सत्य छ?

हो, सत्य छ, याकूबले अरूहरूलाई ठगे र पछि लाबानले पनि उनलाई ठगे।

**ख**) के सम्पन्नताको अर्थ हामीले गरेका कामहरूमा परमेश्वर मन्जूर हुनुहुन्छ भन्ने हुन्छ र?

..............................................................

..............................................................

**ग)** के परमेश्वरले हाम्रा शत्रुहरूलाई हामीसँगको मिलापमा ल्याउनुहुन्छ?

..............................................................................

..............................................................................

**घ)** के हामीले हाम्रा गल्ती कामहरूको फल भोग्नुपर्छ?

..............................................................................

..............................................................................

**ङ)** के परमेश्वरले हाम्रो स्वभावलाई परिवर्तन गर्न सक्नुहुन्छ?

..............................................................................

..............................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) बेठीक।
ख) ठीक।
ग) बेठीक।
घ) ठीक।

३ ख) हुँदैन। याकूब अनाज्ञाकारी हुँदाहुँदै पनि सम्पन्न भएका थिए।
ग) हो, ल्याउनुहुन्छ, एसावले याकूबलाई क्षमा दिए र दाजु-भाइहरू फेरि मित्र बने।
घ) हो, याकूबका खराब कामहरूका कारण उनी आफै र उनका छोराहरूले दुःख भोग्नुपऱ्यो।
ङ) हो, सक्नुहुन्छ, उहाँले याकूबलाई परिवर्तन गर्नुभयो र उनलाई नयाँ नाम दिनुभयो, जसको अर्थ *परमेश्वरसँग राजकुमार भन्ने हुन्छ।*

२ क) त्यस व्यक्ति सम्बन्धित बाइबलका विभिन्न भागहरूमा उल्लेखित पदहरू।
ख) त्यस व्यक्तिको जीवनको अन्तिम भाग।
ग) चरित्रमा त्यस व्यक्तिको वृद्धि।

पाठ ८

# भक्तिगत अध्ययन

भक्तिगत अध्ययन धेरै नै व्यक्तिगत हुन्छ। यसको उद्देश्य तपाईंलाई परमेश्वरको नजीक ल्याउनु हो। यसले तपाईंला गहिरो आत्मिक सत्यतासँगको सम्बन्धमा ल्याउँछ। पवि आत्मा तपाईंका अगुवा हुनुहुन्छ। तर शैतानलाई चाहिँ यो मन पर्दैन। मानिसहरू परमेश्वरको नजीक भएको ऊ देख्न चाँहदैन

तपाईंले आफ्नो जीवनमा परमेश्वरको वचनलाई प्रयोग गर्दा, शैतानले तपाईंसँग युद्ध गर्नेछ। उसले तपाईंलाई निरा तुल्याउन चाहन्छ। तपाईंले परमेश्वरलाई शङ्का गरेको देख्न उ चाहन्छ। उसले तपाईंभित्र आत्मिक युद्ध सृजना गरिदिन्छ।

आत्मिक युद्धलाई कसरी सामना गर्नुपर्छ भन्ने सम्बन्धम येशूले हामीलाई देखाउनुभएको छ। जब शैतानले येशूला उजाड़-स्थानमा परीक्षा गऱ्यो (मत्ती ४:१-११ हेर्नुहोस्), येशू त्यसको विरोध गर्नुभयो। संसारमा सबैभन्दा शक्तिशाली हतिया प्रयोग गरी येशूले त्यससँग युद्ध गर्नुभयो। येशूले पवित्र-शास्त्रला उद्धृत गर्नुभयो। परमेश्वरको वचन सत्य र जीवन भएव हुनाले शैतान भाग्नु नै पऱ्यो। एफिसी ६:१७-मा परमेश्वरव वचनलाई "आत्माले दिनुहुने तरवार" भनिएको छ। शैतानव छलकपटको विरुद्धमा खड़ा हुनका लागि यसद्वारा हामी सक्ष




हुन सक्छौं। अन्तसम्म युद्ध गरिसकेपछि पनि तपाईं खड़ा भइरहनुहुनेछ (६:११,१३)। तपाईंले परमेश्वरको वचनलाई आफ्नो हृदयमा राख्नुभयो भने, यसले तपाईंलाई शुद्ध पार्छ, निको पार्छ र विजयी तुल्याउँछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

भक्तिगत अध्ययनको मूल्य
भक्तिगत अध्ययनको निम्ति निर्देशन
भक्तिगत अध्ययनको प्रयोग

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- भक्तिगत बाइबल अध्ययनको मूल्यलाई वर्णन गर्न।
- भक्तिगत अध्ययनका निम्ति निर्देशनहरूको उल्लेख गर्न।
- भक्तिगत अध्ययनलाई तपाईंको जीवनमा कसरी प्रयोग गर्न सकिन्छ सो वर्णन गर्न।

## भक्तिगत अध्ययनको मूल्य

उद्देश्य १: *भक्तिगत अध्ययनका मूल्य सम्बन्धी ठीक बयानहरूलाई परिचित गर्नुहोस्।*

तपाईंले अहिलेसम्म यस पुस्तकमा अध्ययन गर्नुभएको तरीका (सीप)-लाई प्रयोग गरी बाइबलबाट अझ धेरै सिक्न सक्नुहुन्छ। तर परमेश्वरको वचनलाई पूरै बुझ्नका लागि चाहिँ तपाईंले बाइबललाई भक्तिसाथ अध्ययन गर्नैपर्छ। व्यक्तिगत आत्मिक कारणहरूका निम्ति वचनको ज्ञान प्राप्त गर्नु नै भक्तिगत अध्ययन हो।

*भक्ति* शब्दको अर्थ "प्रार्थनाको कार्य हो, जहाँ कोही व्यक्तिले नम्रता र तत्परतासाथ परमेश्वरबाटका कुराहरू माग्छ।" भक्तिगत अध्ययनले विद्यार्थीको पूर्ण ध्यानको माग गर्छ।

भक्ति शब्दको अर्थ "बलियो प्रेम" र "नजीकता" हो। यसको अर्थ प्रार्थनाको कार्य पनि हो जसमा एक व्यक्तिले नम्रता र उत्सुकतासाथ परमेश्वरका कुराहरूको माग गर्छ। भक्तिगत अध्ययनले विद्यार्थीको पूर्ण ध्यानको माग गर्छ।

ख्रीष्टियानको हैसियतले हाम्रो उद्देश्यचाहिँ हामी ख्रीष्टमा र ख्रीष्ट हामीमा हुनु हो। येशूले भन्नुभयोः

> तिमीहरू ममा रहन्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। पिताले जसरी मलाई प्रेम गर्नुभएको छ मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने

> तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् (यूहन्ना १५:७-११)।

भक्तिगत अध्ययनले ख्रीष्ट र विश्वासीका बीचमा एकताको सृजना गर्छ। भक्तिगत अध्ययनमा हामी पवित्र-शास्त्रको छोटो खण्डलाई पढ्छौं। हामी यसलाई बिस्तारै र धेरै पल्ट पढ्छौं। यसको अर्थको बारेमा हामी प्रार्थनासहित विचार गर्छौं। यस खण्डले मेरो हृदयमा के भन्दैछ भनी हामी आफैलाई प्रश्न गर्छौं। के यसले मेरो वर्तमान खाँचोको बारेमा बताउँछ? यसले येशू मलाई कसरी प्रकट गराउँछ?

यो प्रक्रियालाई *मनन्* भनिन्छ। योचाहिँ "ध्यान दिनु" हो। अर्थ र प्रभुको उपस्थितिले हाम्रो मनलाई *नभरुन्जेलसम्म* हामी त्यही पद वा खण्डलाई पढिरहन्छौं। यस समयमा वचन हामीभित्र पस्छ र हामीलाई खुवाउँछ।

लिखित वचनले हामीकहाँ ख्रीष्टलाई प्रकट गराउँछ। उहाँचाहिँ जीवित वचन हुनुहुन्छ। जति हामी लिखित वचनलाई जान्दछौं, त्यत्ति नै धेरै हामीले जीवित वचनलाई चिनेका हुन्छौं। ख्रीष्टलाई हामी जति धेरै चिन्छौं, हामी उहाँलाई त्यत्ति नै धेरै प्रेम र उहाँको आज्ञापालन गर्न सक्छौं।

राजा दाऊदले परमेश्वरको वचनलाई धेरै मनन् गरेका थिए। उनले भने, "मेरो मुखले बुद्धिका कुरा बोल्नेछ, मेरो मनले बोलेका कुराले समझदारी प्रदान गर्नेछ" (भजनसंग्रह ४९:३)। जब हामी ख्रीष्टमा र ख्रीष्ट हामीमा हुनुहुन्छ, हामीमा ख्रीष्टको मन हुन्छ (१ कोरिन्थी २:१५-१६)। हाम्रो मनन्ले हाम्रो मनलाई नयाँ तुल्याउँछ।

### तपाईंको अभ्यासको निम्ति

**१** भक्तिगत अध्ययनको मूल्यको बारेमा भएको प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) यसले हामीलाई परमेश्वरको नजीक ल्याउँछ।

**ख**) यसले हाम्रा आत्मिक आवश्यकताहरूलाई पूरा गर्छ।

**ग**) यसले हामीलाई ख्रीष्टको मन दिन्छ।

**घ**) यसले अरू किसिमका बाइबल अध्ययनको स्थान लिन्छ।

**२** ठीक पूर्ण वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः भक्तिगत अध्ययनमा मुख्य कुराचाहिँ यही हो कि यसले

**क**) हामीलाई वास्तविकताबाट अलग हुने अनुमति दिन्छ।

**ख**) हाम्रो मनलाई वचनले भरिदिन्छ।

**ग**) हाम्रा आफ्नै नयाँ विचारहरू ल्याइदिन्छ।

## भक्तिगत अध्ययनको निम्ति निर्देशन

उद्देश्य २ः *भक्तिगत अध्ययनको निम्ति भएका निर्देशनहरूको सूची बनाउनुहोस्।*

दाऊदले प्रार्थना गरे, "मेरा आँखा खोलिदिनुहोस् र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ" (भजनसंग्रह ११९:१८)। परमेश्वरको वचनको सन्देशलाई स्पष्ट, व्यक्तिगत र व्यावहारिक बनाउनका लागि हामीले अध्ययन गर्दा हाम्रो प्रार्थना पनि यस्तै हुनु आवश्यक छ।

> चिन्हको लागि बाँधिराख। ती तिमीहरूका निधारमा व्यवस्था-पत्री होऊन्। ती आफ्नो घरको संघार र मूल ढोकाहरूमा लेख।

परमेश्वरको वचनलाई हाम्रा हृदयहरूमा राख्नाले परमप्रभुको विरुद्धमा पाप गर्नबाट यसले हामीलाई जोगाउँछ (भजनसंग्रह ११९:११)। शैतानलाई जित्न (प्रकाश १२:११; लूका ४:४), र पवित्र जीवन जिउनका लागि यसले सहायता गर्छ (भजनसंग्रह ११९:९; यूहन्ना १५:३)। सफल हुन (यहोशू १:८), बलियो विश्वास विकास गर्न (रोमी १०:१७) र आत्मिक रूपमा 'वृद्धि (१ पत्रुस २:२) हुनका लागि यसले हामीलाई सहायता गर्छ। अरूहरूलाई साक्षी दिनका लागि यसले हामीलाई सहायता गर्छ (२ तिमोथी ३:१६)।

वचनलाई व्यक्तिगत बनाउने अर्को तरीकाचाहिँ बाइबल पदहरूलाई कण्ठ गर्नु हो। हामीले वचनलाई हामी आफैमा प्रयोग गर्नैपर्छ। हामीले वचनलाई हामीलाई अगुवाइ गर्ने बत्ती र हाम्रो मार्गको निम्ति उज्यालो बनाउनैपर्छ (भजनसंग्रह ११९:१०५ हेर्नुहोस्)। अहिले नै यस पदले मलाई के भनिरहेको छ? र यस विषयमा मैले के गरिरहेको छु? भनी हामीले आफैलाई प्रश्न गर्नुपर्छ। परमेश्वरको वचनमा हामीले कसरी काम गर्नुपर्छ भन्ने बारेमा पवित्र शास्त्रले हामीलाई सल्लाह दिएको छः

> तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ। कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरून्तै बिर्सिहाल्छ। तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ,

त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ (याकूब १:२२-२५)।

परमेश्वरको वचनलाई व्यवहारमा लगाउने धेरै तरीकाहरू त्यहाँ छन्। उहाँका *आज्ञाहरू र निषेधहरूलाई हामीले पालन गर्नैपर्छ।* उदाहरणको लागि, हामीले हाम्रो छिमेकीलाई प्रेम गर्नैपर्छ (लूका १०:२७) र ख्रीष्टमा भएको हाम्रो भाइको न्याय हामीले गर्नुहुँदैन (रोमी १४:१३)। परमेश्वरले *बनाउनुभएका प्रतिज्ञाहरूलाई हामीले दाबी गर्नैपर्छ।* ख्रीष्टसँगको संयुक्तिमा हामीलाई पूर्ण जीवन दिइएको छ भनी जान्नु मात्र हाम्रो लागि पर्याप्त हुँदैन (कलस्सी २:१०); हामीले *दाबी गर्नैपर्छ कि ख्रीष्टमा भएको स्वतन्त्रतामा हाम्रो पूर्ण जीवन* र अभ्यास संलग्न गरिएको छ (कलस्सी २:११,२०)। हामीले पाठ ७-मा पढेझैं अरूहरूका असल र खराब उदाहरणहरूबाट हामीले सिक्नैपर्छ। *परमेश्वरको सत्यताको बयानमा विश्वास गरी तीअनुसार हामी जिउनैपर्छ।* उदाहरणको लागि, बाइबलले हामीलाई सिकाउँछ कि हामी ख्रीष्टमा एउटै हौं (एफिसी २:१४-१८) र प्रेमले नै हामीलाई ख्रीष्टजस्तो बनाउँछ (एफिसी ३:१७-१९; १ कोरिन्थी १३)। यी सत्यताहरूप्रतिको हाम्रो जवाफले नै हामीले यी कुराहरूलाई हाम्रा जीवनमा प्रयोग गरेका छौं कि छैनौं भन्ने कुरा देखाउँछ।

## सन्देशलाई व्यावहारिक बनाउनु

हामीले अरूहरूलाई सुसमाचार बाँड़िको परमेश्वर चाहनुहुन्छ। यसरी, बाइबल अध्ययनको मुख्य उद्देश्य यही हो कि अरूहरूलाई परमेश्वरको सत्यता बाँड्नका लागि यसले हामीलाई सहायता गर्छ। अरूहरूलाई सिकाउनको निम्ति यसले हामीलाई ज्ञान र इच्छा प्रदान गर्छ।

शिक्षा दिने काम घरैमा शुरू हुन्छ। हामीले हाम्रा छोराछोरीहरूलाई परमेश्वरको वचन सिकाउनैपर्छ (व्यवस्था ६:७)। ज्ञान प्राप्त गर्नु र विशेष गरी आफ्नै परिवारमा केटाकेटीहरू र जवान मानिसहरूलाई सिकाउन सक्नु ठूलो आनन्दको कुरा हो।

तब, कलस्सी ३:१६-ले बताएझैं हामीले "पूरा बुद्धिमानीसाथ एक-अर्कालाई सिकाउनु र अर्ती दिनुपर्छ।" पावलले तिमोथीलाई यसो भनेका छन्ः

> "धैरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ (२ तिमोथी २:२)।

ख्रीष्टले प्रत्येक ख्रीष्टियानलाई यो काम दिनुभएको छः "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५)। यस कामको अर्को भागचाहिँ तिनीहरूलाई सिकाउनु हो (मत्ती २८:२०)। हामीले फल फलाएको ख्रीष्ट चाहनुहुन्छ। उहाँले भन्नुभयो, "मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्" (यूहन्ना १५:१६)।

येशूले भन्नुभएको कुरालाई भन्ने प्रयास हामीले गर्नैपर्छः "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो" (यूहन्ना ४:३४)। हामीले उद्धारको आनन्द पाई थपक्क बसौं भन्ने उद्देश्यले परमेश्वरले हामीलाई उद्धार गर्नुभएको होइन। हामीले उहाँको बारेमा अरूहरूलाई बताएको उहाँ चाहनुहुन्छ। भक्ति, बल र हाम्रो निम्ति आनन्दको साधनको रूपमा बाइबललाई हामीले अध्ययन गरेको परमेश्वर चाहनुहुन्छ, तर हामीले यसलाई अरूहरूसँग बाँड्दा उहाँ अति

नै प्रसन्न हुनुहुन्छ। परमेश्वरको वचनप्रति भएको हाम्रो प्रेमको कारणले नै हामी यसलाई अरूहरूसँग बाड्छौं।

**केटाकेटीहरूलाई परमेश्वरको वचन सिकाउनुहोस्ः**



बाइबल अध्ययन तपाईंका लागि जीवन बन्दा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्!

**तपाईंको अभ्यासको निम्ति**

**५** ठीक शब्द राखी प्रत्येक खाली ठाउँ भर्नुहोस्ः तपाईंको जीवनमा भक्तिगत अध्ययनलाई प्रयोग गर्ने दुइ तरीकाहरू ................................ र ................................ हुन्।

६ वचनलाई व्यक्तिगत बनाउने पाँच तरीकाहरूको सूची बनाउनुहोस्। ..........................................................
..........................................................................

७ किन हामीले सन्देशलाई व्यावहारिक बनाउन आवश्यक छ उल्लेख गर्नुहोस्।

..........................................................................

..........................................................................

जति धेरै हामी बाइबल अध्ययन गर्छौं, त्यति धेरै यो सुन्दर बन्छ। जति धेरै हामी यसको खोजी गर्छौं, त्यति धेरै यसले हाम्रा हृदयहरूलाई समात्छ। यसमा भएको हाम्रो विश्वासले असीमित आशिष्हरू ल्याउँछ। हामी यसमा जिएकाले यसले आनन्द र शान्ति थपिदिन्छ। हामीले यसलाई अरूहरूसँग बाँड्नाले फेरि यसको अनन्त शक्तिको प्रदर्शन हुन्छ।

पाठ ५-८-को विद्यार्थी प्रतिवेदन भर्नका लागि अब तपाईं तयारी हुनुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ निर्देशककहाँ पठाउनुहुँदा अर्को पाठ्यपुस्तकको बारेमा सोधिपठाउनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) ठीक
 ख) ठीक
 ग) ठीक
 घ) बेठीक

५ व्यक्तिगत, व्यावहारिक।

२ ख) हाम्रो मनलाई वचनले भरिदिन्छ।

६ यसको आज्ञापालन गर्नुहोस्, यसलाई दाबी गर्नुहोस्, यसबाट सिक्नुहोस्, यसमा विश्वास गर्नुहोस्, यसअनुसार जिउनुहोस्।

३ पढ्नुहोस्, लेख्नुहोस्, खोज्नुहोस्, मिलाउनुहोस्, मनन् गर्नुहोस्।

७ शिक्षा र प्रचारद्वारा हामीले अरूहरूसँग सुसमाचार बाँड्नैपर्छ। (यसो गर्नका लागि वचनको सन्देशलाई हामीले व्यावहारिक रूपमा व्याख्या गर्न सक्नैपर्छ।)

४ उल्लेख भएको शब्द मनन् वा मनन् गर्नु हो। ११,१५,२३,५५ र ६७ पदहरूले पनि मननलाई सम्बोधन गर्छन्।

# के तपाईं जान्न चाहनुहुन्छ. . .

- बाइबलले तपाईंको निम्ति के गर्न सक्छ?
- बाइबल कसले लेख्यो?
- बाइबललाई कसरी अध्ययन गर्नुपर्छ?
- तपाईंको भक्तिगत जीवनलाई कसरी बलियो पार्न सकिन्छ?

यदि यसो हो भने, *बाइबललाई कसरी अध्ययन गर्ने* भनिने यो पुस्तक विशेष गरी तपाईंकै निम्ति लेखिएको हो। आधारभूत बाइबल सूचनाहरू र कसरी अध्यय गर्ने भन्ने सम्बन्धका निर्देशनहरूले आफै अध्ययन गर्नक लागि तपाईंलाई सहायता गर्नेछन्। तपाईं बलियो जग-परमेश्वरको वचनमा निर्माण गर्न सक्नुहुन्छ।

यस पुस्तकले स्वयम्-अध्ययन प्रणालीलाई अपनाएकं हुनाले यसबाट सिक्नलाई सजिलो पर्छ। यसमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस् र अध्ययन गर्दैजाँद आफूलाई पनि जाँच गर्नुहोस्।

III
1

यो चिन्ह अध्ययन क्रमको निम्ति सहायक हो। ख्रीष्टियान जीवन क्रमलाई तीन खण्डमा विभाजन गरिएको छ र प्रत्येक खण्डमा ६,६-वटा पुस्तकहरू राखिएका छन् बाइबललाई कसरी अध्ययन गर्ने भनिने यो पुस्तक खण्ड ३-को पहिलो पाठ्यपुस्तक हो। यी पाठ्यपुस्तकहरूलाई क्रमबद्ध रूपमा अध्ययन गर्दा तपाईंले बढ़ी फाइदा उठाउन सक्नुहुनेछ।

मुद्रण: आर.के. प्रिन्टर्स फोन: २३०००९